# लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली विभाग, स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**

शोधार्थी
**वन्दना श्रेष्ठ**
नेपाली विभाग
भैरहवा बहुमुखी क्याम्पस
सिद्धार्थनगर, रूपन्देही
२०६९

शोधनिर्देशक
डा. घनश्याम न्यौपाने
सहप्राध्यापक

# लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली विभाग, स्नातकोत्तर तह
द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**


शोधकर्ता
**वन्दना श्रेष्ठ**
रोल नं. ५२०००२, रजि.नं. ९-२-३०३-७७-२००४
शैक्षिक सत्र २०६४/०६६
भैरहवा बहुमुखी क्याम्पस
सिद्धार्थनगर, रूपन्देही

२०६९

# शोधनिर्देशकको सिफारिसपत्र

"लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही नेपाली स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा वन्दना श्रेष्ठले मेरा निर्देशनमा तयार पार्नुभएको हो । शोधपत्र तयार गर्नमा शोधार्थीको प्रशस्त लगन र परिश्रम परेको छ । उहाँले अत्यन्त मिहिनेतपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पससमक्ष सिफारिस गर्दछु ।

...............................................

डा. घनश्याम न्यौपाने

सहप्राध्यापक

नेपाली विभाग

भैरहवा बहुमुखी क्याम्पस,

सिद्धार्थनगर, रूपन्देही ।

मितिः २०६९/०२/१६

त्रिभुवन विश्वविद्यालय

**भैरहवा बहुमुखी क्याम्पस**

नेपाली विभाग

सिद्धार्थनगर, रूपन्देही

मितिः २०६९/०२/१९

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पसकी छात्रा वन्दना श्रेष्ठले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको “लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति हस्ताक्षर

विभागीय प्रमुख

सहप्राध्यापक ................................

डा. कपिलदेव लामिछाने

शोधनिर्देशक

सहप्राध्यापक ................................

डा. घनश्याम न्यौपाने

बाह्यपरीक्षक

सहप्रध्यापक

बालकृष्ण भट्टराई ................................

# कृतज्ञता ज्ञापन

“लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” शीर्षकको प्रस्तुत शोधपत्र मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार गरिएको  हो । यो शोधपत्र मैले नेपाली विभागका मेरा आदरणीय गुरु सह-प्राध्यापक डा.घनश्याम न्यौपानेज्यूको कुशल निर्देशनमा तयार गरेकी हुँ । जुनसुकै बेला आफ्नो अमूल्य समय प्रदान गरेर यस कार्यमा मलाई निर्देशित गर्नुभएकोमा म उहाँप्रति हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । शोधशीर्षकको आवश्यक मूल्याङ्कन गरी शोत्रप्रस्ताव स्वीकृत गर्दै शोधकार्यको लागि निरन्तर रूपमा आवश्यक परामर्श दिनुहुने तत्कालीन नेपाली विभागीय प्रमुख सहप्राध्यापक मदनप्रसाद दवाडीज्यू तथा वर्तमान नेपाली विभागीय प्रमुख सहप्राध्यापक डा. कपिलदेव लामिछानेज्यूप्रति म कृतज्ञता प्रकट गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आफ्ना मूल्यवान् सल्लाह र प्रेरणा प्रदान गर्नुहुने नेपाली विभागका सबै आदरणीय गुरुहरू सहप्राध्यापक डा. दामोदर ढकालज्यू, सहप्राध्यापक डिल्लीराज भट्टराईज्यू, सहप्राध्यापक बालकृष्ण भट्टराईज्यू, साथै उपप्राध्यापक वनमालीराज शर्माज्यूप्रति म कृतज्ञ छु ।

यस शोधको लागि शोधप्रस्ताव तयार गर्दादेखि शोधकार्य सम्पन्न नहुँदासम्म अमूल्य सामग्रीहरू खोजबिन गरी सामग्री सङ्कलनमा सहयोग पुऱ्याउनु हुने आदरणीय शोधनायक श्री लक्ष्मीनाथ ज्ञवालीज्यू र उहाँको परिवारप्रति हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र लेखनका क्रममा पुस्तक प्रयोग गर्न दिई सहयोग गर्ने भैरहवा बहुमुखी क्याम्पसको पुस्तकालय परिवारप्रति पनि कृतज्ञ छु ।

मलाई यस सुन्दर धर्तीमा पाइला टेकाई मेरो अध्ययनको आरम्भदेखि वर्तमान समयसम्म कर्मक्षेत्रमा लगाई उच्च शिक्षाको लागि सधैं उत्प्रेरणा र महत्त्वपूर्ण योगदान गर्नुहुने मेरा आदरणीय बुबा श्री आनन्द नारायण श्रेष्ठ र ममतामयी आमा श्री सुधा श्रेष्ठप्रति म चिरऋणी छु । शोधपत्र लेखनमा सधैं प्रोत्साहन र हौसला दिने मेरा जीवनसाथी श्री रवि जोशीलाई पनि म धन्यवाद दिन चाहन्छु । साथै शोधपत्र लेखनका क्रममा मलाई हरसम्भव सहयोग गर्ने मेरी सहपाठी मित्र अन्जु गुरुङलाई हृदयदेखि धन्यवाद दिन  चाहन्छु ।

साथै यस शोधपत्रलाई पूर्णता दिन मलाई प्रत्यक्ष परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण हितैषी मित्र र मेरा परिवारजनप्रति म कृतज्ञ छु । शोधपत्र तयारीका क्रममा यो शोधपत्रलाई कम्प्युटर टङ्कन गरिदिनु हुने रीम कम्युनिकेसनलाई पनि धन्यवाद दिन  चाहन्छु ।

अन्तमा शोधकार्यको मूल्याङ्कनका लागि भैरहवा बहुमुखी क्याम्पस नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

......................

वन्दना श्रेष्ठ

मिति : २०६९/०२/०५

भैरहवा बहुमुखी क्याम्पस,

भैरहवा, रूपन्देही

# विषयसूची

| | |
|---|---|
| शोधनिर्देशकको सिफारिसपत्र | |
| स्वीकृतिपत्र | |
| कृतज्ञता-ज्ञापन | क-ख |
| विषयसूची | ग-ज |
| सङ्क्षेपीकृत शब्दहरू | झ |

**परिच्छेद एक**

**शोधपत्रको परिचय** **१-५**

| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधपत्रको प्रयोजन | १ |
| १.३ | शोधपत्रको परिचय | १ |
| १.४ | समस्या कथन | २ |
| १.५ | शोधपत्रको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७. | शोधपत्रको औचित्य र महत्त्व | ४ |
| १.८ | शोधकार्यको सीमा | ५ |
| १.९ | सामग्री सङ्कलन विधि | ५ |
| १.१० | शोधविधि | ५ |
| १.११ | शोधपत्रको रूपरेखा | ५ |

**परिच्छेद दुई**

**लक्ष्मीनाथ ज्ञवालीको जीवनी** **६-१८**

| | | |
|---|---|---|
| २.१ | पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि | ६ |
| २.२ | जन्म, जन्मस्थान र नामकरण | ६ |
| २.३ | बाल्यकाल | ७ |
| २.४ | शिक्षादीक्षा | ८ |
| २.५ | बाल्यकालीन नाम र साहित्यिक उपनाम | ९ |

२.६ व्रतबन्ध, विवाह र परिवार ९
२.७ हालको बसोबास १०
२.८ पेसा १०
२.९ आर्थिक अवस्था ११
२.१० स्वभाव र रुचि १२
२.११ साहित्यिक प्रेरणा र साहित्यमा प्रवेश १२
२.१२ प्रकाशित साहित्यिक कृतिहरू १३
२.१३ सम्मान र पुरस्कार १३
२.१४ दिनचर्या १४
२.१५ स्वास्थ्य १४
२.१६ भ्रमण १५
२.१७ सङ्घ संस्थासँग आबद्धता १५
२.१७.१ सामाजिक सङ्घसंस्थासँग आवद्धता १५
२.१७.२ पत्रपत्रिकासँग आवद्धता १६
२.१८ ईश्वरप्रतिको दृष्टिकोण १६
२.१९ जीवनप्रतिको धारणा १७
२.२० निष्कर्ष १७

## परिच्छेद तीन

**लक्ष्मीनाथ ज्ञवालीको व्यक्तित्व १९–२५**
३.१ विषयप्रवेश १९
३.२ शारीरिक व्यक्तित्व १९
३.२.१ आन्तरिक व्यक्तित्व १९
३.२.२ बाह्य व्यक्तित्व २०
३.३ अध्यापक व्यक्तित्व २०
३.४ सामाजिक व्यक्तित्व २०
३.५ राजनीतिक व्यक्तित्व २१
३.६ कवि व्यक्तित्व २१
३.७ कथाकार व्यक्तित्व २२
३.८ लेखक व्यक्तित्व २२
३.९ समीक्षक व्यक्तित्व २३

३.१० गीतकार व्यक्तित्व २४
३.११ सम्पादक र पत्रकार व्यक्तित्व २४
३.१२ निष्कर्ष २५

## परिच्छेद चार

**लक्ष्मीनाथ ज्ञवालीको कृतित्व** **२६ -९२**
४.१ विषय प्रवेश २६
४.२ कविताको सैद्धान्तिक परिचय २६
४.२.१ कविताको परिभाषा २७
४.२.२ कविताका तत्त्वहरू २८
(क) शीर्षक २८
(ख) संरचना २८
(ग) विषयवस्तु २९
(घ) भावविधान २९
(ङ) लय २९
(च) कथनपद्धति २९
(छ) अलङ्करण र बिम्बविधान ३०
(ज) व्यञ्जना विधान ३०
(झ) भाषाशैली ३०
(ञ) उद्देश्य ३१
४.२.३ कविताका प्रकार ३१
(क) मुक्तक (लघुत्तम रूप) ३१
(ख) फुटकर कविता (लघुरूप) ३१
(ग) खण्डकाव्य (मझौला रूप) ३२
(घ) ललित महाकाव्य (बृहत् रूप) ३२
(ङ) आर्ष महाकाव्य (बृहत्तम रूप) ३२
४.३ निष्कर्ष ३३
४.४ **समय आफैं बोल्छ** कवितासङग्रहभित्रका कविताहरूको अध्ययन ३३
४.४.१ 'सुस्केरा' कविताको मूलभाव ३३
४.४.२ 'भारतीय मित्रसँग' कविताको मूलभाव ३४

४.४.३ ‘कर्तव्यको सुपथमा डटिराख सारा’ कविताको मूलभाव ३४
४.४.४ ‘दसैं’ कविताको मूलभाव ३५
४.४.५ ‘बादलसँग’ कविताको मूलभाव ३६
४.४.६ ‘माधव घिमिरेप्रति’ कविताको मूलभाव ३७
४.४.७ ‘सहिद’ कविताको मूलभाव ३७
४.४.८ ‘शान्तिक्षेत्र नेपाल’ कविताको मूलभाव ३८
४.४.९ ‘देवकोटाप्रति’ कविताको मूलभाव ३९
४.४.१० ‘श्रमिक’ कविताको मूलभाव ४०
४.४.११ ‘घाँसी’ कविताको मूलभाव ४१
४.४.१२ ‘जन्मेको हुन्छ नेपाली भिजेर आफ्नै माटोमा’ कविताको मूलभाव ४१
४.४.१३ ‘तिहार २०४६’ कविताको मूलभाव ४२
४.४.१४ ‘प्रजातन्त्र’ कविताको मूलभाव ४३
४.४.१५ ‘जनताको बोली’ कविताको मूलभाव ४४
४.४.१६ ‘जनता हुँ’ कविताको मूलभाव ४५
४.४.१७ ‘शिक्षकसँग’ कविताको मूलभाव ४६
४.४.१८ ‘आमा छोरा सम्वाद’ कविताको मूलभाव ४७
४.४.१९ ‘नववर्ष’ कविताको मूलभाव ४९
४.४.२० निष्कर्ष ५०
४.५ **लोकतन्त्र कविता-१** कवितासङग्रहभित्र रहेका लक्ष्मीनाथ ज्ञवालीका कविताहरूको अध्ययन ५०
४.५.१ ‘लोकतन्त्र’ कविताको मूलभाव ५१
४.५.२ ‘देशको माग’ कविताको मूलभाव ५२
४.५.३ ‘लोकतन्त्र जिन्दाबाद’ कविताको मूलभाव ५३
४.५.४ ‘छुट्टी’ कविताको मूलभाव ५४
४.५.५ ‘संस्कार’ कविताको मूलभाव ५५
४.५.६ ‘ज्यूँदो लासमाथिको खेल’ कविताको मूलभाव ५५
४.५.७ ‘बूढो रुख’ कविताको मूलभाव ५६
४.५.८ ‘लाज’ कविताको मूलभाव ५७
४.५.९ ‘सदनलाई खबरदारी’ कविताको मूलभाव ५८
४.५.१० निष्कर्ष ५९

४.६ **चील** कवितासङ्ग्रह भित्रका कविताहरूको अध्ययन ५९
४.६.१ 'कागती' कविताको मूलभाव ६०
४.६.२ 'जून' कविताको मूलभाव ६१
४.६.३ 'हावा' कविताको मूलभाव ६२
४.६.४ 'चील' कविताको मूलभाव ६२
४.६.५ 'खुर्सानी' कविताको मूलभाव ६३
४.६.६ 'फूल' कविताको मूलभाव ६४
४.६.७ 'सहिदको आवाज' कविताको मूलभाव ६५
४.६.८ 'सडक' कविताको मूलभाव ६६
४.६.९ 'माटो' कविताको मूलभाव ६७
४.६.१० 'मेरो गाउँ' कविताको मूलभाव ६७
४.६.११ 'मेरो प्रश्न देशको उत्तर' कविताको मूलभाव ६८
४.६.१२ 'आगो ' कविताको मूलभाव ६९
४.६.१३ 'मधेशी मित्रसँग' कविताको मूलभाव ७०
४.६.१४ 'नदी' कविताको मूलभाव ७१
४.६.१५ 'मत' कविताको मूलभाव ७१
४.६.१६ 'रीस' कविताको मूलभाव ७२
४.६.१७ 'वैशाख' कविताको मूलभाव ७३
४.६.१८ 'नेपाल नौलो हुने' कविताको मूलभाव ७३
४.६.१९ 'राष्ट्रवादी' कविताको मूलभाव ७४
४.६.२० 'कस्तो गणतन्त्र' कविताको मूलभाव ७५
४.६.२१ 'सिद्धार्थ साहित्य परिषद्प्रति' कविताको मूलभाव ७६
४.६.२२ 'दृष्टान्त' कविताको मूलभाव ७७
४.६.२३ 'गैरीखेत' कविताको मूलभाव ७७
४.६.२४ 'आकाश' कविताको मूलभाव ७८
४.६.२५ 'गर्भमा रहेको शिशु' कविताको मूलभाव ७९
४.६.२६ 'भ्रष्टाचारी' कविताको मूलभाव ७९
४.६.२७ 'सामन्त' कविताको मूलभाव ८०
४.६.२८ 'जनतन्त्र' कविताको मूलभाव ८१
४.६.२९ 'मानव अधिकार' कविताको मूलभाव ८१
४.६.३० 'शक्ति' कविताको मूलभाव ८२

४.६.३१ 'काठमाडौँ र मोफसल' कविताको मूलभाव ८३
४.६.३२ 'भूपेन्द्र' कविताको मूलभाव ८४
४.६.३३ 'परिवेश' कविताको मूलभाव ८४
४.६.३४ 'गोविन्द भण्डारी' कविताको मूलभाव ८५
४.६.३५ 'जे देखेँ' कविताको मूलभाव ८५
४.६.३६ 'कलम' कविताको मूलभाव ८६
४.६.३७ 'षड्यन्त्र' कविताको मूलभाव ८७
४.६.३८ 'देशले के मागेको छ' कविताको मूलभाव ८७
४.६.३९ 'घातानन्द' कविताको मूलभाव ८८
४.६.४० 'राष्ट्रियगान' गीतको मूलभाव ८९
४.६.४१ 'राष्ट्रियगीत' गीतको मूलभाव ८९
४.६.४२ 'तिमी खाउ वा नखाउ हिमाल हरी रमाऊ' गीतको मूलभाव ९०
४.६.४३ 'रुख विरुवा रोप भो' गीतको मूलभाव ९०
४.६.४४ 'गजल' गजलको मूलभाव ९१
४.६.४५ निष्कर्ष ९१

**परिच्छेद पाँच**
**शोध निष्कर्ष ९३-१०२**

५.१ सारसङ्क्षेप ९३
५.२ शोधनिष्कर्ष ९३
५.३ सम्भावित शोधशीर्षकहरू ९७

परिशिष्ट ९८
(क) लक्ष्मीनाथ ज्ञवालीसँगको अर्न्तवार्ता प्रश्नावली ९८
(ख) विभिन्न व्यक्तिसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ता स्रोत विवरण ९९

सन्दर्भसूची १००-१०२

# सङ्क्षेपीकृत शब्दहरू

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| अ.हे.व. | असिस्टेन्ट हेल्थ वर्कर |
| आइ.एस्सी. | इन्टर मिडियट अफ साइन्स |
| आइ.ए. | इन्टर अफ आर्ट्स |
| एम.ए. | मास्टर अफ आर्ट्स |
| ए.मा.ले. | एकीकृत मार्क्सवादी लेलिनवादी |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| ऐ. | ऐच्छिक |
| गा.वि.स. | गाउँ विकास समिति |
| गै.स.स. | गैर सरकारी संस्था |
| टि.भी. | टेलिभिजन |
| डा. | डाक्टर |
| त्रि.वि.बि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.क.पा. | नेपाल कम्युनिस्ट पार्टी |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बि.ए. | ब्याचलर अफ आर्ट्स |
| माले | मार्क्सवादी लेलिनवादी |
| मा.वि. | माध्यमिक विद्यालय |
| बि.बि.एस. | ब्याच्लर अफ बिजनेस स्टडिज |
| सम्पा. | सम्पादक |
| सिसाप | सिद्धार्थ साहित्य परिषद् |

# परिच्छेद एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक "लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ शोध परिचय

लक्ष्मीनाथ ज्ञवालीको जन्म २०१५ साल चैत्रमा गुल्मी जिल्लाको थानपति गा.वि.स. वडा नं. ५ थोर्गामा पिता यदुनाथ ज्ञवाली र माता बाबा ज्ञवालीका सातौं सन्तानका रूपमा भएको हो । यिनी साहित्यिक फाँटमा 'सुमेरु' उपनामले चिनिएका छन् । ज्ञवालीले समाजशास्त्रमा एम.ए.सम्मको अध्ययन गरेका छन् ।

विशेषगरी पद्य साहित्यमा कलम चलाउने ज्ञवालीको प्रथम प्रकाशित कविता 'नजाउ विदेश' **दियालो** पत्रिकामा २०२८ सालमा प्रकाशित भएको थियो । ज्ञवालीका प्रकाशित पुस्तकाकार कृतिहरू **समय आफै बोल्छ** (कवितासङ्ग्रह) **लोकतन्त्रका कविताहरू** (संयुक्त कवितासङ्ग्रह), **चील** (कवितासङ्ग्रह) **गणतन्त्रका लागि समकालीन लेखहरूको संगालो** ( लेखसङ्ग्रह) हुन् । पुस्तकाकार कृतिहरू बाहेक यिनका विभिन्न पत्रपत्रिकामा फुटकर कविता, लेख, समीक्षाहरू प्रकाशित भएका छन् ।

साहित्यको श्रीवृद्धिमा निरन्तर लागिरहेका लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको विविध पक्षको अध्ययन यस शोधकार्यमा गरिएको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधकार्य साहित्यकार लक्ष्मीनाथ ज्ञवाली 'सुमेरु' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा केन्द्रित रहेको छ । ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वगत समस्यामा केन्द्रित रहेर नै यो शोधपत्र तयार पारिएको छ । यस क्रममा प्रस्तुत बुँदाहरू निम्नानुसार रहेका छन् ।

(क) लक्ष्मीनाथ ज्ञवालीको जीवनी कस्तो छ ?

(ख) लक्ष्मीनाथ ज्ञवालीको व्यक्तित्वका पक्षहरू के कस्ता छन् ?

(ग) लक्ष्मीनाथ ज्ञवालीको के कस्ता कृतिहरू प्रकाशित छन् ?

(घ) लक्ष्मीनाथ ज्ञवालीले नेपाली साहित्यमा गरेको योगदान के कस्तो रहेको छ ?

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत समस्याकथन शीर्षकमा उल्लेख गरिएका समस्याहरूमा केन्द्रित भएर उक्त समस्याहरूको नवीकरण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यको मुख्यतया निम्न अनुसारको उद्देश्य रहेका छन् ।

(क) लक्ष्मीनाथ ज्ञवालीको जीवनी प्रस्तुत गर्नु,

(ख) लक्ष्मीनाथ ज्ञवालीको व्यक्तित्वका विविध पक्षको चर्चा गर्नु,

(ग) लक्ष्मीनाथ ज्ञवालीको कृतिहरूको अध्ययन विश्लेषण गर्नु,

(घ) लक्ष्मीनाथ ज्ञवालीले नेपाली साहित्यमा गरेको योगदानको निरूपण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर लागेका लक्ष्मीनाथ ज्ञवालीको जीवनी तथा व्यक्तित्व र उनका कृतिहरूको विस्तृत अध्ययन भएको पाइँदैन तापनि उनका प्रकाशित कृति र स्वयम् उनको बारेमा सामान्य समीक्षा केही पत्रपत्रिकामा भएको पाइन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ -

मुरारिप्रसाद पराजुलीले **सुस्केरा** द्वैमासिक (वर्ष १८, पूर्णाङ्क ४८, २०४४ वैशाख-जेठ) मा लेखेका 'रूपन्देही जिल्लाको साहित्यिक गतिविधि' लेखमा रूपन्देही जिल्लाका फुटकर कविहरूमा लक्ष्मीनाथ ज्ञवालीको नाम उल्लेख गरेका छन् ।

कपिल लामिछानेले **क्षितिज** (रजतजयन्ती विशेषाङ्क, स्मारिका, २०५०) मा तीतामीठा क्षणहरू शीर्षकको लेखमा "लक्ष्मीनाथ ज्ञवालीले  अहिले **जनता साप्ताहिक** चलाइरहेका छन्" भनेर उल्लेख गरेका छन् ।

कपिल लामिछानेले **समय आफै बोल्छ** (२०६०) कवितासङ्ग्रहको भूमिकामा लक्ष्मीनाथ ज्ञवालीलाई अनुष्टुप छन्दमा कविता लेख्ने र कवितामा विषयगत विविधता भएको कविका रूपमा चिनाएका छन् ।

मुरारिप्रसाद पराजुलीले **बुटवल टुडे** पत्रिका (पृ. ३, २०६२ कार्तिक २५ शनिबार) मा निरङ्कुशता विरुद्धको अर्को काव्यात्मक प्रहार **लोकतन्त्रका कविता-१** शीर्षकको समीक्षामा "मुक्तगद्य लयमा लेखिएको सुमेरुका सम्पूर्ण कविताभित्र महान् क्रान्तिको चाहना धनीभूत रूपमा आएको छ" भनेका छन् ।

मुरारिप्रसाद पराजुलीले **बुटवल टुडे** पत्रिका (पृ. ३ २०६४ माघ २२ मंगलवार) मा तुलनात्मक अनुभूतिमा भैरहवा बुटवलका साहित्यिक अनुष्ठान शीर्षकको लेखनमा सृजनशील साहित्य समाजको साहित्यकारहरूमा लक्ष्मीनाथ ज्ञवालीको नाम पनि उल्लेख गरेका छन् ।

देवीप्रसाद न्यौपानेले एम.ए. नेपाली तहको दसौँ पत्रको शोधपत्र तयार पार्दा रूपन्देही जिल्लाको साहित्यिक विकासमा सिद्धार्थ साहित्य परिषद्को योगदान शीर्षकको शोधमा (पृ. ८५, ४-९-३३, २०६४) लक्ष्मीनाथ ज्ञवालीको बारेमा सामान्य जानकारी दिँदै साहित्यप्रतिको ज्ञवालीको दृष्टिकोण यसरी राखेका छन् । "सामाजिक भौतिक जीवनको कलात्मक प्रतिविम्बन साहित्य हो र यो प्रगतिवादतर्फ उन्मुख हुन्छ" ।

डिल्लीराज भट्टराईले **सोपान** (पृ.३३, अङ्क-३, २०६४ कार्तिक) मा ७६औं सिद्धार्थ सङ्गम र समकालीन लेखहरूको सँगालो : सङ्क्षिप्त विवेचना शीर्षकको लेखमा कविको परिचय दिँदै

**गणतन्त्रका लागि समकालीन लेखहरूको सङ्गालो**को आफ्नै भूमिका र महत्त्व छ भन्ने कुरामा दुईमत हुन सक्दैन" भनेका छन् ।

रामचन्द्र भट्टराईले **चील** (२०६५) कवितासङ्ग्रहको भूमिका चीलबारे केही कुरामा "लक्ष्मीनाथ ज्ञवाली शास्त्रीय श्लोकमा कटुमय सामाजिक कुरीति र असमानताप्रति व्यङ्ग्य प्रहार गर्दै मधुमय कविता-गीत-गजल गुन्गुनाउने अग्रगामी विचारका कवि हुन्" भनेका छन् ।

खगेन्द्र गिरीले **वाटिका** (पृ.७९, वर्ष-६, अङ्क-७, २०६५) मा "पोखराथोकको पुष्पवाटिका शब्दका बाछिटा शीर्षकको समीक्षामा" लक्ष्मीनाथ ज्ञवालीले "प्रगतिशील साहित्यको वर्तमान दिशा र गोरेटो (पृ.१०५) मा मार्क्सवादी चिन्तनको विस्तृत व्याख्या गरिएको भए पनि साहित्यिक दृष्टिकोणले यसमा अल्पदृष्टि छ । लेख्नुपर्ने कुरामा वा विषयमा गहिरो चिन्तन झल्किन सकेको छैन" भनी उल्लेख गरेका छन् ।

कुसुम भट्टराइले **जनदिशा साप्ताहिक** (पृ.५, वर्ष-८, अङ्क-३१, २०६५ कार्तिक २३ गते शनिवार)मा विसङ्गतिविरुद्ध सुमेरुको साहित्यिक क्षेप्यास्त्र शीर्षकको लेखमा "शास्त्रीय श्लोकमा रचिएका सुमेरुका कविताहरू रचनाशिल्पीका दृष्टिले उचकोटिका छन् । प्रायः सबै अनुष्टुप छन्दका कविता भएकाले पाठकलाई कविता पढेको अनूभूति भित्रदेखि हुन्छ" भनेर लेखेका छन् ।

साहित्यकार ज्ञवालीका बारेमा चर्चा परिचर्चा गर्ने कार्य भए पनि यो सामान्य रूपमा सीमित छ । विभिन्न पत्रपत्रिका तथा भूमिकामा समेटिएका समीक्षाहरू सुमेरुको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका लागि अपूर्ण भएतापनि प्रस्तुत शोधकार्य पूरा गर्न निश्चय नै यसले सहयोग गरेको छ ।

### १.७ शोधपत्रको औचित्य र महत्त्व

नेपाली साहित्यको श्रीवृद्धिमा लक्ष्मीनाथ ज्ञवाली निरन्तर लागि रहेका छन् । त्यसैले नेपाली साहित्यको विकासमा लक्ष्मीनाथ ज्ञवालीले पुऱ्याएको योगदानको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने क्रममा प्रस्तुत शोधपत्र महत्त्वपूर्ण हुने र पछि आउने पुस्तालाई यिनका बारेमा जान्न र साहित्यमा यिनले पुऱ्याएको योगदानको अध्ययन गर्न सहयोग पुग्नेछ साथै नेपाली साहित्यको भण्डार भर्न लागिपरेका साहित्यिक स्रष्टाको उचित सम्मान हुनेछ ।

### १.८ शोधकार्यको सीमा

लक्ष्मीनाथ ज्ञवाली मूलतः कवि हुन् । यिनको कलम लेख, समीक्षा र कथामा पनि चल्ने गरेको छ तर विशेषतः उनको कलम कविता विधामा चल्ने गरेको देखिन्छ । त्यसैले प्रस्तुत शोधपत्र उनको निम्नलिखित कृतिहरूमा केन्द्रित रहेको छ ।

(क) **समय आफै बोल्छ** (कवितासङ्ग्रह २०६०)

(ख) **लोकतन्त्रका कविता-१** (संयुक्त कवितासङ्ग्रह २०६३)

(ग) **चील** (कवितासङ्ग्रह, २०६५)

### १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा शोधनायक र उनीसँग सम्बन्धित व्यक्तिहरू परिवारका सदस्य सहकर्मीसँग भेटघाट गरी अर्न्तवार्ता विधिद्वारा सामग्री सङ्कलन गरिएको छ साथै ज्ञवालीका बारेमा विभिन्न पत्रपत्रिकामा गरिएका समीक्षाहरू पनि सहायक सामग्रीका रूपमा रहेका छन् ।

### १.१० शोधविधि

प्रस्तुत शोधकार्यलाई व्यवस्थित गर्नका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिबाट अध्ययन गरिएको छ ।

### १.११ शोधपत्रको रूपरेखा

साहित्यकार लक्ष्मीनाथ ज्ञवालीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्र र कृतित्वको अध्ययन शीर्षकको शोधपत्र सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि शोधपत्रलाई परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ । शोधपत्रको रूपरेखा निम्नानुसार विभिन्न भागमा विभाजित छ :

परिच्छेद एक - शोधपत्रको परिचय

परिच्छेद दुई - लक्ष्मीनाथ ज्ञवालीको जीवनी

परिच्छेद तीन - लक्ष्मीनाथ ज्ञवालीको व्यक्तित्व

परिच्छेद चार - लक्ष्मीनाथ ज्ञवालीका काव्य कृतिहरूको अध्ययन

परिच्छेद पाँच - शोध निष्कर्ष

परिशिष्ट

सन्दर्भसूची

# परिच्छेद दुई
# लक्ष्मीनाथ ꣱वालीको जीवनी

## २.१ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि

माण्डव्य गोत्रीय लक्ष्मीनाथ ज्ञवालीका पूर्वज पहिलेदेखि नै गुल्मी जिल्लाको थोर्गामा बसोबास गर्दथे वा अन्तबाट बसाईसराई गरी आएका हुन् । भन्ने बारेमा स्पष्ट जानकारी यिनका अग्रजलाई छैन तर लक्ष्मीनाथ ज्ञवालीका पिता यदुनाथ ज्ञवालीलाई स्मरण रहँदासम्म यिनीहरू थोर्गामा नै बसोबास गर्दै आएका थिए । लक्ष्मीनाथ ज्ञवालीका हजुरबुवा सुकदेव ज्ञवाली र हजुरआमा गंगादेवी ज्ञवालीका पाँच सन्तान हुन् । जसमध्ये दुई छोराहरूमा जेठा छोरा हरिप्रसाद ज्ञवालीको मृत्यु भइसकेको छ । तीन छोरीहरूको पनि निधन भइसकेको छ । लक्ष्मीनाथ ज्ञवालीका पिता यदुनाथ ज्ञवाली आफ्ना मातापिताका कान्छा छोरा हुन् ।[१]

यदुनाथ ज्ञवाली र बाबा ज्ञवालीका जम्मा नौ सन्तानमध्ये दुई छोरीको सानै उमेरमा मृत्यु भएकाले सात सन्तानहरू जीवित रहेका मध्ये छोराहरू छ जना र छोरी एउटी मात्र हुन् । लक्ष्मीनाथ ज्ञवालीका दाजु र यदुनाथ ज्ञवालीका साहिँला छोराको मृत्यु २०६५ साल श्रावण २३ गते भएको हो । अरू पाँच छोराहरू जेठा फणिन्द्रनाथ ज्ञवाली, माहिला कमलनाथ ज्ञवाली, काहिँला तोयनाथ ज्ञवाली आफ्ना परिवारका साथ स्वतन्त्र रूपमा बसोबास गर्दै आएका छन् । एउटी छोरी नारायणी ज्ञवालीको पनि बिहे भईसकेको छ । उनी आफ्ना परिवारका साथ नेपालगञ्जमा बस्दै आएकी छिन् । यदुनाथ ज्ञवाली र बाबा ज्ञवाली कान्छा छोरा ओमकारनाथ ज्ञवालीका साथ चन्द्रमार्ग शङ्करनगरमा बस्दै आएका छन् र सबैको जीवन सुखमय रहेको देखिन्छ ।[२]

## २.२ जन्म, जन्मस्थान र नामकरण

लक्ष्मीनाथ ज्ञवालीको जन्म २०१५ साल चैत २८ गते विहीवारका दिन लुम्बिनी अञ्चल गुल्मी जिल्ला थानपति गा.वि.स. वार्ड नं. ५ थोर्गामा भएको हो । यिनी आफ्ना पिता यदुनाथ

---
[१] शोधनायकका पिताबाट प्राप्त जानकारी ।
[२] ऐजन ।

ज्ञवाली र माता बाबा ज्ञवालीका सन्तानमा पनि पाँचौँ र छोराहरूमा पनि पाँचौँ अर्थात राहिँला छोरा हुन् ।[३]

हिन्दु संस्कार अनुसार शिशु जन्मेको एघारौ दिनमा न्वारान गर्ने चलन भए अनुरूप नै यिनको नाम पनि जन्मेको ११औँ दिनमा पण्डित बाजेले दिए अनुसार लक्ष्मीनाथ ज्ञवाली रहेको हो । लक्ष्मीनाथ ज्ञवालीको राशि मेष हो । यिनी भरणि नक्षत्रमा जन्मेका हुन ।[४] आफ्ना आफन्तहरूमा र परिवारमा प्रिय रहेका ज्ञवाली आफ्ना कान्छा भाइको जन्म नहुँदासम्म कान्छा छोराका रूपमा रहेकाले र सबैको प्यारो भएकाले यिनको बाल्यकालको नाम शिरोमणि रहेको थियो । जुन नाम यिनलाई यिनका पिताले दिएका हुन् ।[५] गाउँघरमा आफ्ना मित्रहरू र स्वजनका माझ यिनी लक्ष्मीनाथ ज्ञवाली नभई शिरोमणीका नामले चिनिन्थे र आज पनि यिनका परिवारका सदस्यहरू, मातापिता र बालसखाहरू यिनलाई शिरोमणि भनेर बोलाउँछन् ।[६]

## २.३ बाल्यकाल

लक्ष्मीनाथ ज्ञवालीको बाल्यकाल यिनको जन्मथलो थोर्गामा नै बितेको पाइन्छ । साथै बाल्यकालको केही समय रिडीमा पनि बितेको पाइन्छ । पारिवारिक अवस्था राम्रै रहेकाले यिनको बाल्यकाल सुखपूर्वक नै बितेको पाइन्छ । लक्ष्मीनाथ ज्ञवालीका पिता यदुनाथ ज्ञवाली पेसाले शिक्षक भएकाले र शिक्षाप्रेमी व्यक्ति भएकाले यिनी आफ्ना सन्तानलाई पढाइमा अगाडि बढेको देख्न चाहन्थे र खालि समयमा पनि आफ्ना सन्तानलाई पढ्न प्रेरित गरिरहन्थे ।[७] त्यसैले लक्ष्मीनाथ ज्ञवालीको बाल्यकालको धेरै समय पढाइमा बिते पनि बालसुलभ स्वभावले गर्दा यिनी रिडीमा रहँदा कहिलेकाहीँ स्कुलबाट भागेर खोलामा पौडी खेल्न जाने गर्दथे । यस कारणले छोराको पढाइमा असर पर्ला भनेर यदुनाथ ज्ञवालीले यिनलाई काठमाडौँ आफ्ना ठूला दाजु फणीन्द्रनाथ ज्ञवाली भएका ठाउँमा पढ्न पठाइदिएका थिए ।[८] पढाइमा मध्यम स्तरका छात्र लक्ष्मीनाथ ज्ञवाली पढाइ बाहेक अतिरिक्त क्रियाकलापमा पनि भाग लिन्थे । अतिरिक्त क्रियाकलापमध्ये पनि कविता प्रतियोगितामा विशेष रुचिसाथ भाग लिन्थे ।[९]

[३] लक्ष्मीनाथ ज्ञवालीबाट प्राप्त जानकारी अनुसार ।
[४] लक्ष्मीनाथ ज्ञवालीको जन्मपत्रिका अनुसार ।
[५] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।
[६] ऐजन ।
[७] ऐजन ।
[८] यदुनाथ ज्ञवालीबाट प्राप्त जानकारी अनुसार ।
[९] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।

## २.४ शिक्षादीक्षा

लक्ष्मीनाथ ज्ञवालीका पिता यदुनाथ ज्ञवाली शिक्षा प्रेमी र पढ्नुपर्छ भन्ने विचारका व्यक्ति भएकाले र स्वयम् आफू पनि शिक्षक भएकाले आफ्ना सन्तानलाई पढाइमा प्रेरित गरिरहन्थे । यदुनाथ ज्ञवालीले बनारसबाट मेट्रिकुलेसन गरेका हुन् । लक्ष्मीनाथ ज्ञवालीका माता बाबा ज्ञवाली पनि साक्षर हुनुहुन्छ । लक्ष्मीनाथ ज्ञवालीको प्रारम्भिक शिक्षा कक्षा १ सम्म थोर्गाकै सरस्वती प्राइमरी स्कुलमा भएको हो । कक्षा २,३,४ को शिक्षा रुरु गा.वि.स रिडीको अनिवार्य निशुल्क प्राथमिक विद्यालय भगवती स्थानमा भएको हो । कक्षा ५ देखि ८ सम्मको पढाइ नेपाल राष्ट्रिय मिडिल स्कुल थोर्गाकोटमा भएको हो । यस पछि कक्षा ९ र १० को पढाइ काठमाडौँको नेपाल युवक माध्यमिक विद्यालय पकनाजोलबाट सम्पन्न भएको हो ।[१०] लक्ष्मीनाथ ज्ञवालीले २०३२ सालमा एस.एल.सी. तृतीय श्रेणीमा पास गरेका हुन् । त्यसपछि आफ्नो इच्छा नहुँदा नहुँदै पनि दाजुको करकापमा यिनले आइ. एस. सी को अध्ययन गरे तर करिब छ महिना जति मात्र पढेपछि यिनले आफ्नो पढाइ बीचैमा छोडी थोर्गा फर्किए । यसपछि यिनले जागिर र पढाइलाई सँगै लैजाँदै अर्थशास्त्र विषय लिएर प्राइभेट विद्यार्थीको रूपमा त्रि.वि.बाट २०५८ सालमा तृतीय श्रेणीमा प्रमाणपत्र तह उत्तीर्ण गरे । त्यसपछि जागिरकै क्रममा भैरहवामा रहँदा भैरहवा बहुमुखी क्याम्पसबाट नियमित छात्रको रूपमा अर्थशास्त्र र नेपाली मुख्य विषय छनौट गरी २०४२ सालमा द्वितीय श्रेणीमा स्नातक तह उत्तीर्ण गरे । त्यसपछि नेपाली विषयमा स्नातरकोत्तर गर्ने इच्छा भएर उनी त्रि.वि.मा भर्ना भए तर राजनैतिक परिवेश र अन्य कारणले आफ्नो पढाइ पुरा गर्न सकेनन् । धेरै समयको अन्तरालपछि त्रि.वि.बाट समाजशास्त्रमा २०५९ सालमा तृतीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरे ।[११] स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा नै यिनको शैक्षिक योग्यता रहेको देखिन्छ ।

## २.५ बाल्यकालीन नाम र साहित्यिक उपनाम

न्वारानको बेला पण्डितले लक्ष्मीनाथ ज्ञवाली भनेर नाम राखे पनि बाल्यकालमा यिनको नाम शिरोमणि थियो । परिवारमा सबैभन्दा प्यारा भएकाले यिनका पिता यदुनाथ ज्ञवालीले यिनको नाम शिरोमणि राखिदिएका थिए । अझै पनि आफ्ना स्वजन र मित्रहरूका बीच यिनी शिरोमणि नामले परिचित छन् ।[१२]

---

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।

त्यस्तै साहित्यिक नाम 'सुमेरु' कसरी रह्यो भन्ने सन्र्दभमा लक्ष्मीनाथ ज्ञवाली पाल्पामा जागिर गर्दथे । त्यस बेला उनको 'सावधान' (कविता) **विचार साप्ताहिक** भन्ने पत्रिकामा छापिएको थियो । लक्ष्मीनाथ ज्ञवालीका मित्र भीमबहादुर क्षेत्री र गोविन्द शर्मा धिमिरे (जो मित्र भीमबहादुर क्षेत्री र गोविन्द शर्मा धिमिरे लेखक थिए) ले सावधान कविता पढेपछि लक्ष्मीनाथ ज्ञवालीसँग कविता राम्रो लाग्यो बरु हामी मिलेर पत्रिका निकालौँ भन्ने प्रस्ताव राखे । पत्रिका निकाल्ने निर्णय भएपछि आफ्ना दुबै मित्रको उपनाम रहेकाले आफ्नो पनि कुनै उपनाम वा साहित्यिक नाम राख्नुपर्छ भनेर सोच्दै लक्ष्मीनाथ ज्ञवाली 'सुमेरु' उपनाम वा साहित्यिक नाम रोजे र राखे ।[१३]

साहित्यिक उपनाम 'सुमेरु' नै किन रोजे र राखे त भन्दा यसका दुई कारणमध्ये एक त ज्ञवाली थरका सबैभन्दा पहिलो व्यक्तिको नाम सुमेरु रहेकाले आफ्ना पूर्वजप्रति सम्मान प्रकट गर्न र अर्को सुमेरु पर्वत जस्तै अचल, अटल भएर जस्तो सुकै परिस्थितिमा पनि अडिग भएर रहने उद्देश्यले लक्ष्मीनाथ ज्ञवालीले 'सुमेरु' उपनाम रोजेका हुन् साथै साहित्य लेखनमा उपनाम राखेर लेख्दा स्वतन्त्र रूपमा आफ्ना मनका भावहरू व्यक्त गर्न सकिने भएकाले लक्ष्मीनाथले आफ्ना साहित्यिक रचनाहरूमा 'सुमेरु' उपनाम राख्ने गरेको  पाइन्छ ।

### २.६ व्रतबन्ध, विवाह र परिवार

हिन्दू संस्कार अनुसार, छोरामान्छेको बालक अवस्थामा नै ब्रतबन्ध वा उपनयन संस्कार गर्ने चलन छ । लक्ष्मीनाथ ज्ञवालको चूडाकर्म २०२४ सालमा ९ वर्षको उमेरमा आफ्नो मामाका छोराहरूको साथमा रिडीमा भएको हो । तर लक्ष्मीनाथ ज्ञवाली उपनयन संस्कारमा विश्वास राख्दैनन् र भन्छन्- "मानिसले शरीरभन्दा मनलाई शुद्ध र सफा राख्नुपर्छ । दिनहुँ नुहाएर जप गर्ने तर मनमा कालो र नराम्रो भाव राख्ने गर्दा त्यो सफाइ र जपको कुनै अर्थ रहँदैन ।"[१४]

लक्ष्मीनाथ ज्ञवालीको विवाह २०४२ साल जेठमा पाल्पा जिल्लाको पोखराथोक गा.वि.स. निवासी गुरुप्रसाद पहारीकी एक मात्र छोरी शारदा पहारीसँग भएको हो । तीन दाजुकी एक मात्र बहिनी शारदा पहारीले मुख्य विषय संस्कृत लिई प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेकी छन् । हाल उनी सुसंस्कृत मा.वि. शान्तिनगरमा प्रा.वि. तहमा अध्यापन गर्दछिन् । उनी आफ्नो वैवाहिक जीवनप्रति सन्तुष्ट छिन् । लक्ष्मीनाथ ज्ञवाली र शारदा ज्ञवालीका एक छोरा र एक छोरी

---

[१३] ऐजन ।
[१४] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।

छन् । छोरी प्रतिभा ज्ञवालीको जन्म २०४६ सालमा भएको हो । उनी हाल काठमाडौँमा बि.बि.एस.तृतीय वर्षमा अध्ययनरत छिन् । छोरा परिवेश ज्ञवालीको जन्म २०५१ सालमा भएको हो । परिवेश ज्ञवाली पनि काठमाडौँमा १०±२ (विज्ञान संकाय) मा अध्ययनरत छन् ।[१५] यसरी हेर्दा लक्ष्मीनाथ ज्ञवालीको परिवार सानो र सुखी रहेको देखिन्छ ।

## २.७ हालको बसोबास

लक्ष्मीनाथ ज्ञवालीको जन्म गुल्मीको थोर्गामा भएको हो । पढाइको क्रममा यिनी रिडी र काठमाडौँमा बसे । पछि जागिरको र पढाइको लागि अस्थायी रूपमा सिद्धार्थ नगर भैरहवामा बसे पनि २०३८ साल यता स्थायी रूपमा भैरहवामा नै बस्न थालेका हुन् ।[१६] हाल यिनी लुम्बिनी अञ्चल रूपन्देही जिल्ला सिद्धार्थनगरमा रहेको बैंक कलोनी स्थित आफ्नै घरमा बस्दै आएका छन् ।

## २.८ पेसा

लक्ष्मीनाथ ज्ञवालीले आफ्नो जीवनमा धेरै पेसा अँगालेको पाइन्छ । २०३२ सालमा एस.एल.सी पछि करिब छ महिना जति आफ्नो रुचि विनाको विषय अध्ययन गरेर आफ्नो अध्ययनलाई बीचमै छाडी आफ्नो जन्मथलो थोर्गा फर्केपछि ज्ञवालीले २ महिना जति थोर्गामै शिक्षण गरे । त्यस पछि आफूलाई अहेव पढ्न इच्छा भएको तर घरायसी वातावरणले पढ्न मिल्ने अवस्था नआएपछि त्यही झोकमा ज्ञवाली काठमाडौँ गए र त्यही २०३४ सालमा नेपाल खाद्य संस्थानमा अस्थायी जागिरे भए । सो जागिरबाट असन्तुष्ट भएपछि यिनले २०४२ सालमा स्थायी भएपछि जागिर छोडे ।[१७] जागिरकै क्रममा पत्रकारिता पनि गर्ने गरेका लक्ष्मीनाथ ज्ञवालीले जागिर छाडेपछि पत्रिकाहरूमा पत्रकारिता गर्न थाले । तत्कालीन अवस्थामा यिनले **दैनिक निर्णय**, **विचार**, **दैनिक सिद्धार्थ** जस्ता रूपन्देहीबाट प्रकाशित हुने समाचार पत्रहरूमा समाचार, लेख, कविता छपाउने र विभिन्न व्यक्तिसँग अन्तर्वार्ता लिने कार्य पनि गरे । पछि स्नातकोत्तर पढदै गर्दा भैरहवा आएका वखत **दैनिक निर्णय**का प्रकाशक सम्पादक प्रतापकुमार भट्टचनले पत्रिकाको सम्पादन गर्न आग्रह गरेपछि लक्ष्मीनाथ ज्ञवालीले अतिथि सम्पादकको रूपमा २०४५ देखि २०४६ सम्म **दैनिक निर्णय** पत्रिकाको सम्पादन गरे । त्यसपछि केही समय ज्ञवालीले

---

[१५] शारदा ज्ञवालीबाट प्राप्त जानकारी अनुसार ।
[१६] लक्ष्मीनाथ ज्ञवाली पूर्ववत् ।
[१७] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।

लेखापरीक्षकको रूपमा पनि काम गरे । पछि यस पेसामा देखिएको अस्वस्थ प्रतिस्पर्धाका कारण यिनले यो काम पनि छाडे ।[१८]

ज्ञवालीले आफ्नो जीवनको धेरै समय सामाजिक क्षेत्रमा काम गरेर बिताएको पाइन्छ । यिनले विभिन्न गैर सरकारी संस्थाहरूमा काम गरेका छन् । यसै क्रममा यिनले गै.स.स. जिल्ला समन्वय समिति रूपन्देहीको अध्यक्ष, गै.स.स. महासङ्घ रूपन्देहीका सदस्य, वातावरण बचाउ आन्दोलनका सदस्य, भ्रष्टाचार विरुद्ध नागरिक अनुगमन सञ्जाल रूपन्देहीका अध्यक्ष, ग्रामीण विकास तथा स्वावलम्बन केन्द्रका सदस्य र पछि अध्यक्ष भएर काम गरेका छन् ।[१९]

## २.९ आर्थिक अवस्था

लक्ष्मीनाथ ज्ञवालीको जीवनमा सानैदेखि खासै आर्थिक अभाव रहेन । पुर्ख्यौली सम्पत्ति राम्रै भएको र आफ्ना पिता पनि जागिरे भएकाले ज्ञवालीको बाल्यकाल राम्रै अवस्थामा बितेको हो । लक्ष्मीनाथ ज्ञवालीका परिवारमा सवै शिक्षित छन् र यिनका दाजुभाइहरू पनि विभिन्न पेसामा संलग्न रही स्वतन्त्र रूपमा जीवन बिताइरहेका छन् ।

लक्ष्मीनाथ ज्ञवालीको मुख्य पेसा भनेको जागिर हो । यिनी गैरसरकारी संस्थामा काम गर्छन् । ज्ञवालीकी पत्नी शारदा ज्ञवाली पनि भैरहवा शान्तिनगर स्थित सुसंस्कृत मा.वि.मा अध्यापन गर्दछिन् । पतिपत्नीको आम्दानीले परिवार राम्रै ढङ्गले चलेको छ । ज्ञवालीको भैरहवा बैंक कलोनीमा तीनतले घर छ । जसको भुइँ तलामा गै.स.स.को कार्यालय भाडामा रहेको छ । यो पनि ज्ञवाली परिवारको आम्दानीको स्रोतका रूपमा रहेको छ । ज्ञवालीका छोराछोरी काठमाडौँमा अध्ययन गर्दछन् । छोरा छोरीलाई काठमाडौँमा राखेर शिक्षादीक्षा दिन पुग्ने भैरहवास्थित घर र पतिपत्नीको आयस्रोतले आजीविका राम्रै चलेको छ ।[२०] यसरी हेर्दा लक्ष्मीनाथ ज्ञवालीको आर्थिक अवस्था राम्रो देखिन्छ ।

## २.१० स्वभाव र रुचि

सादा जीवन मन पराउने लक्ष्मीनाथ ज्ञवालीको साहित्य र सामाजिक कार्यमा नै मुख्यतः रुचि रहेको देखिन्छ । सधैँ सादा पहिरनमा रहने ज्ञवालीको कुनै विशेष खाने कुरामा रुचि छैन ।

---

[१८] ऐजन ।
[१९] ऐजन ।
[२०] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।

यिनी सबै प्रकारका खानेकुरा उत्तिकै रुचिपूर्वक खान्छन् ।[२१] सानैदेखि मिलनसार स्वभावका ज्ञवाली बालक अवस्थामा खेलकुदमा रुचि राख्दथे । हँसिलो र मिलनसार स्वभावका ज्ञवाली फुर्सदको समयमा समाचार हेर्न र साहित्यिक गतिबिधि सुन्न मन पराउँछन् । जे जस्तो कुरा पर्दा पनि आफ्नी जीवन सँगिनीको सल्लाह लिने लक्ष्मीनाथ ज्ञवालीको अरूमाथि छिटो विश्वास गर्ने बानी रहेको छ । जसले गर्दा यिनले बेलाबखतमा धोका पनि पाउने गरेका छन् ।[२२]

## २.११ साहित्यिक प्रेरणा र साहित्यमा प्रवेश

सानैदेखि साहित्यमा रुचि भएका र छिटपुट कविता कोर्ने ज्ञवालीलाई साहित्यमा लाग्ने प्रेरणा आफ्ना ठूला दाजु फणीन्द्रनाथ ज्ञवालीबाट मिलेको हो । कविता लेख्न र साहित्यमा लाग्ने बारम्बार हौसला दिने आफ्ना दाजुको प्रेरणाले यिनी साहित्यमा प्रवेश गरेका हुन् । यिनले ८/९ वर्षको उमेरमा 'बालकको प्रतिज्ञा' कविता लेखेका थिए जुन कविता पुरस्कृत पनि भएको थियो । यो नै उनको पहिलो लिखित कविता हो । यिनको पहिलो प्रकाशित कविता भने **दियालो** पत्रिकामा प्रकाशित २०२८ सालको 'नजाऊ विदेश' हो । यस कविताको केही अंश यस्तो छ -

नेपाली भाग्यलाई उज्ज्वल बनाई
अशिक्षित समाजलाई शिक्षित बनाई[२३]

यसरी सानैदेखि दाजुको प्रेरणाले कविता लेख्न थालेका ज्ञवालीले २०२८ सालदेखि औपचारिक रूपमा साहित्यमा प्रवेश गरेर आजसम्म साहित्य लेखनमा निरन्तर आफ्नो कलम चलाउँदै आएका छन् ।

## २.१२ प्रकाशित साहित्यिक कृतिहरू

लक्ष्मीनाथ ज्ञवालीका विभिन्न रचनाहरू फुटकर कविता, कथा, समालोचात्मक लेख, समीक्षा तथा पत्रपत्रिकासँग सम्बन्धित लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । उनका हालसम्मका प्रकाशित साहित्यिक पुस्तकाकार कृतिहरू यसप्रकार  छन् ।

१. **समय आफै बोल्छ** (कवितासङ्ग्रह)

[२१] शारदा ज्ञवाली, पूर्ववत् ।
[२२] ऐजन ।
[२३] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।

२. **लोकतन्त्रका कविताहरू** (संयुक्त कवितासङ्ग्रह)

३. **चील** (कवितासङग्रह)

४. **गणतन्त्रका लागि समकालीन लेखकहरूको संगालो** (लेखसङग्रह)

यसरी लक्ष्मीनाथ ज्ञवालीले नेपाली साहित्यको भण्डारमा आफ्ना प्रकाशित रचनाका माध्यमले महत्त्वपूर्ण योगदान गरेका छन् । आफ्नो व्यस्त जीवनमा साहित्यको निम्ति समय निकालेर यिनी आफ्ना अरू कृति पनि प्रकाशित गर्ने तयारीमा छन् । **मन र समीक्षाको सेरोफेरो** यिनका प्रकाशोन्मुख कृति हुन् ।[२४]

## २.१३ सम्मान र पुरस्कार

असल काम गर्ने मानिसलाई उसको असल काम र त्यस्तै अरू काम गर्न प्रोत्साहन स्वरूप इनाम तथा पुरस्कार दिने गरिन्छ । सम्मान र पुरस्कारले मानिसलाई आफूले गरेको कामप्रति अझ लगनशील भएर लाग्न प्रेरणा दिन्छ । लक्ष्मीनाथ ज्ञवालीले पनि सानै उमेरदेखि कविताहरू रच्दा हौसला स्वरूप पुरस्कार र आफ्ना अभिभावक र दाजुबाट स्याबासी पाएका छन् । साहित्यिक कर्मप्रति निष्ठा र निरन्तरता भएर पनि ज्ञवाली सम्मान र पुरस्कारका दृष्टिले पछि परेका छन् । तर उनको यस कुराप्रति कुनै गुनासो छैन । कर्म गर्दै जानुपर्छ फलको आशा गर्नु हुँदैन भन्ने धारणा रहेका ज्ञवाली आफ्नो कर्म वा साहित्य सृजनातर्फ निरन्तर लागिरहेका देखिन्छन् । आफ्नो योगदानको कदरलाई लक्ष्मीनाथ ज्ञवाली सम्मान ठान्छन् ।[२५]

## २.१४ दिनचर्या

दिनचर्या भन्नाले मानिसले एक दिनमा बिहान आँखा खोलेदेखि फेरि राति आँखा बन्द नगरुन्जेल अथवा बिहान उठेदेखि फेरि साँझ नसुत्दासम्म गर्ने कामकाज भन्ने बुझिन्छ । लक्ष्मीनाथ ज्ञवालीको दिनचर्याको कुरा गर्दा यिनी बिहान सबेरै ४:३० बजे उठेर केही समय व्यायाम गर्दछ् । व्यायाम पछि आफ्नो नित्यकर्म  सकेर बिहानको हल्का नास्ता गरेपछि औषधि सेवन गर्दछन् । त्यसपछि पत्रपत्रिका पढ्ने कविता लेख्ने र अरू काम भए अरू काममा व्यस्त रहन्छन् । ८:३० मा बिहानको खाना खाएर ९ बजे आफ्नो काममा बाहिर निस्कन्छन् र ६

[२४] ऐजन ।
[२५] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।

बजेपछि घर फर्कन्छन् । यिनी बिहान ९ देखि ६ बजेसम्म कार्यालयमा रहन्छन् । घर फर्केपछि कविता लेख्ने पत्रपत्रिकाको लागि लेखरचना लेख्ने र आफ्नो अफिसको काम गर्दछन् । साँझको खाना ८ बजे खाएपछि समाचारमूलक कार्यक्रमहरू हेर्दछन् । केही काम छ भने राति १२ बजे सम्ममा नत्र १० बजे सुतिसक्छन् ।[२६] प्रायः आफ्नो कार्यालयीय कामले घर बाहिर रहने लक्ष्मीनाथ ज्ञवालीले आफ्नो परिवारलाई खासै समय दिन सक्दैनन् । तर पनि परिवारका सदस्यले उनको कार्य व्यस्ततालाई बुझेका छन् र आफूलाई समय दिन नसकेकोमा ज्ञवालीका परिवारको कुनै गुनासो छैन ।

## २.१५ स्वास्थ्य

सानैदेखि मिलनसार र हँसिलो स्वभावका लक्ष्मीनाथ ज्ञवालीलाई बाल्यकालदेखि नै सामान्य रोग बाहेक कुनै विशेष रोगले च्यापेको छैन । अहिले पनि सामान्य रोग बाहेक कुनै विशेष रोगले च्यापेको छैन । उच्चरक्तचापको समस्या भने रहेको छ । यसको निम्ति उनी नियमित औषधि सेवन गर्दछन् । नियमित गर्ने व्यायामले पनि यिनको स्वास्थ्यमा फाइदा पुगेको छ ।[२७] यसरी हेर्दा लक्ष्मीनाथ ज्ञवालीको स्वास्थ्य स्थिति राम्रै रहेको देखिन्छ ।

## २.१६ भ्रमण

भ्रमण भन्नाले कुनै काम विशेषले वा मनोरञ्जनका लागि घुमफिर गर्ने भन्ने बुझिन्छ । मानिस आफ्नो जीवनमा विभिन्न कामको कारण छोटो दूरीदेखि लामो दूरी सम्मको यात्रा गर्दछन् र यस्ता भ्रमण र यात्राले मानिसको ज्ञान बढाउँछ । धेरै कुराको जानकारी हुन्छ र मानिसलाई मनोरञ्जन पनि मिल्दछ । लक्ष्मीनाथ ज्ञवालीले आफ्नो सामाजिक कामको कारण वा कार्यालयको कामले नेपालका विभिन्न ठाउँको यात्रा गरेका छन् । नेपाल बाहेक अरू देश वा विदेशको कुरा गर्नुपर्दा यिनले दक्षिण भारतको भ्रमण गरेका छन् ।[२८] यस्ता भ्रमणबाट प्राप्त ज्ञानले यिनलाई सामाजिक र साहित्यिक जीवनमा सहयोग पुगेको पाइन्छ ।

[२६] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।
[२७] शारदा ज्ञवाली, पूर्ववत् ।
[२८] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

## २.१७ सङ्घ संस्थासँग आबद्धता

विभिन्न सङघ संस्थामा आबद्ध रहँदै आएका ज्ञवालीको सामाजिक संस्था साहित्यिक संस्था र पत्रपत्रिकासँगको क्रियाकलापलाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ ।

### २.१७.१ सामाजिक सङ्घसंस्थासँग आबद्धता

(क) सिद्धार्थ  साहित्य परिषद रूपन्देही (सदस्य, २०६३)

(ख) प्रगतिशील लेखक सङ्घ, रूपन्देही (सदस्य, २०६५)

(ग) सृजनशील साहित्यिक समाज, रूपन्देही (सल्लाहकार, २०६५)[२९]

(घ) नेपाल रेडक्रस सोसाइटी (आजीवन सदस्य)

(ङ) गैर सरकारी सामाजिक संस्था समन्वय समिति, (अध्यक्ष)

(च) गैर सरकारी संस्था महासङघ, रूपन्देही (सदस्य)

(छ) नागरिक समाज विकास परिषद, रूपन्देही (अध्यक्ष)

(ज) भ्रष्टाचार विरुद्ध नागरिक अनुगमन सञ्जाल (अध्यक्ष)

(झ) ग्रामीण विकास स्वावलम्बन केन्द्र (अध्यक्ष)

(ञ) वातावरण बचाउ आन्दोलन, रूपन्देही (सदस्य)

(ट) माण्डव्य सेवा समाज, सिद्धार्थनगर (कोषाध्यक्ष)

(ठ) भष्टाचार विरुद्ध स्थानीय समिति (सदस्य)[३०]

### २.१७.२ पत्रपत्रिकासँग आबद्धता

(क) हाम्रो ज्योति पाल्पा (सम्पादक, २०३८)

(ख) दैनिक निर्णय (अतिथि सम्पादक, २०४५)

(ग) वाणी (सम्पादक, २०४५)

(घ) जनता साप्ताहिक (सम्पादक, प्रकाशक, २०४६)

(ङ) जनमञ्च (सम्पादक, २०४७)

(च) नेपाल भारत पत्रकार मैत्रीसङ्घ (उपाध्यक्ष, २०४७)[३१]

(छ) जनमञ्च साप्ताहिक, काठमाडौँ (सम्वाददाता, २०५१)

---

[२९] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[३०] लक्ष्मीनाथ ज्ञवालीको **चील** कवितासङग्रहबाट ।
[३१] लक्ष्मीनाथ ज्ञवालीको **गणतन्त्रका लागि समकालीन लेखहरूको संगालो**बाट ।

(ज) माण्डव्य स्मारिक (सम्पादक, २०६३)

(झ) बुटवल टुडे (स्तम्भकार, २०६३)

### २.१८ ईश्वरप्रतिको दृष्टिकोण

ईश्वरप्रति जसको आस्था र विश्वास रहन्छ वा छ त्यस्तालाई आस्तिक भनिन्छ र ईश्वरप्रति जसको आस्था र विश्वास छैन त्यस्तालाई नास्तिक भनिन्छ । यस अर्थमा लक्ष्मीनाथ ज्ञवालीलाई नास्तिक भने पनि हुन्छ तर यिनको ईश्वरप्रतिको धारणा अलग्गै छ । यिनी मन्दिर जान्छन् तर त्यहाँ पूजा गर्न जाँदैनन् । बरु मन्दिर जाँदा शान्तिको अनुभव हुने भएकाले जान्छन् । कसैले टीका लगाइदियो भने मान्छेको मन नदुखोस् भन्ने हेतुले लगाउँछन् । यिनी भन्दछन्- "हामीले ईश्वर होइन उसले गरेको राम्रा कामलाई मान्नुपर्दछ" यसै कुरामा ज्ञवाली भन्दछन्, "म साईबाबालाई मान्छु तर मैले उनलाई अर्थात् साईबाबा भन्ने व्यक्तिलाई मानेको होइन कि उनले एउटा सानो गाउँमा गरेको राम्रा कामलाई र विकास निर्माणलाई मानेको हुँ । त्यसैले मानिसले गरेको कामको सम्मान गर्नुपर्दछ ।"[३२]

### २.१९ जीवनप्रतिको धारणा

मानिसले आफ्नो जन्म र मृत्यु बीचको जीवनमा जे जस्तो भोगाइ गर्दछ वा अनुभव गर्दछ । त्यसै अनुरूप उसले जीवनप्रतिको धारणा निर्माण गरेको हुन्छ । संसारका हरेक मानिसको जीवनप्रतिको धारणा अलग अलग हुन्छ जसले गर्दा मानिसले आफूले पाएको अमूल्य जीवनलाई सही मार्गमा अगाडि लैजान सकोस् ।

लक्ष्मीनाथ ज्ञवालीले आफ्नो जीवनलाई हरेक पक्षबाट क्रियाशील बनाउँदै साहित्यिक र सामाजिक जीवनमा आफूलाई प्रस्तुत गरेका छन् । जीवनप्रतिको तपाईको धारणा के छ भनी प्रश्न गर्दा उनी भन्दछन्- "मानिसको जीवनमा समय सधैँ एकनास रहँदैन । बालकदेखि वृद्ध हुदाँसम्म परिवर्तन भइरहने अवस्था र समयले मानिसको जीवनप्रतिको धारणा पनि परिवर्तन हुन्छ । बाल्यकालमा जीवनप्रति जस्तो सोचाइ राख्थेँ अहिले म त्यस्तो धारणा राख्दिनँ । अहिले आएर जीवनप्रतिको धारणा बताउनु पर्दा मलाई लाग्छ, जीवन भनेको आफ्नो लागि मात्र नभई अरूका लागि पनि हो ।"[३३]

---

[३२] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[३३] ऐजन ।

यिनको विचारमा हरेक मानिसमा केही न केही क्षमता हुन्छ, गुण हुन्छ । त्यही क्षमतालाई मानिसले आफ्नो लागि मात्र प्रयोग नगरेर अरूमा पनि प्रसारण गर्न सके त्यसले मानिस, समाज र देश बदल्न सक्छ । आफ्नो कारणले समाजमा अलिकति पनि सकारात्मक बदलाव आउँछ भने मात्र मानिसको जीवन सार्थक हुन्छ ।[३४]

## २.२० निष्कर्ष

२०१५ साल चैत २८ गते गुल्मी जिल्लाको थोर्गामा पिता यदुनाथ ज्ञवाली र माता बाबा ज्ञवालीका पाँचौं सन्तानका रूपमा जन्मिएका लक्ष्मीनाथ ज्ञवालीले औपचारिक रूपमा समाजशास्त्रमा स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । २०४२ सालमा पाल्पा जिल्लाको पोखराथोक निवासी शारदा ज्ञवालीसँग वैवाहिक जीवनमा बाँधिएका उनका एक छोरा र एक छोरी छन् । समय र परिस्थिति अनुसार विभिन्न पेसामा लागेका ज्ञवालीले मुख्य रूपमा सामाजिक संस्थासँग सम्बद्ध रहेर काम गरेका छन् । हँसिलो अनुहार र मिलनसार स्वभावका ज्ञवाली सादा जीवन र उच्च विचारमा विश्वास राख्दछन् । साहित्यका विविध विधामध्ये मुख्यतः कविता विधामा रमाएका ज्ञवालीले कथा, लेख, समीक्षा र गीत पनि लेखेका छन् । थुप्रै फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गरिसकेका ज्ञवालीका **समय आफै बोल्छ**, **लोकतन्त्रका कविताहरू**, **चील** कवितासङ्ग्रह **गणतन्त्रका लागि समकालीन लेखकहरूको संगालो** जस्ता साहित्यिक कृतिहरू प्रकाशित छन् । ज्ञवाली अझै पनि साहित्य सृजनामा निरन्तर लागिपरेका छन् ।

[३४] ऐजन ।

# परिच्छेद तीन
# लक्ष्मीनाथ १वालीको व्यक्तित्व

## ३.१ विषय प्रवेश

कुनै पनि व्यक्तिको समष्टि व्यक्तित्व उसको जीवनमा आइपर्ने क्रिया प्रतिक्रिया आरोह अवरोह र जीवन भोगाइबाट निर्माण भएको हुन्छ । त्यसैगरी व्यक्तित्वको निर्माणमा उसको पारिवारिक आर्थिक पृष्ठभूमि सामाजिक र सांस्कृतिक आस्था, विविध परिवेश र उसको व्यवहार रहनसहन, रुचि, पेसा, सिङ्गो जीवनप्रतिको दृष्टिकोण जस्ता कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी नै लक्ष्मीनाथ ज्ञवालीको समष्टि व्यक्तित्वलाई केलाउँदा उनी मुख्यतः साहित्यकारका रूपमा देखिन्छन् भने उनको सिङ्गो जीवन आफ्नो पेसा र सङ्घसंस्थाप्रति समर्पित गर्दै आफ्नो व्यक्तित्व निर्माण गरेका छन् । लक्ष्मीनाथ ज्ञवालीको व्यक्तित्वका विविध रूपलाई यसरी देखाउन सकिन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

मूल रूपमा व्यक्तित्व आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । त्यसैगरी अन्तः बाह्य विशेषताहरूको समष्टिगत रूप नै व्यक्तित्व हो । व्यक्तिका आन्तरिक गुण र क्रियाकलापहरूले उसको आन्तरिक व्यक्तित्वको निर्माण गर्दछन् भने शरीर संरचना र आङ्गिक बनोटबाट बाह्य व्यक्तित्वको निर्धारण हुन्छ ।

### ३.२.१ आन्तरिक व्यक्तित्व

ज्ञवाली शान्त र मिलनसार स्वभावका देखिन्छन् । सरल मिजासिलो र हँसिलो स्वभाव सादा जीवनशैली तथा उच्च विचारका धनी ज्ञवाली सरल र शान्त प्रकृतिका छन् । आन्तरिक व्यक्तित्वको कुरा गर्दा यिनी आफूलाई मनमा लागेका कुरा खुलस्त रूपमा अरूका सामु राख्न सक्ने बहिर्मुखी स्वभावका छन् ।

### ३.२.२ वाह्य व्यक्तित्व

ज्ञवालीको वाह्य व्यक्तित्वलाई हेर्दा यिनको ५ फिट ४ इन्च उचाइ, न बढी मोटो न बढी पातलो मध्यम स्तरको शरीर, गहुँगोरो वर्ण र हँसिलो मुहार रहेको छ । ज्ञवाली पोसाकमा साधारण सर्टपाइन्ट नै मन पराउँछन् । यिनको शारीरिक व्यक्तित्व छरितो र फूर्तिलो देखिन्छ ।

## ३.३ अध्यापक व्यक्तित्व

२०३२ सालमा एस.एल.सी. पास गरेपछि काठमाडौँ गएर पढ्ने क्रममा आफ्नो इच्छा नहुँदा पनि दाजुको दबाबमा जीवविज्ञान समूहमा रहेर आइ.एस.सी अध्ययन गर्न थाले, तर पछि करिब ६ महिना जति पढेपछि पढाइ बीचमै छाडी आफ्नो गाउँ थोर्गा फर्किए । थोर्गा फर्किए पछि यिनले खाली समयको सदुपयोग गर्ने उद्देश्यले थोर्गामा नै रहेको प्रतिभा प्रा.वि.मा अध्यापन गर्न थाले । तर मात्र दुई महिना त्यहाँ पढाएपछि उनले फेरि रिडीमा रहेको रिडीअनिवार्य निशुल्क प्रा.वि.मा अध्यापन गर्न थाले । त्यहाँ पनि उनले मात्र १० महिना जति अध्यापन गरे । यसरी दुवै विद्यालयमा करिब एक वर्षजति ज्ञवालीले अध्यापन गरे ।[१] त्यसैले आफ्नो जीवनको खाली समयलाई सदुपयोग  गर्ने उद्देश्यले अध्यापन कार्यमा केही समय लागे पनि ज्ञवालीले यस कार्यलाई निरन्तरता भने दिएनन् ।

## ३.४ सामाजिक व्यक्तित्व

लक्ष्मीनाथ ज्ञवालीले आफ्नो जीवनको धेरै समय सामाजिक क्षेत्रमा बिताएको पाइन्छ । सामाजिक क्षेत्रमा उनको अमूल्य योगदान रहेको छ । उनले विभिन्न गैर सरकारी संस्थाहरूसँग आबद्ध रहेर समाजको सकारत्मक परिवर्तनका लागि काम गरेका छन् । यिनले नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी सामाजिक संस्था समन्वय समिति, गैर सरकारी संस्था महासङ्घ नागरिक समाज विकास परिषद्, भ्रष्टाचार विरुद्ध नागरिक अनुगमन सञ्जाल, ग्रामीण विकास स्वावलम्बन केन्द्र, माण्डव्य सेवा समाज, भ्रष्टाचार विरुद्ध स्थानीय समिति[२] जस्ता समाजका लागि काम गर्ने सङ्घ संस्थासँग आवद्ध रहेर सामाजिक काममा योगदान गरेको देखिन्छ ।

[१] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[२] ऐजन ।

## ३.५ राजनीतिक व्यक्तित्व

लक्ष्मीनाथ ज्ञवालीले २०२८ सालमा भूमिगत संगठन अखिल नेपाल क्रान्तिकारी विद्यार्थी मोर्चामा सदस्य भएर काम गरेका छन् । विद्यार्थी जीवनमा यिनी आफूले पढ्ने स्कुलको विद्यार्थी सङ्गठनको सचिव रहेका थिए । अन्याय अत्याचारका विरुद्ध हुने आन्दोलनमा यिनी सहभागी हुन्थे । यिनले नेकपा माले भूमिगत रहँदाका अवस्थामा पार्टीले तय गरे अनुसारको नीतिमा सरिक भएर काम गरेका थिए । यिनले काठमाडौँ गुल्मी सम्पर्क कमिटीका अध्यक्ष पनि भएर काम गरेका छन् । नेकपा मालेबाट एमाले बनेपछि यिनले २०४७ सालमा पार्टी सदस्यता लिएका थिए र रूपन्देहीबाट पार्टीको प्रचार विभागमा रहेर काम गरेका थिए । ज्ञवाली २०५२ सालदेखि एमालेबाट राजीनामा दिई स्वतन्त्र बामपन्थीको रूपमा रहेका छन् ।[३]

## ३.६ कवि व्यक्तित्व

साहित्यका विविध विधामध्ये कविता विधामा मुख्यतः कलम चलाउँदै आएका लक्ष्मीनाथ ज्ञवालीले कविता लेखनबाट नै आफ्नो साहित्यिक यात्राको थालनी गरेका हुन् । ज्ञवालीका पुस्तकाकार कृतिहरूमा पनि कवितासङ्ग्रह नै बढी रहेका छन् । सानैदेखि कविता लेख्न थालेका ज्ञवालीको पहिलो लिखित कविता 'बालकको प्रतिज्ञा' हो[४], भने पहिलो प्रकाशित कविता पाल्पाबाट प्रकाशित हुने **दियालो** पत्रिकामा प्रकाशित 'नजाऊ विदेश' हो जुन कविता २०२८ सालमा प्रकाशित भएको हो ।[५] लक्ष्मीनाथ ज्ञवालीले २०२८ सालमा कविता लेखनको यात्रा थालनी गरेपछि अहिलेको समयसम्म विभिन्न पत्रपत्रिकामा यिनका कविताहरू प्रकाशित भएको पाइन्छ । 'तिहार २०४६',[६] 'हावा',[७] 'सहिदको आवाज',[८] 'माटो',[९] 'मधेशी मित्रसँग',[१०], 'गैरीखेत',[११] जस्ता कविताहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् । आफ्ना कवितामा समाजमा परिवर्तनको चाहना राख्ने र परिवर्तनका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने भाव रहेका यिनका कविता क्रान्तिको भावनाले ओतप्रोत छन् । प्रगतिवादी भावधारमा कविता लेख्ने ज्ञवालीका कवितामा परिष्कृत र माझिएको भाषाशैलीका साथै अभिधा, लक्षणा र व्यञ्जनाको राम्रो प्रयोग पाइन्छ । सरल भाषामा

---

[३] लक्ष्मीनाथ ज्ञवाली, पूर्ववत् ।
[४] ऐजन ।
[५] ऐजन ।
[६] **सिसास**, वर्ष-१, अङ्क-३, २०६३, पृ. -३ ।
[७] **जूनकिरी**, अङ्क -५, २०६४, पृ.२७ ।
[८] **जूनकिरी**, अङ्क-५, २०६५, पृ.९
[९] **सोपान**, अङ्क -३, २०६४, पृ.४७ ।
[१०] **कान्तिपुर**, २०६३, माघ ८ ।
[११] **माण्डव्य**, २०६४, माघ ८ ।

संरचित यिनका प्रायः कविता सम्प्रेष्य छन् । कतिपय कविता बौद्धिकताले भरिएका भए पनि क्लिष्ट र द्रुवोध्य भने छैनन् । आफ्ना कवितामा ज्ञवाली अनुष्टुप् र शार्दूलविक्रीडित छन्दको प्रयोग गर्दछन् । हालसम्म दर्जनौं फुटकर कविता र तीनवटा कवितासङ्ग्रह रचना गरेर उनी सफल कविका रूपमा स्थापित भएको पाइन्छन् ।

### ३.७ कथाकार व्यक्तित्व

साहित्यका विविध विधामध्ये कविता विधालाई मुख्य रूपमा अँगालेका ज्ञवालीले छिटफुट रूपमा कथा पनि लेखेका छन् । यिनको पहिलो कथा 'अन्त्य एउटा विवशताको' शीर्षकको कथा **हाम्रो ज्योति** पत्रिकामा प्रकाशित भएको थियो ।[१३] यिनको २०६७ मा **वाटिका**मा 'अस्तित्व' लघुकथा प्रकाशित भएको छ ।[१४] यसरी कथा लेखनमा कवितामा जस्तो सफलता र उचाइ प्राप्त नगरे पनि ज्ञवालीले साहित्यको यस लोकप्रिय विधामा पनि हात हालेका छन् ।

### ३.८ लेखक व्यक्तित्व

लक्ष्मीनाथ ज्ञवालीले विभिन्न पत्रपत्रिकामा विभिन्न लेखहरू पनि लेखेका छन् । यिनका धेरै जसो लेखहरू बुटवलबाट प्रकाशित हुने **बुटवल टुडे** पत्रिकामा छापिएका  छन् । फाटफुट अरू लेखहरू अरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् । 'प्रगतिशील साहित्यको वर्तमान दिशा र गोरेटो',[१५] 'नेपाली महिला आन्दोलनले पाखा पार्न नहुने सवालहरू',[१६] 'भैरहवा बहुमुखी क्याम्पस : मेरो अनुभवमा',[१७] 'जनघोषको प्रवेशाङ्कमा मेरो विहङ्गम दृष्टि',[१८] 'स्वतन्त्र पत्रकार एक चर्चा',[१९] 'नेपालमा जनसंख्या समस्या र समाधान',[२०] जस्ता लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यिनले **गणतन्त्रका लागि समकालीन लेखहरूको संगालो** नामक लेखसङ्ग्रह पनि प्रकाशित गरेका छन् ।

[१३] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।
[१४] **वाटिका,** (वर्ष-७, अङ्क -९, २०६७, पृ. ५१) ।
[१५] **वाटिका,** (वर्ष-५, अङ्क -६, २०६४, पृ.१०५) ।
[१६] **बुटवल टुडे,** (वर्ष -२, अङ्क -१०१, २०६२, पृ.२) ।
[१७] **क्षीतिज,** (२०५०, पृ.-६४) ।
[१८] **जनघोष,** (वर्ष-१, अङ्क-२, २०६४, फागुन, पृ.९५) ।
[१९] **दैनिक निर्णय,** (२०४६ कार्तिक-२३, पृ.-३) ।
[२०] **दैनिक सिद्धार्थ,** (२०४२, कार्तिक-३, पृ.३) ।

आफ्नो सामाजिक र साहित्यिक जीवनबाट विभिन्न अनुभव र जानकारी साथै ज्ञान हासिल गर्दै यिनले लेखहरू लेख्ने काम गर्दछन् । जसले समाजमा रहेका समस्या र त्यसको समाधानको बाटो पहिल्याउन मद्दत गर्दछ ।

## ३.९ समीक्षक व्यक्तित्व

कविता पछि यिनले समीक्षात्मक लेखहरूमा बढी हात हालेका छन् । विषयगत विभिन्नतामा समीक्षा लेख्नु यिनको विशेषता नै हो । साहित्यतर्फ होस् वा समाजका अरू समस्याको कुरा होस् त्यसको आफ्नो तर्फबाट समीक्षा गर्न सिपालु ज्ञवालीले विभिन्न पत्रपत्रिकामा विभिन्न साहित्यिक र साहित्येतर विषयमा समीक्षा लेखेका छन् । 'सिद्धार्थ साहित्य परिषद्को अतीत र वर्तमान',[२१] 'कपिल लामिछाने : व्यक्ति एक व्यक्तित्व अनेक भित्रको कवित्व',[२२] 'कवि लेखनाथ ज्ञवालीको कृतित्व र व्यक्तित्वभित्र छिर्ने भिनो प्रयास',[२३] 'कथाकार रुद्र ज्ञवालीको हिमदूतभित्र डुबुल्की मार्दा',[२४] 'अणु एक समीक्षा',[२५] 'मोहन कोइरालाको प्रतिनिधि कविता सूक्ष्म विवेचना'[२६] जस्ता समीक्षाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

यसरी हेर्दा यिनी एक उदाउँदा समीक्षकका रूपमा पनि देखा परेका छन् । यिनी **समीक्षाको सेरोफेरो** नामक समीक्षाको सँगालो निकाल्ने तयारीमा छन् ।

## ३.१० गीतकार व्यक्तित्व

ज्ञवाली साहित्यका विविध विधामध्ये कविता विधामा बढी रमाएका छन् तापनि गीत लेखनमा पनि उनको रुचि छ भन्ने कुरा उनको **चील** कवितासङ्ग्रहमा रहेका चार गीतबाट प्रस्ट हुन्छ । **चील** कवितासङ्ग्रहमा रहेका चार गीतहरू राष्ट्रिय गीत, राष्ट्रिय गान, तिमी खाऊ वा नखाऊ हिमाल हेरी रमाऊ र रुख बिरुवा रोप भो भन्ने शीर्षकका रहेका छन् । यी गीतहरू राष्ट्रिय भावनाले ओतप्रोत छन् । जसमा राष्ट्रप्रतिको चिन्ता, राष्ट्रको र यहाँ रहेका सम्पदाको

---

[२१] **पदचिह्न** (अङ्क-१, २०६३, कार्तिक -३, पृ.१२०) ।
[२२] **जुही**, (अङ्क -१७, २०३७) ।
[२३] **बुटवल टुडे**, (२०६३, साउन -१३, पृ.-३) ।
[२४] **बुटवल, टुडे**, (२०६३, पृ.-३) ।
[२५] **दैनिक निर्णय**, (२०४६, फागुन -४, पृ.-२) ।
[२६] **दैनिक निर्णय**, (२०४६, फगुन -११, पृ. -३) ।

दुरुपयोग र त्यसको रोकथामको आग्रह गरिएको छ । यसरी सङ्ख्यामा सानै भएपनि गीत लेखनमा पनि कलम चलाएका ज्ञवालीबाट भविष्यमा गीतिसङ्ग्रहको आशा गर्न सकिन्छ ।

### ३.११ सम्पादक र पत्रकार व्यक्तित्व

२०३४ सालमा नेपाल खाद्य संस्थानमा जागिरे भएदेखि २०४२ सालमा जागिर छोड्दासम्म जागिरे जीवनमा नै ज्ञवालीले पत्रकारिता पनि गर्ने गर्दथे । जगिर छाडेपछि यिनले पत्रकारिता गर्न थाले । त्यसबेला वा तत्कालीन अवस्थामा यिनले **दैनिक निर्णय**, **विचार**, **दैनिक सिद्धार्थ** जस्ता रूपन्देहीबाट प्रकाशित हुने समाचार पत्रहरूमा समाचार, लेख कविता छपाउने र विभिन्न व्यक्तिसँग अर्न्तवार्ता लिने काम पनि गरेको देखिन्छ । पछि स्नातकोत्तर पढ्दै गर्दा भैरहवा आएका वखत **दैनिक निर्णय**का प्रकाशक सम्पादक प्रतापकुमार भट्टचनबाट पत्रिकाको सम्पादन गर्न आग्रह गरेपछि ज्ञवालीले अतिथि सम्पादकको रूपमा २०४५ सालदेखि २०४६ सालसम्म **दैनिक निर्णय** पत्रिकाको सम्पादन गरे । यसैगरी **वाणी** पत्रिकामा सम्पादकको रूपमा, **हाम्रो ज्योति** पत्रिकामा सम्पादकको रूपमा **जनता साप्ताहिकमा** सम्पादक र प्रकाशकको रूपमा **माण्डव्य स्मारिका**को सम्पादकको रूपमा, **जनमञ्च साप्ताहिक** काठमाडौँका लागि संवाददाताको रूपमा र **बुटवल टुडे**मा स्तम्भकारका रूपमा काम गरिसकेका छन् ।

यसरी विविध पत्रिकाको सफल रूपमा सम्पादन गरेका र पत्रिकाको लागि पत्रकारका रूपमा यिनी सफल व्यक्तित्वमा गनिन्छन् । आफ्नो जीवनमा बाल्यकालदेखि अहिलेसम्मका तितामिठा भोगाइ, विभिन्न ठाउँको भ्रमण, आरोह अवरोह आफूले भोगेका सरल र कठिन परिस्थिति विभिन्न सङ्घसंस्थासँग काम गर्दाको अनुभव र ज्ञानले ज्ञवालीको सम्पादक, पत्रकार, व्यक्तित्व निर्माण भएको देखिन्छ । साहित्यिक व्यक्तित्वको कुरा गर्दा मूलतः कविका रूपमा देखा परेका ज्ञावलीको साहित्यिक जीवन क्रमशः परिष्कृत र परिमार्जित हुँदै अगाडि बढेको देखिन्छ ।

### ३.१२ निष्कर्ष

लक्ष्मीनाथ ज्ञवालीको जन्म २०१५ सालमा थोर्गामा भएको हो । समय र परिस्थितिसँग भिज्दै र विभिन्न पेसामा लाग्दै साहित्यको सिर्जनामा लागेर ज्ञवालीले आफ्नो व्यक्तित्वको निर्माण गरेका छन् । ज्ञवालीको आन्तरिक व्यक्तित्वको कुरा गर्दा यिनी आफ्नो मनमा लागेका कुरा दबाएर राख्ने अन्तर्मूखी स्वभावका नभई आफ्नो मनमा भएका कुरा खुलेर अरूसँग भन्न सक्ने बहिर्मुखी स्वभावका छन् भने बाह्य व्यक्तित्वमा साधारण पहिरनमा रहने ५ फिट ४ इन्च उचाइ,

गहुँगोरो वर्ण मध्यम खालको शरीर र हँसिलो अनुहार भएका व्यक्ति हुन् । आफ्नो जीवनको फुर्सदिलो केही समयमा अध्यापन पेसा गरेका ज्ञवालीले मुख्य रूपमा सामाजिक सेवाको काम गरेका छन् । साहित्यिक व्यक्तित्वमा यिनी एक सफल कविका रूपमा रहेका छन् भने कथा, लेख, समीक्षा र गीत पनि लेख्ने गर्दछन् । विभिन्न समयमा विभिन्न साहित्यिक र साहित्येतर सङ्घ संस्थासँग सम्बद्ध रहेर काम गरेका ज्ञवाली आफ्नो जीवनकालमा भोगेका सुख दुख, उतारचढाव आरोहअवरोहबाट पाएका अनुभव र ज्ञानले आफ्नो साहित्यिक र साहित्येतर जीवनलाई परिष्कृत र परिमार्जित गर्दै अगाडि बढिरहेका छन् ।

# परिच्छेद चार

# लक्ष्मीनाथ ज्ञवालीको कृतित्व

## ४.१ विषय प्रवेश

लक्ष्मीनाथ ज्ञवालीले साहित्यका विविध विधामध्ये कविता विधामा मुख्य रूपमा कलम चलाएका छन् । कविता विधा अर्न्तगत पर्ने मुक्तक फुटकर कविता, खण्ड काव्य, महाकाव्य, विकासशील महाकाव्य मध्ये फुटकर कवितमा कलम चलाएका छन् । २०२८ सालमा पहिलो प्रकाशित कविता 'नजाऊ विदेश'बाट आफ्नो कविता यात्राको थालनी गरेका ज्ञवालीको हालसम्म तीन कवितासङ्ग्रह र एक लेखसङ्ग्रह प्रकाशित भएको छ । जसमध्ये **समय आफै बोल्छ** कवितासङग्रहमा १९ कविता, **लोकतन्त्रका कविता**मा ९ कविता र **चील** कवितासङ्ग्रहमा ३९ कविता रहेका छन् । यसरी लक्ष्मीनाथ ज्ञवालीको कृतित्वको अध्ययन गर्नु पूर्व कविताको सैद्धान्तिक स्वरूप एवम् उपविधाको सम्बन्धमा सामान्य चर्चा गर्नु सान्दर्भिक रहेकाले सङ्क्षिप्तमा तल प्रस्तुत गरिएको छ ।

## ४.२ कविताको सैद्धान्तिक परिचय

नेपाली भाषामा प्रयोग गरिने कविता शब्द तत्सम शब्द हो । यसको निर्माण कवि शब्दमा 'ता' प्रत्यय लागेर भएको छ । 'कविता शब्दले शाब्दिक रूपमा कविद्वारा रचित रचना वा कविको कर्म भन्ने अर्थ दिन्छ' कवितालाई उर्दू भाषामा 'नज्म' भनिन्छ । कविता शब्द पाश्चात्य साहित्यशास्त्रमा प्रचलित पोयट्री शब्दको समानार्थी रूपमा नेपाली भाषामा प्रयोग गरिएको हो । पोएट्री शब्द पोएट शब्दबाट विकसित शब्द हो । पोएट शब्दले रचनाकारलाई र पोयट्री शब्दले रचना वा कृतिलाई बुझाउँछ ।[1] साहित्यका प्रमुख चार विधामध्ये कविता एक सशक्त र सर्वप्राचीन विधा हो ।

[1] भोजराज ढुङ्गेल र दुर्गाप्रसाद, **नेपाली कविता र काव्य**, पृ.१, काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

### ४.२.१ कविताको परिभाषा

पूर्वीय र पाश्चात्य साहित्यका विभिन्न विद्वान्हरूले प्राचीन कालदेखि कवितालाई चिनाउने क्रममा यस सम्बन्धि अवधारणाहरू अघि सार्दै आएको पाइन्छ । पूर्वीय संस्कृत साहित्यमा स्पष्ट कविता नै भनेर कसैले पनि परिभाषा गरेको पाइँदैन तसर्थ काव्य वा साहित्यकै सन्र्दभमा कविताको परिभाषा बोध गर्नुपर्ने हुन्छ । पूर्वीय संस्कृत साहित्य पाश्चात्य साहित्य र नेपाली साहित्यमा विभिन्न विद्वान्हरूले प्रस्तुत गरेको कविता सम्बन्धी प्रमुख अवधारणाहरू तल प्रस्तुत गरिएको छ ।

संस्कृत साहित्यका आर्चाय भामहका अनुसार “शब्दार्थौ सहितौ काव्यम” अर्थात “शब्द र अर्थको सहभाव नै काव्य वा कविता हो ।”[२]

पाश्चात्य चिन्तक एरिस्टोटलका अनुसार “कविता भाषाका माध्यमबाट अभिव्यक्त हुने अनुकरणात्मक कला हो ।”[३]

वर्डस्वर्थका अनुसार “कविता प्रबल अनुभूतिहरूको सहज उच्छलन हो जुन शान्त समयमा संस्मरणका रूपमा मनोवेगबाट प्राप्त हुन्छ ।”[४]

कविद्धारा आफ्ना संवेद्य अनुभुति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनेर प्रस्तुत गरिएको पद्यात्मक वा गद्यात्मक रचना कविता हो ।[५]

कविता कोमल वनिता रसयति रसिकं सरेन सम्मिलिता ।[६]

कविता भावनाको बौद्धिककोमलता हो ।[७]

माथि प्रस्तुत भएका पूर्वीय संस्कृत पाश्चात्य साहित्य र नेपाली साहित्यका विद्वान्हरूले दिएका परिभाषाहरूको अध्ययन र विश्लेषणबाट भाव, विचार वा घटनाको विशिष्ट भाषिक संरचना भएको बौद्धिक हार्दिक कोमलता, कल्पना, अनुभूति र विचार व्यक्त, भएको जीवन र जगतको कलात्मक अभिव्यक्ति शब्द र अर्थको उचित संयोजनमा संरचिन लयात्मक भाषिक संकथन कविता हो भन्न सकिन्छ ।

---

[२] रामनाथ ओभ्mा र मधुसुधन गिरी शोध, **सिर्जना र संस्कृत काव्यशास्त्र**, काठमाडौँ : न्यू हिराबुक्स ईन्टरप्राइजेज, २०५८, पृ.२७४ ।

[३] ईश्वरीप्रसाद गैरे, कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, कीर्तिपुर : न्यू हिराबुक्स, २०५९, पृ. ३३२ ।

[४] ऐजन ।

[५] बालकृष्ण पोखरेल, (नि), **नेपाली बृहत शब्दकोष**, काठमाडौँ : ने.रा.प्र.प. २०६०, पृ. २०३ ।

[६] लक्ष्मीप्रसाद देवकोटा, **शाकुन्तल महाकाब्य**, ने.भा.प्र.स.२००२, भूमिका ।

[७] ईश्वरीप्रसाद गैरे, कृष्णप्रसाद आचार्य, पूर्ववत् ।

### ४.२.२ कविताका तत्त्वहरू

कवितालाई चिनाउने आधार नै कविताका तत्त्वहरू हुन् । ती तत्त्वहरूले कविताको स्वरूप निर्धारण गर्दछन् । कवितामा आन्तरिक र बाह्य् गरी दुई प्रकारका तत्त्वहरू रहेका हुन्छन् । कथ्य विषयवस्तु र भावविधान कविताका आन्तरिक तत्त्व हुन् । समग्रमा निम्न कुराहरूलाई कविताका निर्धारक तत्त्वका रूपमा लिन सकिन्छ । शीर्षक, संरचना, विषयवस्तु, भावविधान, लयविधान, कथनपद्धति, अलङ्करण वा बिम्बविधान, व्यञ्जना विधान, भाषाशैली, उद्देश्य आदि ।

#### (क) शीर्षक

कवितामा शीर्षकले कविताको आन्तरिक र बाह्य तत्त्वको प्रतिनिधित्व गर्छ र शरीर तत्त्वको टाउकाको रूपमा रहन्छ । कविताका अनेकौ संरचनाहरूको प्रतिनिधित्व हुने गरी सम्पूर्ण र औचित्यमूलक शीर्षक चयन गरिनुपर्छ । शीर्षकभित्र समग्र विषयवस्तु अटाएका हुन्छन् । शीर्षकको भावले सामान्य र विशिष्ट अर्थ दिने पद्धत्तिलाई सामान्यीकृत गर्दछ ।

#### (ख) संरचना

कविताको भित्री र बाहिरी संरचना रहेको हुन्छ । भित्री संरचनामा कथ्यवस्तु र मूलभाव रहन्छ । यसमा कविताको आख्यानीकरण प्रत्यक्षकथन र नाटकीकृत कथनका स्थूल र सूक्ष्म पद्धतिलाई हेरिन्छ । बाह्य संरचनामा लय गुण, पाउ, चरण, पङ्क्ति, शब्द, भाषाशैली, बिम्ब, प्रतीक, आदिको संयोजन गरिन्छ । आन्तरिक र बाह्य दुवै संरचनाको उपयुक्त संयोजन भएको कविता जीवन्त हुन्छ ।

#### (ग) विषयवस्तु

कविले कविता रचनाका लागि चयन गरेको वस्तु नै कविताको विषयवस्तु हो । जीवन जगतको यावत वस्तु, प्रकृति, मानव स्वभाव, धर्म, संस्कृति, देश, समाज, राजनीति जीवनका अनुभूति भोगाइ आदि अनेक पक्ष कविताका विषय हुन सक्छन् । कवितामा विषयवस्तुको प्रस्तुति कलापूर्ण, आर्कषक, उपयुक्त, सशक्त र जीवन्त हुनुपर्छ ।

(घ) **भावविधान**

भाव बिना कविताको कल्पना गर्न नसकिने हुँदा भाव कविताको मूल तत्त्व हो । भावको उचित संयोजन भएमा कविता उत्कृष्ट बन्न सक्छ । मानवीय जीवन जगतका यावत विषयवस्तुको गुढ, गहन र गम्भीर कलात्मक भाव सिर्जना गर्न सक्नुमा नै कविताको उपयुक्त भाव विधान रहेको हुन्छ ।

(ङ) **लय**

लय कविताको साङ्गीतिक तत्त्व हो । कवितामा लयका माध्यमबाट भाव संयोजन गरिन्छ । कवितामा शब्द, गुच्छ, पङ्क्ति, श्लोक मिलाएर लय सिर्जना गरिन्छ । लयविधानका आधारमा कवितालाई पद्य (वार्णिक र मात्रिक) लय, गद्यलय र लोकलय गरी विभाजन गर्न सकिन्छ । पद्य कवितामा भित्री र बाहिरी लय मिलेको हुन्छ भने गद्य कविता भित्री लय प्रधान बनाएर रचना गरिने भएकोले अर्न्तलय प्रधान हुन्छ । लयात्मक अवस्थिति वा बीज विधान गरिने कविता पद्य कविता पद्य कविता हो भने मुक्त छन्दमा लेखिने छन्द मुक्त गद्य रूपको कवितालाई गद्य कविता भनिन्छ । कवितामा आनुप्रासीय विधानबाट पनि लय सिर्जना गरिन्छ । लय विधानको उत्कृष्ट संयोजनद्वारा गद्य र पद्य दुवै कविता उत्कृष्ट हुन पुग्दछ ।

(च) **कथन पद्धति**

कविले कवितामा आफू कुन स्थानमा रहेर आफ्नो भनाइ प्रस्तुत गर्दछ त्यसै आधारमा कथन पद्धति निर्धारित हुन्छ । कविको सोझो कथन कवि प्रौढोक्ति हो भने कथ्यलाई आख्यानमा सजाएर आख्यानका माध्यमबाट गरिएको कथन आख्यानीकृत कथन र आख्यानीकृत कथनभित्र दृश्यचित्र, संवाद, मनोवाद पद्धति संयोजन गरिएको कथन नाटकीकृत पद्धति हो । कथन पद्धतिलाई दृष्टिविन्दु पनि भनिन्छ । कविले म, हामी सर्वनामको प्रयोग गरेर वा आत्मालापको रूपमा प्रस्तुत गर्दा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु हुन्छ भने तृतीय पुरुषको माध्यमबाट प्रस्तुत गर्दा वाह्य दृष्टिविन्दु हुन्छ । कविको सोझो कथन कवि प्रौढोक्ति हो भने द्वितीय वा तृतीय पुरुषबाट गरिने कथन कविनिवद्ध प्रोढोक्ति हो ।

**(छ) अलङ्करण र बिम्बविधान**

कवितामा सौन्दर्य विधानका लागि अनेक प्रयोग प्रक्रिया र प्रावधानहरू प्रयुक्त हुन्छन् । नारीलाई आभूषण र अलङ्करणले सजाएर सुन्दर बनाए झैं कविताका शब्द, अर्थ, भाव, रूप, स्वरूप सबैलाई अलङ्कृत गर्न सक्नुमा नै कविताको सुन्दरता निहित हुन्छ । कवितामा अलङ्करणका निम्ति अलङ्कार, बिम्ब, प्रतीक जस्ता तत्त्वहरू अनिवार्य हुन्छन् । अलङ्करणमा शब्दालङ्कार र अर्थालङ्कारले भाव र अर्थ दुवै तहमा विशेष सौन्दर्य प्रदान  गर्दछ । स॰ति, प्रश्न, संशय, तर्क, द्वन्द्व, विरोध मास, प्रशंसा, व्यङ्ग्य आदि सर्न्दभमा बिम्ब प्रयोगले उजिल्याउछ भने शाब्दिक र आर्थिक तहमा अलङ्करणले सौन्दर्य सिर्जना गर्दछ र प्रतीकले विशिष्ट अर्थ प्रतिपादन गरी कवितालाई उच्च तुल्याउँछ ।

**(ज) व्यञ्जना विधान**

कवितामा अभिधा पछि लक्षणा र त्यसपछि तेस्रो अर्थ दिने अकथित पारदर्शक अर्थ झल्काउने विन्दुको प्रयोगलाई व्यञ्जना विधान भनिन्छ । मूलत व्यञ्जना शाब्दी र आर्थी स्तरमा हुने गर्दछ । शाब्दी व्यञ्जना हुनका निमित्त कवितामा अभिधा, लक्षणा शब्दको उपस्थिति हुन्छ भने आर्थी स्तरमा शब्दले प्रकट गर्ने विशेष अर्थ, वाच्यार्थ, लक्ष्यार्थ, व्यङ्ग्यार्थमाथि आधारित हुन्छ । कवितामा व्यञ्जना विधानले उत्कृष्ट अर्थ प्रकट गर्दछ ।

**(झ) भाषाशैली**

भाषाले कवितामा भाव र अनुभूतिलाई बह्न गर्ने र अभिव्यक्ति दिने काम गर्दछ । भाषाका वर्ण, पद, शब्दले रागात्मक लयात्मकता, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । भाषा पद्य कवितामा छन्द संरचनालाई वहन गर्न सक्ने हुनुपर्दछ भने गद्य कवितामा अर्न्तलयलाई थेग्न सक्ने हुनुपर्दछ कविताको भाषाले भाव, लय, अलङ्कार, बिम्ब, प्रतीक, व्यञ्जन र ध्वन्यात्मक अर्थ समेतलाई उचित तरिकाले प्रकट र प्रस्तुत गर्न सक्ने हुनुपर्छ । विशिष्टीकृत संरचनात्मक शैलीमा कविताले उच्च कलात्मक मुल्य ग्रहण गर्न पुग्दछ । सङ्क्षिप्त विस्तारित, सङ्केतात्मक, सुच्यात्मक, उपदेशात्मक, निर्देशात्मक र यर्थाथपरक शैलीमा शास्वत अनुभूतिमय बनाएर कवितालाई प्रस्तुत गर्न सकिन्छ । कविताको भाषाशैली पद्यात्मक र गद्यात्मक दुवै हुन सक्छ ।

(ञ) **उद्देश्य**

विषयवस्तु र अनुभूतिलाई भावपूर्ण एंव कलात्मक ढ·ले प्रस्तुत गर्नु कविताको उद्देश्य हो । कविताको संरचना भित्रबाट कलात्मक, प्रभावात्मक, मूल्यपरक, सन्तुष्टिजन्य भाव संप्रेषण गर्न सक्नुमा यसको सफलता रहन्छ । उच्च बौद्धिक पाठकलाई आनन्दित क्षणमा पुगेर हराउन सक्नुमा नै कविताको सार्थक उद्देश्य रहन्छ ।

**४.२.३ कविताका प्रकार**

साहित्यका प्रमुख चार विधाहरू कविता, आख्यान, नाटक र निबन्ध मध्येको प्रमुख विधा कवितालाई विषयवस्तुको आख्यानीकरण र भाव अनुकूलको प्रबन्धनका आधारमा निम्न ५ प्रकारहरूमा वर्गीकरण गरिएको पाइन्छ । मुक्तक (लघुत्तम रूप), फुटकर कविता (लघु रूप), खण्डकाव्य (मझौला रूप), ललित महाकाव्य (वृहत रूप), आर्ष महाकाव्य (वृहत्तम रूप)

(क) **मुक्तक (लघुत्तम रूप)**

मुक्तक कविताको सबैभन्दा लघुत्तम रूप हो । यो स्वतन्त्र, स्वायत, एकल, एकश्लोके, पधात्मक सबभन्दा सानो कवितात्मक अभिव्यक्तिको रूप हो । संस्कृत साहित्यमा वर्णमात्रिक, मात्रिक, एकश्लोके कविता, जापानीमा हाइकु, नेपालीमा मुक्तक तथा एउटा गजल यसको स्वरूप हो । अनुभूतिका लहरहरू स्वतः प्रकट हुने दुई हरफ, चार हरफ र पाँच, छ हरफमा मुक्तक टुगिन्छ । सङ्क्षिप्त, मितव्ययी, चटकिलो सुत्रात्मक रूप एवं भावकथनमा झिलिक्क बिजुली चम्के झै अनुभूतिको प्रकटीकरण मुक्तकमा गरिन्छ ।

**(ख) फुटकर कविता (लघुरूप)**

मुक्तक भन्दा ठूलो खण्डकाव्य भन्दा सानो एकाइ फुटकर कविता हो । यो पत्रपत्रिकामा छापिने किसिमको सीमित श्लोकको संरचना रहेको हुन्छ । फुटकर कवितामा जीवन जगत्को एक सर्न्दभ, एक प्रस· र एक मनोदशाको प्रकटीकरण हुन्छ । यस्तो कविता पद्य र गद्य दुवै रूपको हुन सक्छ । लघुरूपको फुटकर कवितामा विषयवस्तुको झरी उठी वर्षिइ विश्रान्त हुन पुगेको स्थिति रहन्छ ।

**(ग) खण्डकाव्य (मझौला रूप)**

लघुरूप फुटकर कविता भन्दा ठूलो वृहत रूप महाकाव्य भन्दा सानो मझौला रूप खण्डकाव्य हो । खण्डकाव्यमा समग्र जीवन जगतको एक पक्ष, चर्तुवर्ग मध्ये एक वर्ग, नव रस मध्ये एक रसको संयोजन रहन्छ । जीवन जगतको एक भागको आख्यानलाई कवितात्मक रूपमा संयोजन गरी कुशलतापूर्वक प्रस्तुत गर्ने काम खण्डकाव्यमा गरिन्छ ।

**(घ) ललित महाकाव्य (बृहत रूप)**

समग्र जीवन जगतलाई समेटेर विषयवस्तु चर्तुवर्ग फल प्राप्ति, नवै रसको परिपाक प्रयोग सहितको आख्यानीकरण भएको पञ्च सन्धिको निर्वहण गरिएको, आठ भन्दा बढी सर्गहरूमा संयोजित सृजनको महानदी नै ललित महाकाव्य हो । महाकाव्यमा सिंगो युग, जाति, सभ्यता, संस्कृतिका घटना प्रतिघटनाले आख्यानको स्वरूप धारण  गर्दछ । यसमा कविताभित्र आख्यानीकरण नाटकीकरणको प्रयोग गरिएको हुन्छ । ललित महाकाव्यमा स्थूल वस्तुको रसमय, अनुभूतिमय, कवित्वको कलात्मक उत्कृष्ट यात्रा रहन्छ । यो कविताको वृहत रूप हो ।

**ङ) आर्ष महाकाव्य (वृहत्तम रूप)**

आर्ष महाकाव्य कविताको वृहत्तम रूप हो । सिंगो जातिको जीवन जगतको प्रस्तुति, खण्ड र सर्गहरूको वृहत्तम संरचना, सिंगो जातिकै सभ्यता र संस्कृति मूलक आख्यान, अनेक उपाख्यानहरू, अनेक रस, अनेक वर्ग, अनेक पक्षको विषय र विषयान्तर उच्चतर कवितात्मक प्रस्तुति आर्ष महाकाव्यमा रहन्छ । पूर्वीय साहित्यमा एक लाख श्लोक भएको बेदव्यास लिखित 'महाभारत' चौबिस हजार श्लोक भएको बाल्मीकि 'रामायण' आर्ष महाकाव्य हुन भने पाश्चात्य साहित्यमा होमरका 'इलियड' र 'ओडेसी' आर्ष महाकाव्य हुन् । पाश्चात्य साहित्यमा आर्ष महाकाव्यलाई विकासशील महाकाव्य भन्ने गरिन्छ ।

### ४.३ निष्कर्ष

साहित्यका प्रमुख चार विधामध्ये मुख्य विधाको रूपमा रहेको कविताको परिभाषा पूर्वीय र पाश्चात्य विद्वान्हरूले आ-आफ्नै ढ·ले दिएका छन् । शीर्षक, संरचना, विषयवस्तु, भाव विधान, लय, कथनपद्धति, अलङ्करण र बिम्व विधान, व्यञ्जना विधान भाषाशैली र उद्देश्य जस्ता तत्त्व रहेका कवितालाई मुक्तक, फुटकर कविता, खण्डकाव्य, ललित महाकाव्य, आर्ष महाकाव्य गरी पाँच प्रकारमा वर्गीकरण गरिएको पाइन्छ ।

### ४.४ समय आफैं बोल्छ कवितासङ्ग्रहभित्रका कविताहरूको अध्ययन

२०६० सालमा प्रकाशित **समय आफै बोल्छ** कवितासङ्ग्रह लक्ष्मीनाथ ज्ञवालीको पहिलो कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहभित्र 'सुस्केरा', भारतिय मित्रसँग, 'कर्तव्यको सुपथमा डटीराख सारा','दसैं', 'बादलसँग', 'घिमिरेप्रति', 'सहिद', 'शान्तिक्षेत्र नेपाल' 'देवकोटाप्रति', 'श्रमिक', 'घाँसी', 'जन्मेको हुन्छ नेपाली भिजेर आफ्नै माटोमा', 'तिहार २०४६', 'प्रजातन्त्र', 'जनताको बोली', 'जनता हुँ', 'शिक्षकसँग', 'आमा छोरा संवाद' र 'नववर्ष' शीर्षकका जम्माजम्मी १९ वटा कविताहरू रहेका छन् । यस कवितासङ्ग्रहमा रहेका सबै कविताहरू भावप्रधान र अनुष्टप् छन्दमा रचिएका छन् । यस कविताभित्रका प्रत्येक कविताको अध्ययन यसरी गरिएको छ -

#### ४.४.१ 'सुस्केरा' कविताको मूलभाव

'सुस्केरा' कविता लक्ष्मीनाथ ज्ञवालीको **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित पहिलो कविता हो । 'सुस्केरा' कविताका एउटा गरिब मानिसको दयनिय स्थितिलाई देखाइएको छ । यस कवितामा एउटा श्रमिकले दिन रात नभनी कडा परिश्रम गर्दा पनि उसको गरिबी र दुख कहिल्यै हट्दैन भन्ने भाव व्यक्त गरिएको छ । डोको र खर्पनसँग मित्रता गाँसेर आफ्नो जीवन व्यतित गरिरहेको भरियाले दिन रात नभनी कडा मेहनत गर्दा पनि निस्तो गाँस पानीसँग निल्नु पर्ने विवशतालाई यस कवितामा कविले अत्यन्त मार्मिक ढ·बाट प्रस्तुत गरेका छन् । चार पाउको एक श्लोक हुने अनुष्टुप् छन्दको यस कवितामा चार श्लोक रहेका छन् । सरल बोधगम्य यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचिएको छ । अनुप्रास मध्ये पनि प्रत्येक पाउको अन्तिम अक्षर समान हुने अत्यानुप्रासको प्रयोग यस कवितामा कविले गरेका छन् । जम्मा

९२ वटा शब्द रहेका यस कवितामा कुचुप्प, झमक्क, घुटुक्क जस्ता केही अनुकरणात्मक शब्द पनि रहेका छन् । तद्भव शब्दको बाहुल्य रहेको यो कविताको शीर्षक विषयवस्तु अनुरूप सार्थक रहेको छ ।

### ४.४.२ 'भारतीय मित्रसँग' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीको **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित 'भारतीय मित्रसँग' दोस्रो कविता हो । यस कवितामा कविले नेपालीलाई तीनतिरबाट घेरेको वा नेपालसँग तीनतिरबाट सिमाना जोडिएको छिमेकी मुलुक भारतले मुख अगाडि मित्र भन्दै हाँस्ने र मुख पछाडि खेदो खन्ने काम गरेको व्यवहारलाई यहाँ देखाइएको छ । नेपालका विभिन्न स्थानमा विभिन्न पेशा गरी भारतियहरू बसेका छन् र भारतका विभिन्न प्रान्तमा नेपालीहरू पनि रहेका छन् तर भारतले यस कुरालाई वास्तै नगरेर नेपालका सिमानाहरू मिच्दै छ र भारतमा विभिन्न पेशा गरी बसेका नेपालीहरूलाई हेप्दै छ । भारतको यस्तो व्यवहार देखेर पनि नेपालीहरू चुपचाप बसेका छन् तर अति भएपछि नेपालीहरू यस्तो अन्याय सहेर चुप लागेर बस्ने छैनन् भन्ने भाव यस कवितामा रहेको छ । आन्तरिक दृष्टिविन्दुमा रचिएको यो कविता सात श्लोकमा रहेको छ । जम्मा १८३ शब्दहरू रहेको यस कविताका भाषा सरल र बोधगम्य रहेको छ । यस कवितामा ताला, लात, प्रान्त, जमाना जस्ता आगन्तुक शब्दहरू रहेका छन् । भारत र नेपालको चिसो, तातो, राम्रो, नराम्रो सम्बन्धका बारेमा लेखिएको यस कविताको शीर्षक विषय अनुरूप रहेको छ र यो कविता अत्यानुप्रास युक्त छ ।

### ४.४.३ 'कर्तव्यको सुपथमा डटिराख सारा' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीको **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित 'कर्तव्यको सुपथमा डटिराख सारा' तेस्रो कविता हो । यस संसारमा मानिसले यदि अधिकार चाहन्छ भने कर्तव्य पनि पुरा गर्नुपर्दछ । सबैले आ-आफ्नो तर्फबाट देशप्रतिको आफ्नो कर्तव्य सम्झेर त्यसको पालना गर्दै जाने हो भने देश सधैं प्रगति पथमा अगाडि बढ्छ भन्ने भाव यस कविताको रहेको छ । फोस्रो आदर्शका कुरा मात्र गर्ने होइन कि मानिसले काममा लागेर काम गरेर देखाउनुपर्छ भन्दै ज्ञवाली लेख्छन् -

थोत्रो आदर्शको धोक्रो झुट हो लुट भित्रको
भित्र भित्र नहोस् आज कर्तव्य टुट फूटको
(**समय आफै बोल्छ**, पृ.४)

मात्र तीन श्लोकमा रचिएको यस कवितामा जम्मा ७९ शब्द रहेका छन् । अन्त्यानुप्रास मिलाएर लेखिएको यस कविताको शीर्षक सार्थक रहेको छ । तद्भव शब्दको वाहुल्य रहेको यस कवितामा केही तत्सम् र आगन्तुक शब्दहरू पनि रहेका छन् ।

### ४.४.४ 'दसैं' कविताको मूलभाव

'दसैं' कविता लक्ष्मीनाथ ज्ञवालीद्वारा दिखित र **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित चौथो कविता हो । यस कवितामा कविले नेपालीहरूको महान चाड दसैं र दसैंले नेपाली समाजमा ल्याउने हर्ष र पीडाको चित्रण यस कवितामा गरेका छन् । वर्षमा एक पटक आउने नेपालीहरूको महान चाड दसैंले सारा नेपालीहरूमा खुसीको लहर ल्याउनु पर्ने हो तर यथार्थमा त्यस्तो हुँदैन । धनी वर्गमा दसैंले उत्साह लिएर आउँछ, नयाँ लुगा, मिठो खानाको परिकार, रमाइलो, मोजमज्जा गर्ने वातावरण ल्याउँछ तर अर्को तर्फ त्यही दसैंले गरिब र निमुखा वर्गमा आपतको पहाड  खडागरिदिन्छ । एक छाक खान र एक सरो कपडा लगाउन नपाउने निमुखा वर्गमा दसैंले उत्साह होइन पीडा थप्ने काम गर्दछ । आफ्ना लालाबालाका निर्दोश र दयनिय अनुहार र निरिह अवस्थाले झन उनीहरूको मनलाई रुवाउँछ । नेपाली समाजमा रहेका धनी वर्ग र गरिब वर्ग बीचको असमानतालाई यस कवितामा देखाइएको छ । दसैं जस्तो महान चाड पनि मात्र धनिवर्गका लागि हो भन्ने कटु यथार्थ यस कवितामा व्यक्त गरिएको छ । यसरी यस कविताका माध्यमबाट कविले हाम्रो समाजमा रहेको सामाजिक र आर्थिक असमानताको चित्रण अत्यन्त भावपूर्ण ढ·ले गरेका छन् । यस्तो असमानताको अवस्था देखाउँदै कवि लेख्छन् -

दसैं आयो दसैं आयो गाउँ बेसी हिमालमा
तराई झुपडी छाप्रा नेपाली घर द्वारमा
कसैका घरमा बोके, राँगा र हाँसका कुरा
कसैका पेट खाली छन् रुदै छन् टुहुरा बरा

(**समय आफै बोल्छ**, पृ. ५)

नेपाली समाजको यथार्थ स्थिति झल्काउने यो कविता ५ श्लोकमा लेखिएको छ । जम्मा १३३ वटा शब्द रहेको यस कवितामा केही आगन्तुक र तत्सम् शब्द रहेको छन् । साथै अन्त्यानुप्रास युक्त यस कविताको शीर्षक कविताको विषयवस्तु अनुरूप रहेको छ र कविता द्रुवोध्य नभई बोधगम्य र सरल छ ।

### ४.४.५ 'बादलसँग' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीको **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित 'बादलसँग कविता' पाचौँ कविता हो । बादल अथार्थ प्रकृतिलाई प्रतीक बनाएर लेखिएको यस कवितामा कविले पृथ्वी तटमा भएको घटनाको साक्षी बादललाई मानेका छन् । बादल सधैँ नभमा रहने हुँदा पृथ्वीभन्दामाथि रहन्छ र पृथ्वीमा भई रहेका राम्रा नराम्रा सबै कुराहरू बादलले देखिरहेको हुन्छ । त्यसैले बादल वा प्रकृति सबै कुराको जानकार हुन्छ । पृथ्वीमा आज जहाँ हेऱ्यो युद्ध र अशान्ति मात्र छ, देश टुक्रिदै छ, मानिसको जीवनको कुनै मोल छैन, मानिसहरू झारपात सरह किचिँदै र मिचिँदै छन् र आजको यो अवस्थाको वा यो युद्धको मूल तत्त्व वा नायक द्वापर युगका कृष्ण हुन् । उनको समयमा उनकै अगुवाईमा महाभारतको भीषण युद्ध भएको थियो, त्यसैले द्वापरदेखि कलिसम्म आउँदा पनि संसारमा कुनै न कुनै कुरामा युद्ध चलिरहेकै छ र बादलरूपी प्रकृति हरेक युगदेखि यस्ता युद्ध र त्यसले ल्याउने अशान्तिको साक्षी रहदैँ आएको छ भन्ने भाव यस कवितामा रहेको छ । यस्तो युद्ध र अशान्तिको वातावरणमा पनि केही आसा व्यक्त गर्दै अव धर्तीले नयाँ पहिरन र नयाँ शृङ्गार गरी रूप फेर्नु पर्दछ भन्दै परिवर्तनको चाहना प्रकट गर्दछन् । युद्ध र अशान्तिले धुमिल भएको गगनमा स्वच्छता आउनुपर्दछ भन्दै कवि शान्तिको चाहना राख्छन् । निलो र॰लाई शान्तिको प्रतीक मानिन्छ र गगन नीलो हुन्छ , बादल सेतो हुन्छ जस अनुसार अब शान्ति आउनु पर्दछ भन्ने संकेत यसले गर्दछ । बादललाई प्रतीक बनाएर लेखिएको यस कवितामा १५६ वटा शब्द र ६ श्लोक रहेका छन् । अनुप्रास मध्ये अन्त्यानुप्रास युक्त यस कवितामा केही आगन्तुक शब्द रहे पनि तत्सम् शब्दको बाहुल्य रहेको छ । भाषाशैली सरल रहे पनि कविता केही द्रुवोध्य रहेको छ ।

### ४.४.६ 'माधव घिमिरेप्रति' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'माधव घिमिरेप्रति' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित छैठौँ कविता हो । यस कवितामा ज्ञवालीले आफ्नो प्रेरणाको स्रोत कवि माधव घिमिरेप्रति सम्मान प्रकट गरेका छन् । साहित्यमा रम्न चाहने हरेक साहित्यकार विशेषत कविका लागि माधव घिमिरे प्रेरणा हुन्, घिमिरेका साहित्यिक कृतिबाट नयाँ साहित्य सर्जकहरूलाई हौसला र प्रेरणा मिल्दछ । ज्ञवाली स्वयं पनि घिमिरेबाट प्रभावित रहेको र उनका कृतिबाट शिक्षादिक्षा लिएको, त्यही शिक्षा लिएवापत घिमिरेलाई सम्मान स्वरूप गुरुदक्षिण दिन चाहन्छन् तर पहिले देखिनै प्रतिभाले भरिपूर्ण घिमिरेलाई के दिऊ भन्नेमा अन्यौलमा छन् । घिमिरेका कृतिमा अलङ्कार रस, भाव सबै कुरा छन् । त्यसैले त आजसम्म पनि घिमिरेका कृतिहरू बगैँचामा फुलेको फूलसरी ताजा छन्, जसले साहित्यको बगैँचालाई सौन्दर्य र सुवास छर्दैछ । अन्तमा ज्ञवाली घिमिरेलाई अझ रसयुक्त, भावयुक्त कृतिहरू लेख्न अनुरोध गर्दै घिमिरे शतायुष भई बाँचिरहँनु जसले नेपालको साहित्य भण्डार अझ भरिपूर्ण होस् भन्ने शुभकामना व्यक्त गर्दै लेख्छन् -

अलङ्कार दिऊँ आज त्यो तिम्रै काव्यमा छ रे
उपमा दिऊँ कि "जून" त्यो तिम्रो शिरमा छ रे
कलासिल्प तिमी भित्र के लिनु छ अरूसँग
के चाहिन्छ तिमीलाई के कमी छ तिमीसँग

(**समय आफै बोल्छ**, पृ.९)

यसरी ५ श्लोकमा लेखिएको यस कविताको भाषाशैली सरल र बोधगम्य छ । प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको यस कविताको विषयवस्तु अनुरूप शीर्षक रहेकाले शीर्षक सार्थक छ । अन्त्यानुप्रासयुक्त यस कवितामा केही तत्सम र केही आगन्तुक शब्दले कविता झन उत्कृष्ट बनेको छ ।

### ४.४.७ 'सहिद' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'सहिद' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित सातौँ कविता हो । यस कवितामा सहिदले आफ्नो देशको लागि ज्यान दिएर गरेको बलिदान र त्याग आज व्यर्थ भइरहेको छ भन्ने भाव व्यक्त गरिएको छ । सहिदले आफ्नो शरीरको

अन्तिम थोपा रगत रहुन्जेल देशमा रहेको अन्याय अत्याचार र अन्धकारलाई हटाउनको लागि जीउ ज्यान दिएर लागि परे, देशको मुहार फेर्नको लागि आफ्नो र आफ्नो परिवारको वास्तै नगरी ज्यान अर्पण गरे तर सहिदले गरेको त्याग व्यर्थ भयो, सहिदका सपना पुरा भएनन् । देशमा झन अन्याय र अन्धकारले डेरा जमायो झन झन अशान्ति र त्रासको माहौल बन्यो तर पनि सहिदको कदर गर्नेहरू अझै देशमा छन् जसले सहिदका अधुरा सपनाहरू पुरा गर्ने छन्, देशमा भइरहेको अन्यायको विरोध गर्नेछन् । देशमा छाएको अन्धाकारलाई हटाएर आसाको दीप बाल्ने छन् र देशको मुहार उज्यालो पार्ने छन् अनि बल्ल सहि अर्थमा सहिदको बलिदानको कदर हुनेछ भन्ने भाव यस कवितामा रहेको छ । १२४ बाट शब्दहरू र पाँच श्लोकमा रचना गरिएको यो कविता अन्त्यानुप्रास युक्त र प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ । केही तत्सम् र आगन्तुक शब्द रहेको यस कवितामा सहिदकै योगदान र बलिदानको कुरा रहेको हुँदा विषय अनुरूप शीर्षक सार्थक रहेको छ र सरल भाषाशैलीले कविता बोधगम्य बनेको छ ।

### ४.४.८ 'शान्तिक्षेत्र नेपाल' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'शान्तिक्षेत्र नेपाल' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित आठौँ कविता हो । यो कविता सारा नेपालीहरूको इच्छा बताउने कविता हो । जसले नेपाललाई माया गर्छ उसको मनको इच्छा हो, यो जसलाई आफू मार्फत् कवितामा व्यक्त गरेका छन् । नेपालमा सधै शान्ति छाइरहोस् र सबैले नेपाललाई शान्ति भूमिका रूपमा चिनून्, सगरमाथाको देश भनेर मात्र संसारमा परिचित हुने होइन कि शान्तिको देश भनेर पनि परिचित हुन सकोस् । धनी, गरिब, ठूला, साना सबै मिलेर बस्न सक्ने वातावरण बनोस् । हाम्रो देशमा रगतको रातो रङले होइन शान्तिको निलो र·ले स्थान पाओस् । रगतले रातो भएको यस धर्तीको माटोसँग प्रीत लगाएर यस माटोमा शान्तिको फूल रोप्न सकियोस् । निलो स्वच्छ आकाशमा धूलो र बारुदको धुवाँको बादलको साटो शान्तिदूत परेवा उडेको हेर्न सकियोस् र सारा नेपालीले नेपालको झण्डा फहराउँदै नेपाली झन्डा बोकेर नेपाली भन्नेमा गर्व होस् भन्ने भाव यस कवितामा रहेको छ । यसै सन्दर्भमा कवि लेख्छन्-

रक्तरञ्जित धर्तीमा शान्तिको गीत गाउँछु
म मेरै देशको शान्त माटोमा प्रीत लाउँछु

धूलो बारुदको साटो परेवा म उडाउँछु
बोकेर राष्ट्रको झण्डा म संसार घुमाउँछु

(**समय आफैं बोल्छ**, पृ. १३)

प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कवितामा चार श्लोक र ११४ वटा शब्दहरू रहेका छन् । अन्त्यानुप्रास युक्त यस कवितामा तद्भव शब्दकै बाहुल्य रहे पनि कवितामा कतैकतै तत्सम र आगन्तुक शब्द पनि रहेका छन् । यस कविताको भाषाशैली सरल रहेको छ । रगत वा रातो रङ, निलो रङ, परेवा जस्ता प्रतीकहरू राखिएकाले कविता केही प्रतीकात्मक पनि बनेको छ ।

### ४.४.९ 'देवकोटाप्रति' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'देवकोटाप्रति' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित नवौं कविता हो । देवकोटाप्रति शीर्षकमा लेखिएको यस कवितामा कविले देवकोटालाई माध्यम बनाएर साहित्यको सृजनामा निरन्तर लागेको साहित्यकारले त्यहि साहित्यमै लागेका कारण भोग्नु परेको दुखलाई चित्रण गरेका छन् । नेपाली साहित्य जगत्मा महाकविको उपाधि पाएका र आफ्ना दर्जनौं कृतिले नेपाली साहित्यको भण्डार भरेका महाकवि लक्ष्मीप्रसाद देवकोटाको यथार्थ स्थितिलाई उजागर गरेका छन् । साहित्यमा लाग्ने मानिसले समाजमा मान प्रतिष्ठा इज्जत त मनग्यै कमाउँछ तर धन कमाउन सक्दैन जसले गर्दा उसको जीवन सधैंभरी अभावमै रहन्छ । देवकोटाले आफ्ना काव्यकृतिहरूमा मानिसका यर्थाथ भावनालाई देखाउन खोजेका छन् तर ज्ञवाली भन्छन् त्यो त देवकोटाले आफ्नै जीवनमा भोगेका कुराहरू हुन् । देवकोटाले साहित्यको सेवा गर्दा नेपाली साहित्यको भण्डार त भरियो तर देवकोटाको घर भरिन सकेन । उनलाई सधैं भरी आर्थिक अभाव रह्यो तर पनि देवकोटाले साहित्य सृजना गर्न छाडेनन् आफ्नो अन्तिम श्वाससम्म पनि साहित्यको सेवा गरे तर देश र जनताले देवकोटाको सही सम्मान गर्न सकेन । आठ श्लोकमा रचिएको यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ । अन्त्यानुप्रासको प्रयोग गरिएको यस कवितामा २०२ शब्दहरू रहेका छन् । यसरी साहित्यमा लाग्दा मानिसले दुख पनि भोग्नुपर्छ भन्ने कुरा व्यक्त गर्दै ज्ञवाली लेख्छन-

सत्य साहित्यमा लाग्दा भोग्नुपर्छ कति कुरा
बग्दै छन् पसिना धारा पेट छैन हराभरा

(**समय आफै बोदछ**', पृ. १४)

## ४.४.१० 'श्रमिक' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'श्रमिक' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहभित्र सङ्कलित दसौं कविता हो । यस कवितामा ज्ञवालीले एउटा श्रमिक जसको एक वित्ता जमिन छैन, शरीर छोप्ने पुरा लुगा छैन, जसको पेट खालि छ र जो अरूका लागि आफ्नो श्रम र पसिना बगाउँछ । जसले प्रचण्ड गर्मी, साउने झरी र कठ्याङ्ग्रिने जाडो सबै सहेर काम गर्छ । काम गर्दा-गर्दा आफ्नो हातमा पनि फोका पनि बनाउँछ तर त्यहि श्रमिकलाई दुई छाकको जोहो गर्न धौं-धौं पर्छ । आफ्नो वाध्यतामा दुई थोपा आँसु झार्नु बाहेक उसँग कुनै उपाय रहँदैन । छालामा खाला परुन्जेल श्रमिक मेहनत गर्छ । रोग भन्दैन, पानी भन्दैन, भोक भन्दैन, घाम भन्दैन तर पनि उसको दुख कहिल्यै हट्दैन । सधैंभरी उसलाई अभाव अभावैले गाँज्छ र एकदिन शरीरले थेग्न सक्ने भन्दा बढी कामले गर्दा रोगले च्याप्न पुग्छ र त्यहि रोगको उपचार नपाई आफ्नो झुप्रोमा प्राण त्याग्छ । यसरी एउटा श्रमिकले दिनरात नभनी, घामपानी नभनी आफ्नो शरीरले थेग्न नसक्ने गरी काम गर्दा पनि उसको जीवनमा सधैं अभाव रहन्छ र यस्तै अभावको सामना गर्दा गर्दै उसको मृत्यु हुन्छ भन्ने भाव यस कवितामा रहेको छ । श्रमिक शब्द श्रमबाट बनेको हुन्छ र श्रमको अर्थ मेहनत भन्ने हुन्छ । यसरी मेहनत गर्ने मानिसको बारेमा वा विषयमा लेखिएको कविताको शीर्षक श्रमिक सार्थक रहेको छ । ४ श्लोकमा लेखिएको यो कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । अन्त्यानुप्रास मिलेको यस कविताको भाषाशैली सरल रहेको छ र कविता पढ्दा मानिसहरूमा एउटा श्रमिकप्रति दयाभाव जाँगेर आउँछ । श्रमिकको दयनीय स्थिति देखाउँदै कवि लेख्छन्-

आफ्नो शरीर ना॓ छ, पसिना ऊ बगाउँछ
अरूको खुसियालीमा आफ्ना हात खियाउँछ
घरमा पेट सार॑ी कौँ कौँ काँ कौँ कराउँछ
सुर्को जमिनको छैन, कहाँ नङ्ग्रा खियाउँछ

(**समय आफै बोल्छ**, पृ. १६)

## ४.४.११ 'घाँसी' कवितको मूलभाव

'घाँसी' कविता लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित एघारौँ कविता हो । घाँसी शब्द घाँस+ई मिलेर बनेको हुन्छ । जसको अर्थ हुन्छ घाँस काट्ने मानिस । नेपाली समाजमा घाँस काट्ने मानिस भनेपछि ऊ निम्नवर्गमा पर्दछ । यसरी यस अर्थमा यस कविताको घाँसी शीर्षकले एउटा निम्न वर्गीय गरिब व्यक्तिलाई बुझाउँछ । तृतीय पुरुष दृष्टिविन्दुमा रचिएको यो कविता चार श्लोकमा रहेको छ । केही तत्सम् र आगन्तुक शब्द रहेका यस कवितामा कुल ९६ वटा शब्द रहेका छन् । यस कवितामा घाँस बेचेर आफ्नो परिवारको आवश्यकता पुरा गर्ने घाँसीको जीवनलाई देखाउन खोजिएको छ । एउटा घाँसी जसको एउटा सानो र सधैँ अनिकालले गाँजेको झुपडी छ । जसमा ऊ आफ्ना परिवारका साथ बस्दछ । बिहानै भाले बास्नासाथ उठी ज·लमा गई सालका पोथ्राहरू डाले घाँसहरू ल्याई बजारमा गई बेच्ने र त्यसबाट आएको पैसाले घरको स-साना आवश्यकता पुरा गर्दछ । शरीर ढाक्नका लागि पुरा कपडा नभएर जाडो महिनामा आगो तापेर बिताउँछ र आफ्ना दुखहरू गीत मार्फत् सुनाउँछ । सानोतिनो कुरामा पनि खुसी खोज्छ र आफ्ना छोराछोरीलाई सधै राम्रा कुरा मात्र सिकाउँछ । यसरी दुखमा पनि सुख खोज्ने एउटा घाँसीको कथा ज्ञवालीले कविता मार्फत् देखाएका छन् । बिहानदेखि साँझसम्म मेहनत गर्ने र त्यसबाट आफ्ना लालाबालालाई पाल्ने एउटा घाँसीले सानो कुरामा पनि खुसी खोज्ने र आफ्ना सन्तानलाई राम्रो शिक्षा दिने हुनाले मानिसले दुखमा पनि सुख खोज्नुपर्छ र सधैँ सकरात्मक सोच लिनुपर्छ भन्ने भाव यस कवितामा रहेको छ ।

## ४.४.१२ 'जन्मेको हुन्छ नेपाली भिजेर आफ्नै माटोमा' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'जन्मेको हुन्छ नेपाली भिजेर आफ्नै माटोमा' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित बाह्रौँ कविता हो । यस कवितामा ज्ञवालीले नेपालको भौगोलिक वनावटलाई मानिसको हातसँग तुलना गर्दै हत्केला भनेको तराई हो । औला भनेको हिमाल र औलामा रहेको शंख र चक्रका रेखाहरू पहाड हुन भन्दै सारा हात मिलेर नै वा हातबाट नै सबै काम गर्न सकिन्छ भन्दै नेपालीहरू पनि मिलेर नेपाल बनाउन सक्छन भन्ने भाव व्यक्त गरेका छन् । एउटा नेपाली जन्मनुभन्दा अघि आमाको गर्भदेखि नै नेपालको माटोमा भिज्ने गर्दछ, नेपाली देउरालीमा देव दर्शन पाउँछ, माटोको सुगन्धमा रमाउँछ, नयाँ पालुवा देखेर खुसी

हुन्छ भन्दै र एउटा नेपालीले आफ्नो देशलाई ज्यानभन्दा पनि धेरै माया गर्छ भन्दै ज्ञवाली कवितामा आफ्ना भावना यसरी पोख्छन् -

छाती नेपाल आमाको, माटो नेपाल राष्ट्र हो
हत्केला तराई हो औँलाहरू हिमाल हुन्
शंख चक्र सिपी सारा बेंसी पहाड फाँट हुन्
हस्तरेखाहरू सारा जोस जाँगर र आँट हुन्

(**समय आफैं बोल्छ**, पृ. १८)

४ श्लोकमा लेखिएको यस कवितामा अत्यानुप्रास मिलेको छ । कवितामा जल, थल, देव, दर्शन, शीला, गर्भ, हस्तरेखा जस्ता तत्सम् शब्द र दिल, ज्यान, झील जस्ता आगन्तुक शब्दको पनि प्रयोग गरिएको छ । सरल भाषाशैलीको प्रयोगले कविता बोधगम्य छ ।

### ४.४.१३ 'तिहार २०४६' कविताको मूलभाव

लक्ष्मनिाथ ज्ञवालीद्वारा लिखित 'तिहार २०४६' कविता **समय आफैं बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित तेह्रौं कविता हो । नेपाली समाजमा मानिसहरू धेरै जात, धर्म, चलन, भाषा र चाडपर्वहरू मान्दछन् । यहाँ मानिसहरूले धेरै प्रकारका चाडपर्वहरू मनाउँछन् र दसैं र तिहार नेपाली समाजमा मनाइने ठूला चाड हुन् । नेपालीहरूको दोस्रो महान चाड तिहारलाई विषयवस्तु बनाएर ज्ञवालीले यो कविता लेखेका हुन् । यस कवितामा ज्ञवालीले नेपालीहरूको मुख्य चाडपर्वमध्येको तिहार पर्वमा नेपाली समाजमा देखिने रमाइलो र हर्ष साथै नैराश्यतालाई र दुखलाई चित्रण गरेका छन् । नेपाली समाजमा जब तिहार पर्व भित्रिन्छ त्यो धनी र गरिब दुवैका घरमा आउँछ तर यस पर्वले धनीलाई हर्षित बनाउँछ भने गरिबलाई दुखित बनाउँछ । ठूलाठूला घरहरू तिहारको बत्तीले झिलिमिलि देखिन्छन् भने गरिबका घरमा मूल ढोकामा बाल्ने बत्ती जोड्न पनि धौ धौ पर्दछ । देउसी भैलो खेल्नेहरू पनि धनीकै ठूलाठूला घर रोज्छन्, मानिसहरू मात्र किन मानौं धनकी देवी लक्ष्मी पनि धनीकै घरमा मात्र बास गर्छिन । गरिबका घरमा तिहारले कुनै नौलो असर गर्दैन्, गरिबको लागि ढिडो र सिन्की नै पाक्छ । मीठा मीठा परिकार रोटीहरू त गरिबका लागि सपना सरह हुन्छ । धनीका तन नयाँ कपडाले झिलिमिलि हुन्छ, भने मन रमाइलोले हर्षित हुन्छ । अर्को तर्फ गरिबका घरमा पनि अन्धकार र मनमा पनि पीडा हुन्छ

। यसरी एउटै समाजमा बस्ने मानिसहरू बीच रहेको यस्तो असमानता देखेर दुखित हुँदै ज्ञवाली लेख्छन् -

कसैका घरमा पुग्दा मन हुन्छ तिरीमिरी
कसैका घरमा पुग्दा छाती हुन्छ किरीमिरी

(**समय आफैं बोल्छ**, पृ. १९)

यसरी अन्त्यानुप्रास मिलाएर लेखिएको यस कवितामा ६ श्लोक र १५२ वटा शब्दहरू रहेका छन् । तिहारकै विषयवस्तु लिएर 'तिहार' शीर्षक राखी रचिएको यस कविताको शीर्षक सार्थक रहेको छ । यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ । केही व्यङ्ग्यात्मक शैलीमा लेखिएको यो कविता द्रुबोध्य नभई सरल र बोधगम्य रहेको छ ।

### ४.४.१४ 'प्रजातन्त्र' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'प्रजातन्त्र' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित चौधौं कविता हो । यस कवितामा जनताले प्रजातन्त्रका लागि दिइएको बलिदान र त्यही प्रजातन्त्र नेताहरूका लागि मागी खाने भाँडो भएको कुरा व्यक्त गरिएको छ । प्रजातन्त्रका लागि मानिसहरूले धैरै बलिदान दिए । कयौं मानिस घाइते भए, कयौंले ज्यान गुमाए, कतिका सिउँदो पुछिए, कयौंका कोख रित्ता भए, बालबालिका टुहुरा भए तर त्यहि प्रजातन्त्रलाई मानिसले महसुस गर्न पाएनन् । प्रजातन्त्र मात्र बोलीमा सीमित रह्यो । प्रजातन्त्र आयो भनेर नेताहरूले ठूलाठूला भाषण दिए, प्रजातन्त्र आयो भने तर खोइ त प्रजातन्त्र ? प्रजातन्त्र ल्याउनको लागि ज्यान दिएका सहिदका परिवारले प्रजातन्त्रलाई महसुस गर्न पनि पाएनन् । प्रजातन्त्र आए पछि त्यस्तो हुन्छ यस्तो हुन्छ, गरिबका दुख हट्छन्, रोजगार पाइन्छ, पेट भर्ने बाटो पाइन्छ भन्ने कुरा कुरामै सिमित रहे जनताका हात केही पनि लागेन तर पनि जनताको हरेक सासमा प्रजातन्त्रको चाहना छ, प्रजातन्त्रकै सपना छ । प्रजातन्त्र भयो भने बोल्न डराउनु पर्दैन आफ्नो काम गर्न डराउन पर्दैन भन्ने भावना मानिसहरूमा छ तर देशमा उच्च पदमा रहेका देश हाक्ने जिम्मा पाएका मानिसहरूलाई त प्रजातन्त्र आफ्नो पेट र ढुकुटि भर्ने साधन भएको छ । नेताहरूले प्रजातन्त्र आएपछि देशको कायापलट गर्ने ठूलाठूला कुरा गरे राष्ट्रनिर्माण हुन्छ भनि चिच्याइ चिच्याइ झुट बोले तर पदका लागि लोभ गर्नेका लागि मात्र प्रजातन्त्र फलिफाप भयो । देश र जनताका लागि त प्रजातन्त्र आएको र नआएको बराबर रह्यो । जतिसुकै कुराले जनतालाई

आश्वासन दिए पनि प्रजातन्त्र भएन भने मानिसलाई कुनै पनि सुखको केही अर्थ रहँदैन । त्यसेले देश र देशवासीका मनका कुरा पहाडका टाकुरा धक्कने गरी सुनाउनु पऱ्यो र असत्यमाथि सत्यको विजय र अन्धकारमाथि उज्यालोको जीतका लागि सबै मिलेर लाग्नुपर्दछ, फोस्रो आर्दशको कुरा गरेर आफ्नो पेट भर्ने उच्च पदका लोभीलाई हटाउनुपर्छ नत्र प्रजातन्त्र कहिल्यै उठ्न सक्दैन भन्दै ज्ञवाली लेख्छन्-

हजारौ झुट बोलेर देशमा लुटका कुरा
फोस्रो आर्दश छाडेर राष्ट्र निमार्णका कुरा
पदका लालचीलाई प्रजातन्त्र उठी रह्यो
राष्ट्र निर्माणका लागि प्रजातन्त्र सुती रह्यो

(**समय आफै बोल्छ**, पृ.२२)

जम्मा १५० वटा शब्द रहेको यो कविता छ श्लोकमा रचिएको छ । अन्त्यानुप्रास युक्त यस कवितामा दर्द, खून, माइक, जिन्दगी, लालची जस्ता आगन्तुक शब्द रहेका छन् । प्रजातन्त्रकै विषयमा लेखिएकोले कविताको शीर्षक सार्थक छ ।

### ४.४.१५ 'जनताको बोली' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'जनताको बोली' कविता **समय आफै बोल्छ** कयिवतासङ्ग्रहमा सङ्कलित पन्ध्रौं कविता हो । 'जनताको बोली' शीर्षकमा लेखिएको यस कविताले साँच्चि नै जनताको बोली बोल्ने काम गरेको छ । यस कवितामा देश बनाउन जनताहरू दिनरात लाग्छन्, आफ्नो श्रम र पसिनाको दान गर्छन् तर त्यो श्रम पसिनाको फाइदा देशलाई नभई केही औंलामा गन्न सकिने व्यक्तिहरूलाई भएको छ जनताले आफ्नो ज्यानको बलिदान दिएर प्रजातन्त्र ल्याए तर त्यो प्रजातन्त्रले गरिबको लागि सुनौलो बिहान ल्याउन सकेन, गरिबको अन्धाकारमय झुपडिमा आसाको एउटा दियो बाल्न सकेन, गरिबका श्रम र पसिनाले भिजेका अनुहारमा एउटा मुस्कान दिन सकेन । त्यसैले मानिसहरूमा अब प्रजातन्त्र प्रतिको विश्वास घट्दैछ भन्ने भाव यस कवितामा रहेको छ । जनताको दुखको कमाइलाई केही मानिसहरूले निजी सम्पति बनाएर बिदेशका बैङ्कमा जम्मा गरेका छन् । त्यसैले जनता अब जाग्ने बेला आएको छ । हाम्रो मेहनतको कमाइ यसरी खान पाईंदैन भनेर विरोध गर्ने बेला आएको छ । बारम्बार विभिन्न कुरामा धोका खाएका जनताले अब आफ्नो विश्वास हराउँदै छन् । त्यसैले राष्ट्र

निमार्णको जिम्मा लिएका नेताहरू सर्तक होऊ भोलि फेरी प्रजातन्त्रमाथि सङ्कट नआउला भन्न सकिन्न र सङ्कट परेमा जनताले तिमिहरूलाई साथ दिने छैनन् भन्दै कवि लेख्छन् -

लाग्छ शंका अझै यस्तै विश्वास के गरी गरुँ
धोका खाई बसेका छन् निमुखा जनताहरू
नफर्केला भलै सत्र अर्को षणयन्त्र आउला
सर्तक बन नेता हो प्रजातन्त्र हराउला

(**समय आफैं बोल्छ**, पृ.२३)

जम्मा ९६ शब्द र ४ श्लोक रहेको यो कविता अन्त्यानुप्रास युक्त र अनुष्टुप छन्दमा रचिएको छ । तद्भव शब्दको बाहुल्यता रहेपनि केही तत्सम् र केही आगन्तुक शब्दले कवितालाई सुन्दर बनाएको छ । 'जनताको बोली' शीर्षक रहेको यस कविताले वास्तवमा नै जनताको बोली बोल्ने काम गरेकाले शीर्षक सार्थक छ ।

### ४.४.१६ 'जनता हुँ' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लेखिएको 'जनता हुँ' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित सोन्हौं कविता हो । यस कवितामा कविले सारा नेपाली जनताको मुखपात्र बनेर आफ्ना भावना साथै नेपाली जनताको भावना बताएका छन् । यस कवितामा जनता र नेता बीचको सम्बन्धलाई चित्रण गरिएको छ । जनताले नेतालाई सधैं साथ दिन्छन्, आफूलाई गौण ठानेर नेताकैछेउमा बस्ने गर्छन् , नेताकै आदर सम्मान गर्छन, मुख मात्र जनताको हुन्छ त्यसमा बोली नेताकै रहन्छ, शरीरमात्र जनताको हुन्छ त्यसमा सास नेताकै हुन्छ । जनताहरू नेताकै हरेक कुरालाई शिरोधार्य गरे सधैं नेताका साथ दिन्छन्, हिजो पनि साथ दिएका थिए, आज पनि दिएका छन् र भोलि पनि दिनेछन् तर नेताहरूले कतै बाटो बिराएमा फेरी हामी जनतानै नेतालाई ठाडो औंला देखाउँछौ र सधैंभरी साथ दिँदा पनि कुबाटोमा लागेमा हामी जनता नै नेतालाई हटाउन पछि पर्दैनौं । त्यसैले नेताहरू कतै ठूलो भाग देखेर लोभमा पऱ्यौं भने शिरमा बसालेका छौं भोलि खुट्टा तल राख्न पनि सक्छौं जुन आदर सम्मानकोनदीमा पौडिदै छौं भोलि त्यही नदीबाट पानी बिनाको माछो जस्तै बाहिर निकाल्ने छौं भन्ने भाव यस कवितामा रहेको छ । मौका पर्दा ज्यान दिएरसाथ दिने जनताले नराम्रो काम गरेमा नेतालाई खबरदारी पनि गर्दछन् भन्ने कुरा यस कवितामा दर्शाइएको छ । ४ श्लोकमा रचित यस

कविताको भाषाशैली सरल छ र कविता अन्त्यानुप्रास युक्त छ । शीर्षक पनि विषयवस्तु अनुरूप रहेकाले शीर्षक सार्थक छ ।

### ४.४.१७ 'शिक्षकसँग' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'शिक्षकसँग' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित सत्रौं कविता हो । कविले यस कवितामा एउटा गुरुले आफ्ना चेलाहरूलाई सिकाएका कुरा र दिएको शिक्षा आफैंले नै बिर्सिएको कुरा देखाएका छन् । यस संसारमा आमाबाबु पछिको अर्को महत्त्वपूर्ण स्थान भनेको आफूलाई शिक्षा दिने गुरुको हुन्छ, आमाबाबुले जन्म दिन्छन् तर गुरुले जीवन जिउने सहि मार्ग र दिशा पहिल्याउन मद्धत गर्छन् । तिनै गुरुले नै सानो हुँदा सिकाएको कुरा आज आफैले नै बिर्सिएर राजनीतिको अलग धारमा लागेको देख्दा कवि अचम्म पर्छन । आफूले एकताको पाठ सिकाएको विद्यार्थीलाई नै पछि भेट्दा कुन पार्टीका हौं भनेर प्रश्न गर्ने र त्यही अनुरूप व्यहार गर्ने गुरुको चाला देखेर ज्ञवाली लेख्छन् -

तर आज तिमी भन्दै पाठशाला म धाउँदा
अखील हौ कि के के हौ सोध्नुहुन्छ पढाउँदा

छत्तीस सालमा सारा गुरु एक तिमी थियौ
हिजो सम्म अती मिलथ्यौ आज लौ कसरी फुट्यौ

(**समय आफै बोल्छ**, पृ. २५)

यसरी कुनै बेला साथ रहेका गुरु आज पार्टीगत रूपमा बाँडिएका छन् र आफ्ना विद्यार्थीहरूलाई पनि बाँड्न चाहेका छन् । अरूलाई ज्ञान दिने मानिसलाई के कुराले प्रेरित गर्‍यो, आखिर कुन सौतानी बिचारले गुरुको दिमागमा कब्जा गर्‍यो भनि ज्ञवाली भन्छन् - हरेक काममा मिलेर लाग्ने हाम्रो बानी थियो, देशको हितका लागि सबै मिलेर थुनियौं, पिटियौं तर आज त्यहि कुरा भुलेर किन अलग अलग धारमा लागेका छन् । यसरी आफ्ना चेलाहरूलाई एकताको पाठ सिकाउने गुरुहरू सबै मिलेर बसुन् भन्ने इच्छा नै यस कविताले व्यक्त गरेको छ । छ श्लोकमा लेखिएको यस कवितामा १५० शब्द छन् । गुरु नेत्रद्वार, पाठशाला, चेला जस्ता तत्सम् शब्द र शैतान ठाना, हिस्सा, हक जस्ता आगन्तुक शब्द पनि यस कवितामा छन् । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ । विगत र वर्तमान शिक्षकको व्यवहारमा देखिएको परिवर्तनलाई

विषयवस्तु बनाई लेखिएको यस कविताको शीर्षक सार्थक रहेको छ । सरल भाषाको प्रयोगले कविता बोधगम्य बनेको छ ।

### ४.४.१८ 'आमा छोरा सम्वाद' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'आमा छोरा सम्वाद' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित अठारौं कविता हो । आमा छोरा सम्वादका रूपमा लेखिएको यो कविता जनयुद्ध कालीन परिवेशलाई लिएर लेखिएको कविता हो । नेपाललाई आमाको प्रतीकको रूपमा र जनतालाई छोराको प्रतीक मानिएको यो कविता प्रतिकात्मक र साधारण गरी दुई अर्थ बहन गरेको कविता हो । एकातर्फ आमाको ठाउँमा नेपाललाई र छोराको ठाउँमा जनतालाई राखिएको छ भने अर्को तर्फ साधारण अर्थमा देशको परिस्थितिले त्रसित एउटा छोराले आमासँग गरेको कुराकानीलाई यस कवितामा उतारिएको छ । जनयुद्धका बेला एउटा बालकले आफ्नी आमासँग वनमा वस्तु चराउन जाँदिन किनभने घरबाट हिडेको मानिस साँझ घर फर्कन्छ भन्ने कुनै पक्का छैन्, घरबाट राम्रै हिडेको मानिस बम पड्केर, एम्बुसमा परेर चितामा सधैंका लागि सुत्न सक्छ । जहाँ जाऊ जता जाऊ उही बारुद र गोलीको कुरा हुन्छ, कसैको जीवनको केही ठेगाना छैन, बिनाकारण कलिला बालबालिका मरिरहेका छन्, उनका आमाहरू आफ्ना निर्दोश लालाबालाको मृत्युमा आसुँ बगाई रहेका छन् । आखिर यो सबै केका लागि हो ? कुर्सी र पदका लागि । एउटा सानो पद र कुर्सी मानिसका लागि यति महत्त्वपूर्ण छ कि त्यसका लागि वा त्यसका अगाडि मानिसको जीवनको मोल नै छैन । यसरी कति सम्म बाँच्न सकिन्छ, कतिसम्म डराएर बस्न सकिन्छ ? के मानिसका रगतले र मासुले देश अघाउने हो र आमा ? भन्दै छोरा आमासँग प्रश्न गर्दछ । आफ्नो छोरालाई जवाफ दिँदै आमा भन्छिन् - नेपाल शन्तिको फूलबारीमा जबदेखि जनयुद्ध फूल्न लाग्यो, तवदेखि नेपाल शान्तिभूमि होइन युद्धभूमिमा परिणत भयो । के कलाकार  के पत्रकार के कर्मचारी सबै एक अर्कासँग त्रसित हुने स्थिति आयो । यही जनयुद्धका कारण नेपाली बीच भेदभाव भयो भाइभाइका बीच झगडा भयो, तँ सानो म ठूलो भन्ने मानिसको भावनाले मानिसको मनमा घर गऱ्यो । जसले युद्धलाई निम्त्यायो । एउटा सानो आगोको झिल्कामा घिउ हाल्दै त्यसलाई अझै बाल्ने काम गरेकाले जस्तो स्थिति भयो र यो आगो फैलेर अब देश नै सखाप हुन सक्छ भन्दै आमा आफ्नो छोरालाई सम्झाउँछिन् । यसरी आमाछोराको सम्वादको माध्यमबाट जनयुद्धकालीन नेपालको स्थिति र अवस्थालाई उजागर गर्दै कवि लेख्छन्-

हे आमा जान्न है जान्न आज बस्तु चराउन
साँझ पाइन्छ पाइन्न आमा भन्दै कराउन
कतै एम्बुसमा आज परेर नासिए भने
बम पड्केर छातीमा चितामा राखिए भने

(**समय आफै बोल्छ**, पृ.२७)

सम्वादात्मक शैलीमा लेखिएको यो कविता सात श्लोकमा रहेको छ । अन्त्यानुप्रासयुक्त यस कवितामा तद्भव शब्दको बाहुल्यता भए पनि तत्सम र आगन्तुक शब्दहरू पनि रहेको छन् । शीर्षक प्रतिकात्मक भए पनि कविताको विषय अनुरूप कविता द्रुवोध्य रहेको छ ।

### ४.४.१९ 'नववर्ष' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'नववर्ष' कविता **समय आफै बोल्छ** कवितासङ्ग्रहमा सङ्कलित अन्तिम र सबै भन्दा लामो कविता हो । 'नववर्ष' शीर्षकमा लेखिएको यो कवितामा देशमा नववर्षहरू आउदैं र जादैं गए तर त्यसले केही नौलो उन्नति र प्रगति गर्न सकेन भन्ने भाव यस कवितामा रहेको छ । हाम्रो देशमा कयौं नववर्षहरू आए गए तर त्यसले मानिसहरूलाई नयाँ आसा र आश्वासन बाहेक अरू केही दिन सकेन । मानिसहरूले दुखबाट उम्केर सुखको अनुभूति गर्न सकेनन् । हरेक वर्ष नयाँ वर्ष आउँदा नेतृत्वमा बस्नेहरू नयाँ कुराको आश्वासन दिन्छन । तर न त देशको मुहार फेरियो न त जनताको दुख नै हट्यो उल्टै मानिसले साग र सिस्नो खाएर पेटको आगो निभाउनु पर्ने स्थिति रह्यो तर जति सुकै कष्ट परे पनि नेपालीहरू देशको उन्नतिका लागि एकजुट हुनुपर्छ भन्ने भावना कविले यस कवितामा राखेका छन् । के खेताला, के ज्यामी, के गोठाला सबैको दुख एउटै छ त्यसैले सबै मिलेर आफ्नो आवाज उठाउनु पर्दछ आफ्नो अधिकारको लागि लड्नु पर्दछ । नयँ साल फेरिएर मात्रै केही हुँदैन यदि नेपाल र नेपालीहरूको मुहार नै फेरिएन भने । त्यसैले दिलमा नेपालको माया लिएर मानिसहरू नयाँ उत्साहका साथ एकजुट भएर बोल्नुपर्दछ आफ्नो कुरा राख्न सक्नुपर्दछ । हजारौं मानिसको बलिले रक्तरञ्जित भएको यो देशलाई अब जनताको आँसुले धुनु पर्ने भएको छ र मनमा अटल विश्वास लिएर देशका लागि अगाडि बढ्नु पर्ने बेला भएको छ । नेपालमा पञ्चायत व्यवस्था ढल्यो तर लाग्दछ त्यसको बीज अझ पनि बाँकी छ र त्यो बीजले उम्रेर हुर्कने

मौका पायो भने के हुन सक्छ । त्यस पछि सहिदका सपनाहरू सहिदका बलिदानको कुनै अर्थ रहँदैन । त्यसैले जनता भएरनै नेताहरूको अस्तित्व छ । जनता नेताको भरमा होइन नेता जनताको भरमा हुन्छ भन्ने कुरा बुझेर आफ्नो सामर्थ्यको सहि प्रयोग गर्दै जनताले सहिदको सपना सम्झी सहिदको बलिदानको कदर गर्दै मातृभूमिलाई हसाउँन र देशलाई बचाउन आजैदेखि लाग्नु पर्दछ र मात्रै नेपालमा नयाँ वर्ष साच्चिकै नयँ सौगात र नयाँ नेपालको हँसिलो मुहार लिएर आउँछ भन्दै ज्ञवाली लेख्छन् -

तानाशाहहरू मर्दा जान्छ केवल आसन
सहिदहरू हाँसेमा सुरु हुन्छ सुशासन

सम्झी सम्झी सधैँ यस्तै मातृभूमि हसाउँन्
लाग्नै पर्छ सबै मान्छे आफ्नो देश बचाउन

(**समय आफै बोल्छ**, पृ.३२)

१४ श्लोकमा रचिएको यस कवितामा तद्भव शब्दको बाहुल्यता रहे पनि तत्सम र आगन्तुक शब्दहरू पनि रहेका छन् । अन्त्यानुप्रास युक्त यस कविताको शीर्षक सार्थक छ । सरल भाषाशैलीको प्रयोगले कविता द्रुबोध्य नभई बोधगम्य रहेको छ ।

### ४.४.२० निष्कर्ष

लक्ष्मीनाथ ज्ञवालीको पहिलो प्रकाशित कृतिका रूपमा रहेको **समय आफै बोल्छ** कवितासङ्ग्रह २०६० सालमा प्रकाशित भएको हो । जम्मा १९ वटा कविता रहेको यस कवितासङ्ग्रहको भूमिका कपिल लामिछानेले लेखेका छन् । यस सङ्ग्रहमा रहेका सबै कविताहरू अन्त्यानुप्रास युक्त र अनुष्टुप छन्दका रहेका छन् । एक दुई कविता बाहेक सबै कविताको भाषाशैली सरल र बोधगम्य रहेको छ । सबै कविताका शीर्षकहरू विषय अनुसार सार्थक छ ।

## ४.५ लोकतन्त्रका कविता-१ कवितासङ्ग्रहभित्र रहेका लक्ष्मीनाथ ज्ञवालीका कविताहरूको अध्ययन

**लोकतन्त्रका कविता-१** कवितासङ्ग्रह २०६३ सालमा प्रकाशित भएको हो । यो लक्ष्मीनाथ ज्ञवालीको एकल लेखनमा रहेको कवितासङ्ग्रह नभई ज्ञवाली र ऋृतुराजको संयुक्त लेखक रहेको

कवितासङग्रह हो । यस कवितासङ्ग्रहमा सुमेरु खण्ड र ऋतुराज खण्ड गरी दुई खण्ड रहेका छन् । देशमा लोकतन्त्रको लहर चलेको बेला लेखिएको कविताहरू यस कवितासङ्ग्रहमा रहेका छन् । त्यसैले ती कविताहरूमा लोकतन्त्रप्रतिको सर्मथन र राजतन्त्रको विरोधका कुरा बढी आएका छन् । यस कवितासङ्ग्रहभित्र रहेका ज्ञवालीका ९ कविताहरू पूर्ण रूपमा क्रान्तिकारी चेतना युक्त र जोसिला भावनाले परिपूर्ण छन् । ९ कविता मध्ये एक बालकविता लोक लयमा रहेको छ भने बाँकी सबै ८ ओटा कविताहरू मुक्त छन्दमा अर्थात गद्यलयमा लेखिएका छन् । आफ्नो पहिलो कवितासङ्ग्रह **समय आफै बोल्छ**मा प्राय: सबै कविता अनुष्टुप छन्दमा लेखेका ज्ञवालीले आफ्नो दोस्रो कवितासङ्ग्रहका कविताहरू मुक्त छन्द अर्थात गद्यलयमा लेखेका छन् । निरंकुशता विरुद्धको अर्को काव्यात्मक प्रहार **लोकतन्त्रका कविता-१** को समीक्षामा मुरारि पराजुलीले लेखेका छन्- "मूलभूत रूपमा प्रगतिशील चेतना रहेको उनको काव्य लेखनीमा निरंकुशताप्रतिको तीव्र आक्रोश र मुक्तिको चाहना भेटिन्छ"[८]

लोकतन्त्रको पक्षमा उभिनु र राजतन्त्रको विरोध गर्नु नै यस कवितासङ्ग्रहभित्रका ज्ञवालीका कविताहरूको मूल उद्देश्य रहेको छ, जुन कविताहरू पढ्दा मानिसमा जोस उत्साहको भावना भरिपूर्ण भएर आउँछ । लोकतन्त्रका बेला मानिसमा जोस र उत्साह भर्ने काम गरेको यस कवितासङ्ग्रह **लोकतन्त्रका कविता-१** मा रहेका कविताहरूको अध्ययन यसरी गरिन्छ ।

### ४.५.१ 'लोकतन्त्र' कविताको मूलभाव

'लोकतन्त्र' कविता **लोकतन्त्रका कविता-१** कवितासङ्ग्रहमा सङ्कलित पहिलो कविता हो । देशमा राजतन्त्रको अन्त्य गरी लोकतन्त्र ल्याउने लहर चलेका बेला लेखिएको यो कविता गद्यलयमा लेखिएको छ । प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको यस कवितामा प्रथम पुरुष 'म'को रूपमा लोकतन्त्र रहेको छ अर्थात लोकतन्त्रलाई मानविकरण गरिएको छ । मानवीकृत लोकतन्त्रले नेपाली जनतालाई भनेको कुरा नै कविताको विषयवस्तुका रूपमा रहेको छ । कविले यस कवितामा लोकतन्त्रले आफू अब नेपाली जनताको नजिक आइरहेको कुरा व्यक्त गरेका छन्. । नेपाली जनतालाई सम्बोधन गर्दै लोकतन्त्रले भनेको छ । तिमीहरूको निद्रा अझै पुगेन, उठ र हेर सडकका तुलहरूमा, नेपाल बन्दहरूमा म आइरहेको छु । बन्दुकको नाललाई बारुदका गोलाहरूलाई वर्दीबाला पालेहरूलाई हराएर म आइरहेको छु । गाउँ गाउँमा, वस्तीवस्तीमा

[८] मुरारी पराजुली, **बुटवल टुडे**, २०६२ कार्तिक २५, पृ.३ ।

साहित्यकारका कथा, कविता, गजल, निबन्धहरूमा म तिमीहरूको नजिक आइरहेको छु । तिमीहरूका जोसिला आवाज सुनेर कर्फ्युका बारहरू नाघ्दै म आइरहेको छु । तर होसियार ! म कुनै चीज होइन कसैले दिएर पाइने, लुगा गहना होइन कसैको शरीरमा सजिने, म कसैको दास होइन म त लोकतन्त्र हुँ जुन पाउनको लागि त्याग बलिदान चाहिन्छ । त्यसैले तिमीहरूको त्याग र बलिदान देखेर म तिमीहरूको नजिक आइरहेको छु । तर म आउने बाटोमा तिमीहरूले सम्झौताका पानाहरू ल्यायौ भने, कुटिल जालमा पऱ्यौ भने पछि मलाई पाउन गाह्रो हुनेछ भन्ने भाव राख्दै कवि लेख्छन् -

ढुङ्गा, छाना, पाटी, सडक, पौवा र बस्ती बस्तीमा
कविता, कथा, गजल, निबन्ध कमेडी यस्तै अरूहरूमा
मैले तिम्रो सन्देश पाइरहेको छु
अब म तिम्रो नजिक आइरहेको छु ।

(**लोकतन्त्रका कविता-१,** पृ.१)

यसरी लोकतन्त्र पाउनको लागि धेरै त्याग र बलिदान दिएका छन् । नेपाली जनताहरूले र त्यही जनताले दिएको त्यागको फलस्वरूप देशमा लोकतन्त्र आउन लागेको छ र हामीले त्यो लोकतन्त्रको सम्मान गर्नु पर्छ भन्ने भाव यस कवितामा छ । कवितामा केही तत्सम् र आगन्तुक शब्द पनि रहेका छन् । सम्बोधनात्मक शैलीमा लेखिएको यो कवितामा लोकतन्त्रले नेपाली जनतालाई सम्बोधन गर्दै आफ्ना कुराहरू राखेकाले पढ्दा पहिलो पल्ट मै नबुझिने यो कविता पढ्दै जाँदा बुझिने हुनाले बोधगम्य रहेको छ ।

### ४.५.२ 'देशको माग' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लेखिएको 'देशको माग' कविता **लोकतन्त्रका कविता**-१ मा सङ्कलित दोस्रो कविता हो । यो राजतन्त्रका विरोधमा लेखिएको कविता हो । नेपाली धर्तीले अब राजतन्त्र रोजेको छैन, नेपाली जनताले पनि राजतन्त्र फालेर लोकतन्त्र चाहेका छन् किनकी राजाले प्रजातन्त्रलाई आफ्नो ठान्दैन । त्यसैले लोकतन्त्रलाई आफ्नो नठान्ने राजतन्त्रसँग कुनै सम्झौता हुने छैन, राजा अब नेपाली जनताका अगाडि असफल भै सकेका छन्, त्यसैले राजा र महँगो राजतन्त्रलाई सबै मिलेर हटाउनु पर्छ, यदि राजाले जनताको साथ चाहने हो भने राजा होइन प्रजा बन्नु पर्छ आफ्ना सबै सम्पत्तिहरू देशको नाम गर्नुपर्छ । राजाले यस्तो गर्न चाहेनन्

भने जनताले राजालाई अदालतमा उभ्यानुपर्छ र जनताकै फैसला अनुसार राजालाई जेलमा पठाउनु पर्छ भन्ने भाव यस कविताको छ । तृतीय पुरुष दृष्टिविन्दुमा रचिएको यस कवितामा जम्मा १५५ शब्द छन् । केही तत्सम् शब्द रहेको यो कविता द्रुबोध्य नभई बोधगम्य छ । साथै कविताको विषयवस्तु र भाव अनुरूप यस कविताको शीर्षक पनि सार्थक छ ।

### ४.५.३ 'लोकतन्त्र जिन्दावाद' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'लोकतन्त्र जिन्दावाद' कविता **लोकतन्त्रका कविता-१** कवितासङ्ग्रहमा सङ्कलित तेस्रो कविता हो । देशमा राजतन्त्र मासेर लोकतन्त्र ल्याउने लहर चलेका बेला सबैतिरबाट लोकतन्त्रका पक्षमा आन्दोलन भएको र सेना पुलिसलाई पनि लोकतन्त्र कै पक्षमा आउन आह्वान गरिएको कविता हो । देशमा लोकतन्त्र ल्याउने लहर चल्दा सबै नेपाली जनताको मनमा र मुखमा लोकतन्त्र जिन्दावाद भन्ने कुरा नै रहेको थियो र सबैले आ-आफ्ना तर्फबाट लोकतन्त्रको सर्मथन गरेका थिए । नेपाली गीतहरूमा, साहित्यिक रचनाहरूमा लोकतन्त्रनै छाएको थियो । के मन्दिर, के मस्जिद सबैमा लोकतन्त्र नै लेखिएको थियो । त्यसबेला मानिसको जात भनेको पनि लोकतन्त्र थियो, धर्म भनेको पनि लोकतन्त्र थियो यसरी सबैतिरबाट लोकतन्त्रको सर्मथन भइरहेका बेला नेपाली सेना र पुलिसहरूले आफ्नै दाजुभाइका छातीमा गोली हानीरहेका देखेर कविले ती सबैलाई लोकतन्त्रकै सर्मथन गर्न आग्रह गर्दै लेख्छन् -

ए सेना तथा पुलिस दाजु भाइ हो
तिम्रै नेपालीहरू माथि गोली नछोड
तिम्रै हातको लट्ठीले दाजुभाइको टाउको नफोड
अब त जनताले देश हाक्ने बेला भईसकेको छ
राजतन्त्रको जमाना गइसकेको छ ।

(**लोकतन्त्रका कविता-१**, पृ. ५)

यसरी सेना र पुलिसहरूलाई शाही वर्दी त्यागेर लोकतन्त्रको वर्दी लगाऊ, नेपाली दाजुभाइको टाउको नफोड बरु लोकतन्त्र ल्याउन तिनीहरूसँग हात जोडेर लोकतन्त्र जिन्दावाद भन्ने नारा लगाऊ । लोकतन्त्र आए पछि यो सबैका लागि हुन्छ भन्ने भाव यस कवितामा रहेको छ । प्रथम पुरुष दृषिविन्दुमा लेखिएको यस कवितामा २४ लाइन र १२३ वटा शब्दहरू रहेका छन्

। मुक्त छन्दमा लेखिएको यस कविताको शीर्षक पनि विषयवस्तु अनुरूप नै रहेको छ र कविता बोधगम्य छ ।

### ४.५.४ 'छुट्टी' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'छुट्टी' कविता **लोकतन्त्रका कविता-१** कवितासङ्ग्रहमा सङ्कलित चौथो कविता हो । यस कवितासङ्ग्रहमा भएका ज्ञवालीका ९ कविता मध्ये 'छुट्टी' एउटा बालकविता हो । आजका साना बालबालिका भनेका भोलिका देश चलाउने देशका कर्णधार हुन् । त्यसैले तिनीहरूले पनि देशमा के भई रहेको छ, किन भइरहेको छ भन्ने कुरा बुझ्न अत्यन्तै जरुरी छ । यथार्थ कुरा बुझे मात्र सहि गलत के हो भनि सही मार्गमा हिड्न भोलिका राष्ट्र चलाउने साना बालबालिका अर्थात् देशका कर्णधारहरूलाई सजिलो हुन्छ भन्ने बिचार राख्दै कविले साना बालबालिकाहरूलाई पनि देशको यथार्थ स्थिति बुझाउन खोजेका छन् । देशमा गणतन्त्रको लहर चलेका बेला दिन रातको आन्दोलन, दिनरातको, बन्द, हड्ताल आदिको बीचमा सबैको मुखबाट गणतन्त्र भन्ने शब्द साना साना बालबालिकाले सुनेका थिए तर उनीहरूलाई त्यसको सहि अर्थ थाहा थिएन र गणतन्त्रका लागि मानिसहरू किन ज्यान दिएका छन्, नेपालमा गणतन्त्र किन चाहिएको छ भन्ने कुरा बालबालिकाले बुझेका थिएनन् । त्यसैले कविले साना बालबालिकालाई यसको यथार्थता राख्दै यो सबै राजाको कारण भएको हो जो आफ्नै परिवारको विनास गरेर अब नेपाली जनता तर्फ बढ्दै छ, जो मानिस चील सरी उडेर निर्दोश साना चल्लाहरूलाई आफ्नो पञ्जामा पार्न चाहन्छ र नेपाली जनताहरूलाई आफ्नो दास बनाउन चाहन्छ । हो तिनै राजालाई हटाउन यी सबै आन्दोलन भई रहेका छन् त्यसैले तिमीहरू पनि बुझ र जनताले आफ्नो शासन चलाउने बाटो रोज आफ्नो अधिकार रोज र मीठा मीठा कुरा मात्र गर्ने त्यस्ता शासकलाई अब छुट्टी देऊ भन्दै ज्ञवाली लेख्छन्-

नेपालका नेपाली हौ हाम्रै हो यो देश
लाश भयो यो मान्छे त अब बन्छ शेष
मीठा मीठा कुरा गर्छ काम छैन फुट्टी
यस्तो मान्छे राख्ने होइन दिनु पर्छ छुट्टी

(**लोकतन्त्रका कविता-१**, पृ.७)

यसरी १४/१४ अक्षरको एक पाउँ हुने र चार पाउँको एक श्लोक हुने वसन्ततिलका छन्दमा यो कविता रचिएको छ । जम्मा १८० शब्दहरू रहेको यस कवितामा ८ श्लोक छन् ।

कविता केही प्रतिकात्मक पनि छ । यस कवितामा चीललाई राजाको प्रतीकको रूपमा र चल्लालाई नेपाली जनताको प्रतीकको रूपमा राखिएको छ । सरल भाषाको प्रयोगले कविता बोधगम्य छ र कविताको भाव अनुरूप शीर्षक पनि सार्थक छ ।

### ४.५.५ 'संस्कार' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'संस्कार' कविता **लोकतन्त्रका कविता-१** कवितासङ्ग्रहमा सङ्कलित पाँचौ कविता हो । कविले यस कवितामा राजनितीमा लागेका नेताहरूको संस्कारको चित्रण गरेका छन् । 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने नेपाली उखानलाई चरितार्थ गर्ने नेताहरूको चरित्र वास्तवमै अचम्मको छ । सत्ताको खेल खेलेर पदमा नपुगुञ्जेल मीठो बोली बोल्ने, सबैको साथमा रहने, गरिबको पीडा बुझ्ने एउटा मानिस पदमा पुगेपछि अर्को बन्न पुग्दछ । पदमा पुग्ने बित्तिकै नेताले आफूभन्दा पहिलेका नेताहरूको संस्कारलाई आत्मसात गर्दै अगाडि बढ्छ, उसले देशको समस्या देख्दैन, गरिब जनताका पीडा बुझ्दैन मात्र आफ्नो पेट देख्छ । ठूलाको चाकरी गरेर हुन्छ कि, सानालाई डर देखाएर हुन्छ कि, मान्छे मान्छेलाई लडाएर हुन्छ कि, आफ्नै देशलाई हराएर हुन्छ कि नेता मात्र आफ्नो पदको सुरक्षा चाहन्छ र यस्ता नेतालाई हटाउन जनताले केही गरे पनि भएको छैन । नेताहरुमा देखिएको यो संस्कार न त व्रत बसेर नास हुन्छ न त पूजापाठबाट नै नास हुन्छ । त्यसैले नेताहरुमा भएको यो संस्कारलाई हटाउन अब नेपाली जनताले लोकतन्त्रको मद्दत लिनुपर्छ भन्ने कुरा यस कतिवामा कविले प्रस्तुत गरेका छन् । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कवितामा ३२ लाइन छन् । तद्भव शब्दका साथै पावर, डिनर, रोष्ट टोष्ट जस्ता केही आगन्तुक र युद्ध, शुद्ध, धर्म, यज्ञ, दान, पोशाक जस्ता केही तत्सम् शब्द पनि रहेका छन् । नेताहरुमा देखिएको स्वार्थी संस्कारलाई उजागर गर्ने यस कविताको शीर्षक सार्थक रहेको छ ।

### ४.५.६ 'ज्यूँदो लासमाथिको खेल' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'ज्यूँदो लासमाथिको खेल' कविता **लोकतन्त्रका कविता-१** कवितासङ्ग्रहमा सङ्कलित छैठौँ कविता हो । यस कविताको शीर्षक प्रतीकात्मक छ । यहाँ ज्यूँदो लास भन्नाले राजालाई बुझाउँछ र राजालाई फेरी सत्तामा ल्याउन गरिएको प्रयासलाई खेलका रूपमा राखिएको छ । कवितामा हामीले नेपाली जनतालाई, तिमीले केही राजावादी नेताहरूलाई बुझाउँछ । लोकतन्त्रका लागि गरिएको आन्दोलनले गर्दा राजा निस्तेज अवस्थामा पुगेका बेला

पनि हामी नेपाली जनता ढुक्क भएर बस्नु हुँदैन किनकी खरानी भित्रको सानो आगो पनि हावा र दाउराको साथ पाउनसाथ दन्केर बल्न सक्छ र नेपाली जनतालाई जलाउन सक्छ भन्ने कुरा कवितामा कविले दर्शाएका छन् । केही राजावादी नेताहरू ज्यूँदो लास बनिसकेका राजालाई फेरी व्युझाउँने प्रयास गरिरहेका छन् । नेपाली जनता जुन राजादेखि वाक्क दिक्क भएर त्यसको विरोध गरिरहेको छ त्यही केही नेताहरू राजालाई सत्तामा ल्याउन प्रयासरत छन् तर जतिसुकै कोसिस गरे पनि नेपाली जनताले राजालाई राख्ने छैनन्, राजालाई डाँडामा राखेमा भुकम्प बनेर, खोला किनारमा राखेमा बाढी बनेर, मन्दिरमा राखेमा बुलडोजर बनेर राजालाई हटाई छाड्ने छन् । त्यसैले राजावादी केही स्वार्थी नेताहरू व्यर्थमा राजालाई व्युझाउँने प्रयत्न नगर भन्ने कुरा यस कवितामा कविले प्रस्तुत गरेका छन् । जम्मा १६७ वटा शब्दहरू रहेका यस कवितामा प्रथम पुरुष दृष्टिविन्दु रहेको छ । कवितामा सन्जीवनी, अमृत, रूप, श्रीखण्ड, शङ्ख, शव, अन्त्येष्टि, मन्दिर जस्ता तत्सम् शब्द र कहर, धोका, अक्सिजन, लास, शहनाई, बुलडोजर जस्ता आगुन्तुक शब्द पनि रहेका छन् । शीर्षक प्रतीकात्मक भए पनि कविताको भाव अनुरूप भएकाले शीर्षक सार्थक छ । कविता केही प्रतीकात्मक भए पनि जटिल र द्रुबोध्य नभई बोधगम्य छ ।

### ४.५.७ 'बुढो रुख' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'बुढो रुख' कविता **लोकतन्त्रका कविता-१** कवितासङ्ग्रहमा सङ्ग्रहमा सङ्कलित सातौँ कविता हो । यो एउटा प्रतिकात्मक कविता हो । 'बुढो रुख' शीर्षक रहेको यस कवितामा राजालाई बुढो रुखको प्रतीकका रूपमा राखिएको छ । कविले बुढो रुख निष्प्राण नहुदाँसम्म आफू खुसी नहुने र अरूलाई पनि खबरदारी गर्ने कुरामा अडिग छन् । जबसम्म बुढो रुख ढल्दैन तबसम्म हामी ढुक्क हुनु हुँदैन । हो बुढो रुखका हाँगाहरू काटिएका छन् तर ती फेरी मौलाउन सक्छन् । मौलाएर आफ्ना जरा फौलाउन सक्छन् । त्यसैले त्यो बुढो रुखलाइ जरैदेखि फालिदैँन तबसम्म त्यो रुखले आफ्ना आडमा काला विषालु सर्पहरू पाल्नेछ । त्यसैले त्यो रुखलाई जरैदेखि फाल्न सकियो भने त्यस रुखको आडमा बस्ने काला सर्पहरू पनि स्वतः हराउनेछन् र इतिहासमा एउटा बुढो रुख थियो भनेर लेखिनेछ भन्ने कुरा यस कवितामा कविले व्यक्त गरेका छन् । अर्थात् राजा केही समयका लागि निष्क्रिय भएका मात्र हुन् । मौका पाए भने आफ्नो शासन फेरी विस्तार गर्न सक्छन । त्यसैले नेपाली जनताहरूले जबसम्म राजाको नामोनिशान मेटाउँदैनन् र नेपाली इतिहासमा एउटा राजा थियो वा राजसंस्था इतिहासमा मात्र

सिमित हुँदैन तबसम्म नेपाली जनताहरूले ढुक्क भएर बस्नु हुँदैन भन्ने भाव व्यक्त गर्दै कवि लेख्छन्-

मलाई ज्ञान छ
हाँगाहरू काटिएका छन्
तर रुख काटिएको छैन
यो पलाउन सक्छ
पलाएर मौलाउन सक्छ
मौलाएर बहुलाउन सक्छ

(**लोकतन्त्रका कविता-१**, पृ. १०)

यसरी प्रतिकात्मक शीर्षक राखेर लेखिएको यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा अर्थात आन्तरिक दृष्टिविन्दुमा रचिएको छ । केही तत्सम् र आगन्तुक शब्दहरू रहेका यस कविताको शीर्षक सार्थक रहेको छ । प्रतिकात्मक भए पनि कविता पढ्ने वित्तिकै बुढो रुखले राजालाई सङ्केत गरेको छ भन्ने कुरा बुझिने हुदाँ कविता द्रुवोध्य र जटिल नभई सरल र बोधगम्य छ ।

### ४.५.८ 'लाज' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'लाज' कविता **लोकतन्त्रका कविता-१** कवितासङ्ग्रहमा सङ्कलित आठौं कविता हो । यस कवितामा कविले बाघको छाला ओड्ने स्यालहरूलाई देखाउन खोजेका छन् । लोकतन्त्रका पक्षमा लागे जस्तै गरेर लोकतन्त्रलाई नै आउनबाट रोक्ने निर्लज्जहरूप्रति कविले व्यङ्ग्य गरेका छन् । यहाँ ठूला पदमा आसिन भएर अरूलाई दास बनाउन खोज्ने मानिसहरू पनि छन् । लाजै नमानी असत्यमा सत्यको आवरण चढाउन खोज्नेहरू पनि छन् । झुटा प्रमाणपत्रका आधारमा झुट बोलेर काम गर्नेहरू पनि छन् । यी सबै कुराहरू देशमा लोकतन्त्र नभएर भएको हो भन्ने भाव कवितामा छ । देशमा अधुरो र अपुरो लोकतन्त्रका कारण नै निर्लज्जता पूर्वक यस्तो काम भइरहेको छ भन्ने कुराको चित्रण कविले यस कवितामा गरेका छन् । तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको यस कवितामा मुक्त छन्द वा गद्य लयको प्रयोग गरिएको छ । अहिलेको अवस्थामा मानिसलाई जुनसुकै, जस्तो सुकै नराम्रो काम गर्न पनि लाज छैन भन्ने भाव बोकेको यस कविताको शीर्षक 'लाज' कविताको भाव अनुरूप भएकाले सार्थक

छ । एकचोटीको अध्ययनमा बुझ्न नसकिने यो कविता केही द्रबोध्य रहेको छ र कवितामा केही तत्सम र केही आगन्तुक शब्दको प्रयोग पनि गरिएको छ ।

### ४.५.९ 'सदनलाई खबरदारी' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'सदनलाई खबरदारी' कविता **लोकतन्त्रका कविता-१** कवितासङ्ग्रहमा सङ्कलित नवौं र ज्ञवालीखण्डको अन्तिम कविता हो । नेताहरूको व्यवहारप्रति आशंका व्यक्त गर्ने यस कवितामा जनतालाई होसियार र नेतालाई खबरदार गर्ने काम कविले गरेका छन् । दिनरात आन्दोलन गर्दा पनि सम्पूर्ण रूपमा लोकतन्त्र आउन सकेको छैन । सदनमा अझै पनि निरङ्कुशताको प्रतीकले ठाउँ ओगटि रहेको छ । जसले गर्दा लोकतन्त्रका लागि दिनरात नभनी डटेका नेपाली जनताको मन दुखी रहेको छ । केही नेताहरू निरङ्कुशताको पक्षमा लागेर निरङ्कुशतालाई व्युझाउने प्रयासमा छन् जसको लागि नेपालीहरूको आवाज दवाउने प्रयत्न गर्दैछन् । जनताको मनोभावना नवुझेर र आफ्नो स्वार्थको लागि निरङ्कुशताको प्रतीक राजतन्त्रलाई पनि जिउँदो राख्न खोज्ने नेताहरू अब नेपाली जनताहरूलाई चाहिएको छैन । देशलाई त जनताको आवाज हाक्न सक्ने नेपाली जनताको छोरो चाहिएको छ । नेपाली जनताहरू होसियार भई बस्नु पर्छ र सास छउन्जेल आस हुन्छ भने झैं गणतन्त्र आउने कुरामा सधैं आसावादी रहनुपर्छ भन्दै कवि लेख्छन्-

अब भुत्रे भुत्रे नेताहरू होइन
जनताको आवाजलाई हाँक्न सक्ने
जनताकै छोरो देशलाई चाहिएको छ ।

(**लोकतन्त्रका कविता-१**, पृ.१४)

यसरी सदनलाई खबरदारी गर्दै लेखिएको यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचिएको छ । कविताका बीचवीचमा खबरदार र होसीयार भन्दै नेता र जनतालाई भनिएको छ । कवितामा जम्मा ३६ लाइन छन् र कविताको शीर्षक पनि भाव अनुरूप भएकाले शीर्षक सार्थक रहेको छ ।

### ४.५.१० निष्कर्ष

२०६३ सालमा प्रकाशित यस कवितासङ्ग्रहमा लक्ष्मीनाथ ज्ञवालीका ९ कविता रहेका छन् र सबै कविताहरू जनआन्दोलनका बेला लेखिएका हुन् त्यसैले यस कवितासङ्ग्रहमा रहेका ज्ञवालीका कविताहरू क्रान्तिकारी भावनाले भरिपूर्ण छन् । एउटा बालकविता बाहेक सबै कविता मुक्त छन्द वा गद्य लयमा लेखिएका छन् । कुनै कुनै कविताहरू प्रतीकात्मक पनि छन् र सबै कविताका शीर्षक सार्थक रहेका छन् साथै कवितामा तद्भव शब्दका साथै तत्सम् र आगन्तुक शब्द पनि रहेको छन् ।

### ४.६ 'चील' कवितासङ्ग्रह भित्रका कविताहरूको अध्ययन

२०६५ सालमा प्रकाशित **चील** कवितासङ्ग्रहमा लक्ष्मीनाथ ज्ञवालीको तेस्रो कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहभित्र जम्मा ४४ वटा रचनाहरू छन् । सङ्ग्रहभित्रकै एउटा कविता **चील**को नाममा यस कवितासङ्ग्रहको नामकरण गरिएको छ । यस कवितामा भएका ४४ वटा रचनाहरू मध्ये ३० पद्य कविता ९ गद्य कविता ४ गीत र १ गजल छन् । पद्य कविताहरूमा एउटा कविता शार्दुलविक्रीडित छन्दमा र अरू २९ कविता अनुष्टुप छन्दमा रचिएको छ । **चील** कवितासङ्ग्रहको भूमिका लेख्ने क्रममा रामचन्द्र भट्टराईले 'चील बारे केहि कुरा'मा लेखेका छन् - "लेख र कविता दुवै विधामा सँगसँगै कलम चलाउने यी कवि तथा लेखकका रचनाहरूमा युगवोध युगपरिवर्तन दमित वर्गप्रतिको पक्षधरता, अन्याय-असमानता अनैतिकता, प्रतिगामिता, यथार्थस्थितिवादिता र अग्रगमनकारीभित्रको विकृति-विसंगतिप्रति मधुर प्रहार छ"[९]

त्यसै गरी **चील** कवितासङ्ग्रह कै बारेमा बुटवलबाट प्रकाशीत **जनदिशा** पत्रिकामा कुशुम भट्टराईले "विसङ्गति विरुद्ध सुमेरुको साहित्यिक क्षेप्यास्त्र" शीर्षकको लेखमा लेखेका छन् - "कवितासङ्ग्रह **चील**मा कविले सामाजिक शोषण, उत्पीडन, प्रतिगमन अन्याय अत्याचार र विसङ्गतिहरू विरुद्ध तीखो प्रहार गरेका छन् र ती सबैको मूल शत्रुका रूपमा विश्व साम्राज्यवादलाई बिम्बिकृत गरेका छन् ।"[१०] यसरी यस **चील** कवितासङ्ग्रहभित्रका रचनाहरूमा कविले मूलत अन्याय अत्याचारको विरोध गरेका छन् भने गरिब र दमित वर्गप्रति साहानुभूति राखेका छन् । यस कवितासङ्ग्रह भित्र रहेका प्रत्येक रचनाहरूको अध्ययन यसरी गरिन्छ -

---

[९] रामचन्द्र भट्टराई, **चील** भीमका, २०६५, प्रतीक अफसेट प्रेस ।
[१०] कुसुम भट्टराई, **जनदिशा साप्ताहिक**, २०६५ कार्तिक २३, पृ.५ ।

### ४.६.१ 'कागती' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'कागती' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित पहिलो कविता हो । यस कवितामा साधारण अर्थमा कागतीको गुण महत्त्व र उपयोगिता देखाइएको छ भने अर्को अर्थमा कागतीलाई नेपाली जनताको प्रतीकको रूपमा राखेर कसरी नेपाली जनता निचोरिएका, मिचिएका, चुसिएका र फ्याकिएका छन् भन्ने कुराको चित्रण गरिएको छ । अभिधात्मक अर्थमा हेर्ने हो भने हाम्रो गाउँ घरमा सजिलै पाइने बहुगुणी कागतीले कहिले अचारमा मिसिएर मानिसलाई स्वाद दिन्छ, कहिले पानीमा मिसिएर शीतलता प्रदान गर्दछ, कहिले महमा मिसिएर औषधिको काम गर्दछ भन्ने कुरा यहाँ कविले बताएका छन् भने प्रतीकात्मक रूपमा कागती भनेका नेपालका जनता हुन जसलाई देशका शासक वर्गले आफ्नो इच्छा अनुसार प्रयोग गरेपछि फ्याकिदिएका छन् भन्दै कवि लेख्छन् -

निचोरिए अति साह्रै थिचिए पिसिए पनि
लागेन घाम त्यो तातो न्यानो आङ हुनेगरी
मात्र निचोरिने काम भयो मेरो निरन्तर
श्रमको रस यो किन चुस्छन सधैंभर

(**चील**, पृ. १)

अन्त्यानुप्रास युक्त यस कवितामा अनुष्टुप छन्दको प्रयोग गरिएको छ । जम्मा १० श्लोक रहेको यस कवितामा केही तत्सम् र आगन्तुक शब्द पनि छन् । प्रतीकात्मक शीर्षक रहेको यस कविताले एकातिर कागतीको महत्त्व र अर्को तर्फ कागतीको रूपमा निचोरिएका नेपाली जनताहरूको चित्रण गरेकाले शीर्षक सार्थक छ । सरल भाषाशैलीको प्रयोगले कविता बोधगम्य छ ।

$=^=@ 'h"g' sljtfsf] d"nefj

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'जून' कविता यस **चील** कवितासङ्ग्रहमा सङ्कलित दोस्रो कविता हो । यस कवितामा कविले अँध्यारो हटाई उज्यालो छर्ने जूनको वर्णन गरेका छन् । संसारलाई नै उज्यालो छर्ने जूनले जसरी आफूसँग भएको गुणले संसारलाई नै उज्यालो बनाउँछ । कालो अन्धाकारमय रात्रीसँग बसेर पनि आफूसँग उज्यालो कायम गर्छ । कालो बादलले आई पटक पटक जूनको उज्यालो छेक्ने काम गर्दछ तर जून त्यो कालो बादल हटाई संसारको सामु

फेरि आइपुग्छ । जसरी जूनले कालो अन्धकारमय रात्रिसँग बसेर पनि आफूसँग भएको उज्यालोले संसारलाई उज्यालो छर्ने काम गर्छ । पथिकहरूलाई बाटो पहिल्याउन मद्दत गर्दछ त्यसरी नै मानिसले जस्तो सुकै कठिनाइ परे पनि त्यसबाट नआत्तिइ आफूसँग भएको गुणले गाउँ, समाज र राष्ट्रमा केही राम्रो हुने काम गर्नुपर्दछ भन्ने भाव यस कवितामा रहेको छ । यसै भावलाई व्यक्त गर्दै कवि लेख्छन्-

म हुँ गगनको जून शुक्लपक्ष बनाउने
कृष्णपक्ष भगाएर उजेलीमा रमाउने
म हुँ निस्वार्थको जून ज्योति मेरो बराबरी
आकार बन्छ साकार रूप मेरो थरीथरी

(**चील**, पृ. ३)

अनुष्टुप छन्दमा रचिएको यस कवितामा ९ श्लोक रहेको छ । अन्त्यानुप्रास युक्त यस कवितामा जूनलाई मानविकरण गरिएकाले कविता प्रथम पुरुष दृष्टिविन्दुमा रहेको छ । कवितामा तत्सम् शब्दको बाहुल्यता छ र 'जून' शीर्षक राखेर लेखिएको यस कवितामा जून कै वर्णन गरिएकाले कविताको विषयवस्तु र भाव अनुरूप शीर्षक सार्थक छ ।

### ४.६.३ 'हावा' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'हावा' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित दोस्रो कविता हो । यस कवितामा हावाका विभिन्न रूपका वर्णन गरिएको छ । विना रूप र विना आकारको हावाका अनेक रूप हुन्छन् । त्यही कहिले मन्द गतिमा बहँदै मानिसलाई शीतलता दिन्छ, अक्सिजन बनी संसारका हरेक प्राणीका लागि प्राणवायु बन्दछ, फूललाई स्पर्श गरेर फूलको बास्नामा मगमगाउँछ भने कहिले त्यही हावा हुरीवतास बनेर विनाशको कारण बनि संसारमा विध्वशं गर्दछ । घरका छाना उडाउँछ, रुखविरुवा उडाउँछ, जतातत्तै तहसनहस पारी मानिसका लागि दुखको कारण बन्दछ । यसरी यस कवितामा हावाका अनेक रूपको चित्रण छ । जसमा हावाका शान्त सुगन्धी रूप र रौद्र विनाशकारी रूप छ । हावा कहिले संसारका वनस्पति र प्राणीका लागि प्राणवायु बन्दछ र कहिले आँधिबेरी बनेर विनाशकारी रूप लिन्छ तर जस्तो

सुकै रूपमा रहे पनि रूप र आकार विनाको हावा विना सृष्टि शुन्य हुन्छ भन्ने भाव व्यक्त गर्दै कवि लेख्छन्-

विक्रान्त बन्छ त्यो हावा विध्वम्स र विनाशमा
सुरभियुक्त त्यो हुन्छ शान्तिको पुष्प वागमा
अनेकौ नामले युक्त न आकार प्रकार छ
अनेकौ भावले युक्त यो विना सृष्टि शून्य छ ।

(**चील**, पृ. ६)

यसरी ५ श्लोकमा रहेको यस कविताको अन्त्यानुप्रास मिलेको छ । तद्भव शब्दकै बाहुल्यता रहे पनि यस कवितामा केही तत्सम् र आगन्तुक शब्द पनि रहेका छन् । हावाको अनेकौ रूपको वर्णन गरिएको यस कविताको शीर्षक सार्थक छ । कविता सरल भाषाशैलीको प्रयोगले द्रुवोध्य नभै बोधगम्य छ ।

### ४.६.४ 'चील' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'चील' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित चौथो कविता हो । यसै कविताको नामबाट यस कवितासङ्ग्रहको नामकरण गरिएको छ । प्रतीकात्मक शीर्षक रहेको यस कवितामा कविले ठूला र शक्तिशाली मुलुकलाई चीलका रूपमा र साना चरालाई साना राष्ट्रका रूपमा प्रतीकका माध्यमले देखाउँदै बलियाले कमजोरलाई हेप्ने मिच्ने प्रवृत्ति देखाउन खोजेका छन् । जसरी चीलले विशाल आकाशमा उड्दै आफ्ना आँखाले कमजोर सिकारलाई खोज्ने गर्छ र मौका मिल्नासाथ थाहै नदिई अचानक आफ्ना क्रुर पञ्जाले सिकारमाथि आक्रमण गरी आफ्नो सिकार बनाउँछ त्यसरी नै ठूला र शक्तिशाली राष्ट्रहरूले संसारभरी आँखा डुलाउँदै कमजोर र निर्धो राष्ट्र कुन छ त्यसलाई कसरी आफ्नो अधिनमा पार्ने भनेर हरहमेशा आँखा लागई रहन्छ र मौका मिल्न साथ यसरी आफ्नो कब्जामा पार्छ कि त्यो राष्ट्र कुनै पनि हालतमा उम्कन सक्दैन र सधैं ठूला राष्ट्रकै अधिनता स्विकार गर्न वाध्य हुन्छ । यसै भावलाई व्यक्त गर्दै कवि लेख्छन् -

हैकम निर्दयी चील सधै सिकारी मुडमा
जब स्वार्थ पुरा हुन्छ तब फर्किन्छ गुणमा

मिलेको लग्न गाँठोमा हेर्दैन क्रुर दृष्टिमा
उडी संसार नै घुम्न खोज्छ साम्राज्य विश्वमा

('**चील**' पृ. ६)

माथिको श्लोकमा जसरी सिकारी सधैं सिकारको प्रतिक्षाका घुमि रहन्छ त्यसरी नै ठूला राष्ट्रहरू सधैं अरू राष्ट्रहरूमाथि हैकम जमाउन चहान्छन् र सारा विश्वमा साम्राज्य फैलाउन चाहन्छन् भन्ने भाव यस कवितामा रहेको छ । नौ श्लोकमा रचिएको यस कविताको अन्त्यानुप्रास मिलेको छ र कविता अनुष्टुप छन्दमा रहेको छ । यस कवितामा केहि तत्सम् र आगन्तुक शब्द पनि रहेका छन् र कविताको शीर्षक पनि सार्थक रहेको  छ ।

### ४.६.५ 'खुर्सानी' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'खुर्सानी' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित पाँचौ कविता हो । यस कवितामा कविले विभिन्न आकार र जातमा पाइने खुर्सानीलाई सहि तरिकाले प्रयोग गरेमा मानिसलाई स्वाद पनि दिने र औषधि पनि बन्ने कुरा बताएका छन् । खुर्सानी नेपाली समाजको भान्सा घरको निम्ति एक अभिन्न अङ्कका रूपमा रहेको छ । मानिसको खल्लो जिब्रोमा स्वाद भर्ने काम खुर्सानीले गर्दछ, ठीक ठीक मात्रा मिलाएर प्रयोग गरिएमा यसले मानिसको मूखलाई स्वादिलो बनाउँछ तर मात्रा भन्दा बढी भएमा यसले मानिसको शरीरलाई हानी पनि गर्दछ । अनेक रोगको कारण बन्न सक्छ । त्यसैले मानिसहरूले खुर्सानीलाई आफ्नो शरीरलाई हानी होइन फाइदा गर्ने तरिकाले प्रयोग गर्नुपर्दछ । खुर्सानीलाई मानविकरण गरिएको यस कवितामा खुर्सानी आफैले नै आफ्नो गुण र दोषको बारेमा बताउँदै छ । अन्धविश्वासी मानिसहरू आफूलाई कसरी झ्यालमा टाँगेर र आगोमा लगाएर बोक्सी हटाउन खोज्छन् भन्दै खुर्सानी भन्छ-

अन्धविश्वास मान्छेको हटेन अझ त्यो किन
ढोकामा झ्यालमा राख्तछन् सैतानबाट जोगिन
म जले किन आँगोमा किन बोक्सी हटाउन
मिथ्या कुराहरू भित्र म सक्दिन अटाउन

(**चील**, पृ. ११)

यसरी १३ श्लोकमा रहेको यो कविता अन्त्यानुप्रास युक्त छ । खुर्सानीलाई मानविकरण गरेर लेखिएको यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ । तद्भव  शब्दको बाहुल्य भए पनि यस कवितामा पनि केही तत्सम् शब्द रहेका छन् । कविताको विषयवस्तु र भाव अनुरूप शीर्षक रहेको हुँदा शीर्षक सार्थक छ र कविता पनि वोधगम्य छ ।

### ४.६.६ 'फूल' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'फूल' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित छैठौं कविता हो । साधारण अर्थमा यस कवितामा प्रकृतिको अनुपम उपहार फूलको सौन्दर्य र त्यसमाथि मानिसको निर्दयताको बारेमा चित्रण गरिएको छ भने अर्को अर्थमा नेपाल एउटा फूलबारी हो । जहाँ हरेका भाषा, धर्म, लिङ्गका मानिसहरू फूलेका छन् । यस फूलबारीका फूलहरू मालाका रूपमा एउटै धागोमा बाँधिएका छन् । यो नेपालरूपी फूलबारी र यसमा भएका फूलरूपी जनता कसैका साझा पेवा होइन त्यसैले यिनीहरू स्वतन्त्रतापूर्वक स्वच्छन्द रूपमा बाँच्न चाहन्छन् र नेपालीहरूले नेपाल रूपी फूलवारीमा स्वतन्त्रता पूर्वक बाँच्न वा फूल्न पाउँनु पर्छ यो नेपालीहरूको अधिकार हो । यस नेपाल फूलबारीलाई टुक्राएर कुरूप बनाउनु हुँदैन भन्ने भाव व्यक्त गर्दै कवि लेख्छन् -

च्यातेर भाग वण्डामा पार्नु के बेस हुन्छ र ?  
देशको नै वाटिका मेरो साझा हो सवको घर  
बारी डिल कुना काप्चा मष्तिष्क मनमन्दिर  
म फुलेको हुनुपर्छ नेपाली सब मञ्जिल

(**चील**, पृ. १३)

यसरी प्रतिकात्मक शीर्षक राखेर यसलाई मानविकरण गरिएको यस कवितामा ९ श्लोक रहेको छ । कविता अन्त्यानुप्रास युक्त र अनुष्टुप छन्दमा रचिएको छ । तत्सम् शब्दको बाहुल्यता रहेको यस कवितामा छिटपुट रूपमा केही आगन्तुक शब्द पनि रहेका छन् । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ र प्रतिकात्मक शीर्षक रहेको यस कविताको शीर्षक सार्थक छ ।

### ४.६.७ 'सहिदको आवाज' कविताको मूलभाव

'सहिदको आवाज' कविता लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित **चील** कवितासङ्ग्रहमा सङ्कलित सातौं कविता हो । सहिदको आवाज शीर्षक रहेको यस कवितामा कविले साच्चिनै सहिदको आवाजलाई उठाएका छन् । गणतन्त्र ल्याउन सहिदले दिन रात नभनि आन्दोलन गरे, आफ्ना परिवारको वास्ता समेत नगरी आफ्नो ज्यान समेत दिए । नयाँ नेपालको आशामा ज्यान दिएका सहिदको बलिदानले नेपाल नयाँ त भयो तर जीर्ण पुरानो घरमा नयाँ रङ पोतिएको जस्तो मात्र भयो । जसमा बाहिर नयाँ रङ त छ तर भित्र जीर्ण भइ सकेको । नयाँ व्यवस्था आएपछि पदमा पुगेकाले सहिदको बलिदान भुलेर मोज मस्तीमा डुब्न थाले भने जनताको लागि न औषधि न त शिक्षा, न घरबार, न त रोजगार पनि केही भएन त्यसैले अब त्यस्ता नेताहरूलाई खबरदारी गर्दै आवाज उठाउनु पर्दछ भन्ने भाव कविले व्यक्त गरेका छन् । यस कवितामा सहिदले दिएको बलिदानको कदर नगरी सबै दलहरू सहिदको रगतलाई भुलेर आ-आफ्नो स्वार्थ पुरा गर्न लागिरहेका छन् र त्यस्तो मन परी रोक्न जनता उठ्नै पर्ने विचार यस कवितामा आएको छ । नेपालको मुहार फेर्न क्रान्ति गर्नु पर्ने भाव व्यक्त गर्दै कवि लेख्छन् -

खबरदारीले मात्रै पुग्दैन अबका दिन
चेतावनी दिनै पर्छ नमाने पर्छ झम्टिन
मुहार त्यो नयाँ बन्न कठोर छन् कवि क्षण
ठूलो क्रान्ति हुनै पर्छ त्यो नेपाल नयाँ हुन

(**चील**, पृ. १५)

९ श्लोकमा रचिएको यस कवितामा अनुष्टुप छन्दको प्रयोग गरिएको छ । अन्त्यानुप्रास युक्त यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ । केही तत्सम् र आगन्तुक शब्द रहेको् यस कविताको शीर्षक कविताको भाव अनुरूप सार्थक रहेको छ ।

### ४.६.८ 'सडक' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'सडक' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित आठौं कविता हो । सडक कविता देशको माहौललाई व्यङ्ग्य गरी लेखिएको छ । व्यङ्ग्यात्मक पाराले लेखिएको यस कवितामा हरेक मानिसले आफ्नो सानो भन्दा सानो कुरा मनाउनको लागि गर्ने सडक बन्द चक्का जाम हडताल जस्ता कुराको व्यङ्ग्य गरिएको छ । सडक भनेको बाटो हो ।

जसले मानिसलाई गन्तव्यमा पुऱ्याउने गर्छ । सडकलाई नै कुल्चेर मानिस आफ्नो अर्थात् गन्तव्यमा पुग्दछ । अनेकौ दुःख कष्ट सहेर पनि सडकले आफ्नो काम भुल्दैन तर मानिसहरू आफूलाई गन्तव्यमा पुऱ्याउने आधार सडकलाई नै राजनीति गर्ने बाटो बनाउँछन् । अहिलेको अवस्थामा सडक भनेको मानिसको रिस पोख्ने र विरोध जनाउँने ठाउँ भएको छ । मानिसलाई केही कुरा मन परेन लौ बाटो बन्द । दलहरूलाई अर्को दलको कुरा मन परेन लौ सडक जाम । त्यसैले सडक भनेको मानिसलाई गन्तव्यमा पुऱ्याउने आधार होइन न्याय माग्ने अदालत भएको छ र मानिसहरू ठान्छन् सडक बन्द, चक्काजाम गर्दैमा उनीहरूको हरेक माग पुरा हुन्छ । मानिसको यसै प्रवृत्तिलाई व्यङ्ग्य गर्दै कवि लेख्छन्-

सबैथोक म हुँ ठानी चक्काजाम र बन्द छ
नारा जुलुसको लाम यही बारुद गन्ध छ
न्याय निसाफको लागि मलाइनै समाउने
अचुक औषधि हुँ कि लाग्छ दर्द मेटाउने

(**चील**, पृ. १६)

यसरी सानो भन्दा पनि सानो कुरामा सडक बन्द गर्ने नेपालीहरूको प्रवृत्तिलाई व्यङ्ग्य गर्दै लेखिएका यो कविता ८ श्लोकको छ र जम्मा १९५ शब्द रहेको छ । कविता अन्त्यानुप्रास युक्त र अनुष्टुप छन्दमा रचिएको छ । तद्भव र आगन्तुक शब्दको बाहुल्यता रहे पनि केही तत्सम् शब्द पनि रहेका छन् । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कविताको शीर्षक सार्थक छ साथै कविता द्रुवोध्य नभै बोधगम्य छ ।

### ४.६.९ 'माटो' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'माटो' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित नवौं कविता हो । यस कवितामा कविले माटोप्रति सम्मान र आदर व्यक्त गरेका छन् । यो सारा सृष्टिको सार भनेको नै माटो हो । यस जगतमा जति पनि सृष्टि भएका छन् ति सबै माटोबाटै बनेका छन् । यही माटोको कारण संसारका सबै प्राणीको जीवन छ । यदि माटो नै हुँदैन भने यो संसार नै रहँदैन भन्ने भाव यस कवितामा रहेको छ । माटोमा सबै थोक पाइन्छ । मान्छेले पौरख मात्र गर्न सक्नु पर्दछ साथै माटोले साना जीवदेखि ठूला प्राणीसम्म सबैलाई आफूमा आश्रय दिए

जस्तै मानिसले पनि अरूका लागि केही गर्न सक्नुपर्दछ भन्ने भाव कविले यस कवितामा व्यक्त गरेका छन् ।

छ श्लोकमा रचिएको यस कवितामा जम्मा १९० शब्द रहेका छन् । कविता अन्त्यानुप्रास युक्त र अनुष्टुप छन्दमा रहेको छ । माटोप्रतिको आदर भाव र माटोको महत्त्व देखाइएको यस कविताको शीर्षक माटो सार्थक छ ।

### ४.६.१० 'मेरो गाउँ' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'मेरो गाउँ' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित दसौं कविता हो । यस कवितामा कविले आफ्नो जन्म थलो आफ्नो गाउँ थोर्गालाई सम्झेर त्यसको महिमा गाएका छन् । आफ्नो सुन्दर गाउँ प्राकृतिक सम्पदाले भरिपूर्ण छ । गाउँमा कुनै बनावटिपन छैन भन्दै कवि आफ्नो गाउँका बारेमा लेख्छन् -

उन्माद छैन गाउँमा न हर्ष न त स्वांग छ
अफवाह त्यहाँ छैन नौलो अगम स्वाद छ
वनिता तुल्य त्यो गाउँ प्रिय लाग्छ सधैंभरी
अमानत बनेको छ यो मेरो जिन्दगी भरी

(**चील**, पृ. २०)

प्राकृतिक सुन्दरताले भरिएको आफ्नो जन्म थलोमा कुनै वनावटिपन छैन त्यहाँका मानिसहरूमा आत्मिय माया छ कुनै स्वार्थ छैन । थोर्गा एउटा पहाडी गाउँ भए पनि त्यहाँ यातायात छ, त्यहाँ बिजुली बत्ति छ, टेलिफोन छ, टि.भी छ अर्थात् सम्पूर्ण भौतिक सुविधा सम्पन्न छ । मानिसहरू मेहनत गरी आफ्नो जिविका चलाउँछन् । दुःख पर्दा एक अर्कालाई मद्दत गर्दछन् भनेर आफ्नो गाउँलाई सम्झदै कवि आफू आफ्नो जन्म थलोबाट टाढा भए पनि आफ्नो हृदयभरी आफ्नो जन्मथलोलाई सजाएर राखेको कुरा गर्दछन् । ११ श्लोकमा लेखिएको यस कवितामा जम्मा ३०० शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप छन्दमा रचिएको छ । कवितामा मृदुलता, हर्ष, वनिता, शुभ्र, सत्संगत, मेधावी जस्ता तत्सम् शब्द र जिन्दगी, दिमाग जस्ता आगन्तुक शब्द रहेका छन् । आफ्नो गाउँको सम्झनामा लेखिएको हुनाले र आफ्नो जन्मथलोको वर्णन गरिएकाले शीर्षक 'मेरो गाउँ' सार्थक छ । तत्सम् शब्दको वाहुल्यता रहे पनि कविता द्रबोध्य नभै बोधगम्य  छ । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रहेको छ ।

### ४.६.११ 'मेरा प्रश्न देशको उत्तर' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'मेरा प्रश्न देशको उत्तर' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित एघारौं कविता हो । मेरो प्रश्न देशको उत्तर राखेर लेखिएको यस कवितामा कविले देशसँग प्रश्न गर्दै जलस्रोत र वन सम्पदामा धनी भएर पनि किन यो देश परालम्बी छ ? भनी सोध्न पुग्छन् किन हामीले हरेक कामका लागि विदेशीको मुख ताक्नु परेको छ ? देशले उत्तर दिने क्रममा यहाँका मानिसहरू नै यस्तै छन् । सधै विदेशी कै मुख ताक्छन् । विदेशी धनको आशामा आफ्नो देशको बजेट लेख्छन् । आफ्नो देशमा रहेको अपार सम्पदाको साँचो विदेशीको हातमा दिन्छन् । सीपमूलक शिक्षा नदिई प्रमाणपत्रमुखी शिक्षा दिन्छन् जसका कारण नेपालका हजारौं युवाशक्ति विदेशिन बाध्य छन् । देशको यस्तो स्थिति देखेर पनि यहाँका शासक वर्ग भने पुरानै आदतमा रहेका छन् मात्र भाषण र नारामा बिजुलि, सिंचाई, शिक्षा, स्वास्थ्य, सञ्चारका कुरा गर्छन । यथार्थमा भने केही पनि गर्न सक्दैनन् । नीति बनाउने योजनाकारका गलत योजनाका कारण नेपाल सधैं पछाडि परेको छ र ऋृणमा चुर्लुम्म डुबेको छ । यस्तो अवस्थामा पनि आशावादी हुँदै देश भन्छ-नेपालमा प्राकृतिक सम्पदाको खानी छ त्यही प्राकृतिक सम्पदाको राम्ररी प्रयोग उपयोग गर्न सकेमा पनि नेपालको मुहार फेरिन्छ । साथै नेपाली जनताले पनि देशको स्थिति बुझेर एक भै देशको उन्नतिमा लाग्नु पर्दछ भन्दै कवि लेख्छन्-

आँटे हुन्छ सबै काम स्वच्छ बुद्धि विवेकले
स्वर्ग बन्दछ नेपाल नेपाली एकता रहे
छाडेर कर्मभूमि यो पुगेर मरुभूमिमा
कसरी काँचुलि फेर्छ देशले जन्म भूमिमा

(**चील**, पृ. २४)

१७ श्लोकमा रचिएको यस कवितामा ४०० शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप छन्दमा रचिएको छ । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कवितामा तद्भव शब्दको बाहुल्यता रहे पनि तत्सम् र आगन्तुक शब्द पनि रहेका छन् देशलाई गरिएको प्रश्न र देशले दिएको उत्तर शैलीमा लेखिएको यस कविताको शीर्षक 'मेरो प्रश्न देशको उत्तर' शीर्षक सार्थक छ साथै कविता लामो भए पनि द्रबोध्य नभै बोधगम्य छ ।

### ४.६.१२ 'आगो' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'आगो' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित बाह्रौँ कविता हो । यस कवितामा कविले आगोका अनेक रूपहरू देखाउन खोजेका छन् । आगो कहिले मन्दिरका दियोमा बलेर शान्त रूपमा हुन्छ कहिले मसानमा दन्केर चिता जलाउँछ । आगोले नै सृष्टि गर्दछ भने आगोले नै विनाश पनि गर्दछ । आगो नै तारहरूमा करेन्टको रूपमा हिड्छ र आगो नै सलाइको सानो बारुदमा रहन्छ आगो नै कहिले न्यायका लागि मसालमा बल्दछ, आगो नै कहिले यन्त्रशालाका रकेटहरूमा जल्दछ, आगो नै कहिले अँध्यारो हटाई उज्यालो छर्न मैन बत्तिमा बल्दछ, पानसमा बल्यो भने आगो साइत बन्दछ, हुरी साथ चल्यो भने आगोले बिध्वसं गर्दछ । यसरी एउटै आगोका अनेकौ रूपहरू देखाउँदै कवि भन्छन् । आगोलाई जानेर बाले सृष्टि गर्दछ नजानेर चलायो भने काल बन्दछ । यसै अर्थलाई व्यक्त गर्दै कवि लेख्छन् -

आगोमै जिन्दगी चल्छ आगोमै जिन्दगी रम्दछ
नौनी खारेर आगोमा बल्ल त्यो घिउँ बन्दछ
आगो बिना हुँदै हुन्न संसार ठप्प पर्दछ
जाने आगो बुझे मित्र नजाने काल बन्दछ

(**चील**, पृ. २६)

९ श्लोकमा रचिएको यस कवितामा जम्मा २२२ शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप छन्दमा रहेको छ । आगोका अनेक रूप देखाइएको यस कविताको शीर्षक आगो सार्थक छ साथै कविता सरल र बोधगम्य छ ।

### ४.६.१३ 'मधेशी मित्रसँग' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'मधेशी मित्रसँग' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित तेह्रौं कविता हो । मधेशी मित्रसँग कवितामा कविले हामी नेपाली हौं । मधेशी र पहाडी होइनौं । मधेश र पहाड दुवै नेपालमा छन् । दुवैलाई एक अर्काको आवश्यकता छ । पहाडका नदीनालाहरू झरेरै तराईका फाँटहरू सिचाइ गर्दछ र पहाडका मानिसहरूका लागि अन्नपात तराईबाटै जान्छ । त्यसैले पहाड र तराई बीच नङ र मासुको सम्बन्ध छ । सारा नेपालीले यस्तो सम्बन्धलाई बुझ्न सकेमा हामी नेपालीलाई कसैले पनि हेप्न सक्दैन साथै नेपालको मुहार पनि फेरिन्छ । नेपालमै रहेका पहाडी र मधेसी दुवै एउटै हुन् दुवैका समस्या, कथा, व्यथा, चुनौति एउटै छन् । यस्तै समस्यालाई देखाउदै कवि लेख्छन्-

सुकुम्बासीहरू त्यहाँ यहाँ जस्तै कति कति
समस्याहरू यस्तै छन् यहाँ ना·ा भोका जति
धौ धौ हुन्छ खरो धान्न मेलपात नगईकन
यहाँ पनि त को बाच्छ मज्दूरी नगरीकन
(**'चील,** पृ. २८)

तराई र पहाड जहाँ बसे पनि हामी नेपाली हौँ र हाम्रो सुख दुख एउटै छ भन्ने भाव बोकेको यो यो कविता १० श्लोकमा रचिएको छ र यस कवितामा कुल २५० शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप् छन्दमा रहेको छ । कवितामा प्रणान्त, अश्रुधारा, अमृत जस्ता तत्सम शब्द, पार्सल बतासा, मजदुरी जस्ता आगन्तुक शब्द पनि रहेका छन् । पहाड र मधेसको बारेमा लेखिएको यस कविताको शीर्षक मधेशी मित्रसँग सार्थकै छ साथै कविता सरल रहेकाले वोधगम्य छ ।

### ४.६.१४ **'नदी'** कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'नदी' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित चौधौँ कविता हो यस कवितामा कविले नदीको महत्त्व बताउन खोजेका छन् । जुनसुकै ठाउँमा जुनसुकै नाउँले बगे पनि नदीको पानी समान हुन्छ । हिमालबाट झरेर पहाडका पत्थर फोरेर तराइका जमिनलाई हराभरा बनाउँदै नदी अन्ततः समुन्द्रमा गई मिल्दछ । यसरी नदी आफ्नो गतिमा निरन्तर बगिरहन्छ यसलाई कसैले छेक्न सक्दैन र जसरी बाटोमा आएका बाधा अड्चनलाई हटाएर नदी अगाडि बढ्छ त्यसरी नै मानिसले पनि आफ्ना मार्गमा आएका बाधाहरू हटाई सधै अगाडि बढ्नुपर्छ । कहिल्यै रोकिनु हुन्न भन्ने भाव यस कवितामा रहेको छ । यस कवितामा कुल १९२ शब्द रहेका छन् । कवितामा शुभ, वाष्प, ताण्डवी, मष्तिष्क जस्ता तत्सम् शब्द रहेका छन् । कवितामा तत्सम शब्दको बाहुल्य रहे पनि कविता सरल भाषामा रचिएकाले द्रुबोध्य नभै बोधगम्य छ साथै नदीको बारेमा लेखिएको कविता हुनाले यस कविताको शीर्षक 'नदी' सार्थक रहेको छ ।

### ४.६.१५ 'मत' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'मत' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित पन्ध्रौँ कविता हो । चुनावको बेला राखिने मतलाई विषयवस्तु बनाएर कविले यस कविताको रचना गरेका छन् । हरेक पाँच पाँच वर्षमा हुने चुनाव यर्थाथमा व्यक्तिको नभै विचारको हुने गर्दछ जसको विचार राम्रो छ उसले मत पाउँछ । जसको विचार राम्रो छैन उसले मत पाउँदैन । जनताहरूलाई कसको विचार राम्रो लाग्यो त भन्ने कुरा हामी मतपेटिकामा खसेका मतबाट नै थाहा पाउँछौं । युद्धले ग्रस्त बनेका देशमा पनि जनताको इच्छा र विचार बोकेको मत नै प्रभावकारी हुन्छ । राम्ररी धाँधलीरहित तरिकाले प्रयोग गरेमा मतले एउटा न्यायाधीशले गरे अनुसारको फैसला गर्छ भन्दै कवि लेख्छन-

मतलाई नमानेमा त्यहाँ वित्यास पर्दछ
बुद्ध भाग्छ त्यहाँबाट युद्धले बास गर्दछ

भूमिका छ निकै ठूलो जिम्मेदार पनि छु म
न्यायाधीश बनी बस्छु त्यो बेला फैसला दिन

(**चील**, पृ. ३२)

प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यो कवित ८ श्लोकमा रहेको छ र यसमा कुल १९० शब्द रहेका छन् । कवितामा तद्भव शब्दको बाहुल्य रहे पनि वृक्ष, इष्टमित्र, बन्धु बान्धव, युद्ध, विलक्षण जस्ता तत्सभ शब्द पनि रहेका छन् । चुनावमा प्रयोग गरिने मतको बारेमा लेखिएको यस कविताको शीर्षक सार्थक छ साथै कविताको भाषाशैली सरल रहेकाले बोधगम्य छ ।

### ४.६.१६ 'रीस' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'रीस' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित सोह्रौँ कविता हो । यस कवितामा कविले रीस र रीसबाट हुने बेफाइदाका बारेमा बताएका छन् । रीस मानिसको शत्रु हो । रीसले कहिल्यै पनि मानिसको भलाइ गर्दैन । संसारका इतिहास पल्टाएर हेर्ने हो भने जति पनि युद्ध र विध्वसं भएका छन् त्यसको मूल जड नै रीस हो । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कवितामा रीसले आफ्नो बारेमा आफै भनेको छ । रीस राम्रो होइन

यसले मानिसको फाइदा होइन वेफाइदा गर्छ । रीसले वेफाइदा गर्छ भन्ने कुरा जान्दाजान्दै पनि मानिसहरू आफ्नो मनको कुना काप्चामा रीसलाई लुकाएर दबाएर राख्छन् र मौका मिल्नासाथ त्यो रीस मानिसको अनुहारमा, विचारमा, बोलीमा, हातमा देखापर्दछ । त्यसैले विनासको मति देखाउने रीसलाई आफ्नो मनबाट फाल्न आग्रह गर्दै कवि लेख्छन्-

बुझेर पनि मानिसले मेरो स्वभावको फल
मन भित्र कुना काप्चा भित्र राखेका छन् सधै भर
त्यागे हुन्छ मलाई त म राम्रो चीज होइन
सारा विनाश मेरै हो म जित हार होइन

(**चील**, पृ. ३३)

७ श्लोकमा रचिएको यस कवितामा कुल १९६ शब्द रहेका छन् । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रहेको छ । अपशब्द, तपस्या, महर्षि, मृत्यु, अंहकार, वचन जस्ता तत्सम् शब्दको वाहुल्यता रहे पनि कविता द्रुवोध्य नभै वोधगम्य छ । रीसले गर्ने वेफाइदा र हानीको बारेमा लेखिएको यस कविताको शीर्षक रीस सार्थक रहेको छ ।

### ४.६.१७ 'वैसाख' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'वैसाख' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित सत्रौँ कविता हो । यस कवितामा कविले वैसाख महिनामा देखिने सुन्दर दृष्यले मन लोभ्याउनु पर्ने हो तर त्यस्तो केही नभएको उल्लेख गरेका छन् । नेपाल राम्रोसँग फूल्न पाएको छैन नेपालमा हुने दलद्वन्द्वले नेपालको सुन्दरता लुटिएको छ । फूलमा चढ्ने रातो रङ्ग पनि आज फुङ्ग उडे जस्तो देखिन्छ, बसन्तमा गाउँनु पर्ने चराहरू पनि आज गाउँदैनन्, तातो हावाको लप्काले सुन्दरता जलेको छ भन्दै कवि लेख्छन्-

लाग्ने हो पालुवा कैले पसी नेपाल आङमा
पल्लवि कसरी बाच्ने यस्तो प्रचण्ड घाममा
घुमे पात बनि पंखा धक्का खाइ समिरको
खै मुना खेल्न पाएको गयो शोभा वसन्तको

(**चील**, पृ. ३५)

८ श्लोकमा लेखिएको यस कवितामा कुल २२४ शब्द रहेका छन् । पल्लवी, प्रचण्ड, स्वप्न, मोह, मञ्जरी जस्ता तत्सम् शब्दको बाहुल्यता रहेकाले कविता केही द्रुवोध्य रहेको छ । नेपालको युद्धकालिन अवस्था बारे लेखिएको र युद्धले नेपालको सुन्दरता खोसिएको बारेमा यस कविताको विषयवस्तु रहेको छ साथै कविताको शीर्षक प्रतिकात्मक रहेकाले शीर्षक सार्थक छ ।

### ४.६.१८ 'नेपाल नौलो हुने' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'नेपाल नौलो हुने' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित अठारौँ कविता हो । यस कवितामा नेपालको अनुहार फेर्न र नेपाल नौलो बनाउन सबै मिलेर लाग्नु पर्छ भन्ने कुरा कविले बताएका छन् । मीठा सपनाहरू देखाएर, नौला आसाहरू बाँडेर, झुटा कुराहरू मात्र गरेर नेपाल नौलो हुने होइन । कुरामा मात्र नेपाललाई नौलो बनाउने होइन कि नेपाल नौलो बनाउन नेपालका प्राकृतिक सम्पदाहरूको उचित मुल्याङ्कन र प्रयोग हुनु पर्दछ भन्दै कवि लेख्छन्-

बाँधौं बाँध कुला र पावर झिकौं पाखा पखेरामा सिचौं
बालौं दिपक झिकेर साँझमा झलझली सारा उज्यालो भरौ
रोपी सीप झिकेर पौरख बाटो नयाँमा हिडौ
खोदौं खानी झिकौ सुनहरू नेपाल नौलो गरौं

(**चील**, पृ. ३८)

यसरी कुरामा मात्र नेपाललाई नौलो बनाउने होइन कि नेपालमा भएका प्राकृतिक सम्पदाहरूमा नेपाली पौरख लगाएर नेपाल नौलो गरौँ भन्ने भाव बोकेको यो कविता १० श्लोकमा रचिएको छ र कवितामा कुल ३२० शब्द रहेका छन् । पुरै कवितासङ्ग्रहमा मात्र यो कविता मात्र शार्दुलविक्रीडित छन्दमा रहेको छ । कवितामा दुनिया जिन्दगी पावर जस्ता आगन्तुक शब्दहरू र सुत्र, संथर, प्रगाढ, नभ, सागर जस्ता तत्सम् शब्दहरू रहेका छन् । कविताको भाषाशैली सरल रहेकोले कविता बोधगम्य छ साथै कविताको शीर्षक कविताको विषयवस्तु अनुरूप रहेकोले शीर्षक सार्थक छ ।

### ४.६.१९ 'राष्ट्रवादी' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'राष्ट्रवादी' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित उन्नाइसौँ कविता हो । यस कवितामा कविले राष्ट्रवादीको भुकुण्डो भिरेर आफ्नो स्वार्थ पुरा गर्ने र आफ्नो मात्र स्वार्थको लागि देशलाई खोक्रो बनाउने स्वार्थी र कपटी नेताहरूको मुकुण्डोभित्रको असली रूप देखाउन खोजेका छन् । दौरा र सुरुवालमा मात्र मान्छे राष्ट्रवादी हुने भए सबैले दौरा सुरवाल नै लगाउँथे होलान तर राष्ट्रिय पोशाक लगाउँदैमा मान्छे राष्ट्रवादी हुने होइन राष्ट्रवादी बन्नका लागि त नेपालका काला पानी र सुस्ता मिचाईमा आवाज उठाउन सक्नुपर्छ भन्दै कवि लेख्छन्-

कालापानी मिचाइमा तराई चुपचाप छ
बलात्कृत भयो सुस्ता तराई गुपचाप छ

राष्ट्रवादी त्यहाँ को छ यो आवाज उठाउने
आमा नेपालको पीडा त्यहाँबाट हटाउने

(**चील**, पृ. ४१)

यसरी बोली र भाषणमा मात्र राष्ट्रवादी बन्ने होइन यथार्थमा राष्ट्रवादी नेपालका साझा समस्या समाधान गर्नु पर्छ भन्ने भाव बोकेको यो कविता १४ श्लोकमा रचिएको छ र कवितामा कुल ३९२ शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप छन्दमा रहेको छ । कवितामा चुइगम, तस्विर, अबज, गोलपोष्ट जस्ता आगन्तुक शब्दहरू, संस्कृति, पिडा, विग्रह, मस्तिस्क जस्ता तत्सम् शब्दहरू पनि रहेका छन् । राष्ट्रवादीको मुकुण्डो भिरेर देशलाई रित्ताउन खोज्ने नेताहरप्रति व्यङ्ग्य गरेर लेखिएको यस कविताको शीर्षक सार्थक छ । कविताको भाषाशैली सरल भएकाले कविता वोधगम्य छ ।

### ४.६.२० 'कस्तो गणतन्त्र' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित यो 'कस्तो गणतन्त्र' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित बीसौँ कविता हो । यस कवितामा कविले गणतन्त्रका नाममा देशलाई नै टुक्राउने यो कस्तो गणतन्त्र हो भनेर प्रश्न गरेका छन् । नेपालका छिमेकी देशहरूमा गणतन्त्र छ तर नाम

मात्रको । त्यस्तै नेपालमा पनि गणतन्त्र नाम मात्रको छ । नारा भाषणमा जनताका लागि भनेर भनिएको गणतन्त्र सामान्त वर्गका लागि भएको छ । देशमा शिक्षा, स्वास्थ्य, सञ्चार, बिजुली, व्यापार, सबैको अवस्था नाजुक छ । आज गणतन्त्रका नाममा देशलाई टुक्राउने कुरा हुँदै छ तर के देशलाई टुक्राएर देश पुरा हुन्छ त भन्दै कवि लेख्छन्-

कस्तो राज्य बन्ने हो ? आकार र प्रकारमा
कस्ता राज्य यहाँ हुन्छन् ? तराई र हिमालमा
केन्द्र भन्ने कहाँ हुन्छ ? त्यो बेला यस देशको
अर्ध पृष्ठ पुरा पृष्ठ कुन भू-भाग हुन्छ त्यो ?

(**चील**, पृ.४६)

यसरी १२ श्लोकमा रचिएको यस कवितामा कुल २८८ शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप छन्दमा रचिएको छ । देशमा गणतन्त्र भएर पनि त्यसको अवस्थाप्रति व्यङ्ग्य गरेर लेखिएको यस कविताको शीर्षक सार्थक छ । कवितामा तद्भव शब्दको वाहुल्यता रहे पनि हिरो, गद्धारी, सङ्गिनी जस्ता आगन्तुक शब्द पनि रहेका छन् । तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको कविता द्रुबोध्य नभई बोधगम्य छ ।

### ४.६.२१ 'सिद्धार्थ साहित्य परिषदप्रति' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'सिद्धार्थ साहित्य परिषद्प्रति' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित एक्काइसौं कविता हो । 'सिद्धार्थ साहित्य परिषद्प्रति' कवितामा कविले यस साहित्यिक संस्थाले भेदभाव छाडेर सबै साहित्यकारहरूलाई समान महत्त्व दिनुपर्छ र एकतामा रहेर सबै मिलिजुलि अगाडि बढ्नुका साथै संस्थालाई पनि अगाडि बढाउनु पर्छ भनेका छन् । हरेक मानिसमा अलग-अलग प्रतिभा हुन्छ । सबैले आ-आफ्नो प्रतिभा देखाउन पाउनु पर्छ । जसरी एउटा फूलबारीमा धेरै रङ र धेरै जातका फूलहरू हुन्छन् जसको कारण फूलबारी शोभायमान देखिन्छ र त्यस फूलाबारीले प्रशंसा पाउँदछ त्यसरी नै अनेक प्रतिभा भएका स्रष्टाहरू माभ्क पनि मेलमिलाप हुनुपर्छ जसले गर्दा साहित्यले फस्टाउने मौका पाउँछ र सिसाप पनि उन्नती र प्रगतिमा लागि अँध्यारो रातमा पनि दियो बन्न सक्छ भन्ने भाव व्यक्त गर्दै कवि लेख्छन्-

सष्ट्राहरू सबै माभ्क हुनुपर्दछ हिमचिम
सृजना सुक्न पाउन्न तब बन्दछ त्यो सिम

सिर्जना दिपा शीखामा सिसाप बन्दियोस चिम
जिन भै छिनमा आओस् स्रष्टाको आँतमा छुन

(**चील,** पृ. ४६)

यसरी ८ श्लोकमा रचिएको यस कवितामा १९२ शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यस कवितामा अनुष्टुप छन्दको प्रयोग गरिएको छ । सिद्धार्थ साहित्य परिषदलाई विषयवस्तु वनाएर लेखिएको हुनाले कविताको शीर्षक सार्थक छ । साथै मधुशाला, माधुरी, भ्रम, पिपीलिका, सिर्जना जस्ता तत्सम् शब्दको वाहुल्यता रहे पनि कविता द्रुवोध्य नभई बोधगम्य छ ।

### ४.६.२२ 'दृष्टान्त कविता' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'दृष्टान्त' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित बाइसौँ कविता हो । यस कवितामा कविता त्यस्तो हुनु पर्दछ जुन लाखौं ताराहरूमा एउटा जून होस् । त्यस्तो मात्र कविता 'दृष्टान्त' कविता बन्दछ, भन्ने भाव रहेको छ । संसारमा हजारौँ रचनाहरू दिनहुँ छापिने गर्छ तर ती सबैको माग बजारमा हुँदैन । त्यसमध्ये एक दुई रचनाको मात्र माग बजारमा हुने गर्दछ जसले गर्दा त्यो कविता दृष्टान्त कविताका रूपमा रहन्छ । कविहरूले पनि अरूको नक्कल नगरी आफ्नो प्रतिभा अनुरूप कविताहरू लेख्नुपर्दछ र त्यसलाई हजारौं ताराका बीच एउटा जून बनाउनु पर्दछ भन्दै कवि लेख्छन्-

आलोपालो गरी चल्ने रीति संसारको बुझ
दिन भाष्करको हुन्छ रात चन्द्रमणि सित
हजारौं कृतिहरू छापिन्छन धेरै माग कुनै किन ?
लाखौं ताराहरू माझ जून टल्केसरी हुन

(**चील**, पृ. ४७)

यसरी यो कविता ७ श्लोकमा रचिएको छ र यस कवितामा जम्मा १९६ शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप छन्दमा रहेको छ । कवितामा भाष्कर, कीर्ति, कटुता, मधु, रश्मि, मिथ्या, सत्य जस्ता तत्सम् शब्द र जवानी, आदत, हिरो, हिरोइन, जस्ता आगन्तुक शब्दहरू रहेका छन् । दृष्टान्त कविता भनेर शीर्षक राखिएता पनि कविताको सम्पूर्ण विषयवस्तु त्यस अनुरूप नभएकाले कविताको शीर्षक नमिल्दो छ ।

### ४.६.२३ 'गैरीखेत' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'गैरीखेत' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित तेइसौँ कविता हो । यस कवितामा कविले गैरीखेतको महत्त्वलाई दर्शाउँदै त्यसलाई बचाउन आग्रह गरेका छन् । गैरीखेतलाई मानविकरण गरेर लेखिएको यस कवितामा खेत आफैले आफ्ना बारेमा भनेको छ । खेतहरूमा पनि अब्बल मानिसले म गैरीखेतमा मानिसहरूको मेहनत र पसिना गरेपछि मात्र त्यसको फलस्वरूप म अन्नपात दिन्छु र सबै ठाउँका मानिसहरूको पेट भराउँछु । मेरो छातीमा हलोगाडेर रमाइलो पूर्वक खेती गरी आफ्ना मेहनतले अन्न उब्जाउने मानिसहरू आज मलाईनै किन भागवण्डा गर्न खाज्दैछन् भन्दै गैरीखेत भन्छ -

म गैरी खेत बोल्दैछु भन्छन् अब्बल छु म त
भागवण्डा गरीखाने होड चल्छ सबै सित
बाब-बराजुले अस्ति मल हालेर खेतमा
पानी पट्याउने हात ज्यूँदै छन् यस देशमा

(**चील**, पृ. ४९)

यसरी खेतलाई मानविकरण गरेर लेखिएको यस कवितामा म अर्थात खेतले नै आफ्नो बारेमा बताएको छ । १४ श्लोकमा रचित यस कवितामा कुल ३९२ शब्द रहेका छन् । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रहेको छ । अन्त्यानुप्रास युक्त यस कविता अनुष्टुप छन्दमा रहेको छ । सरल भाषाशैलीमा रचिएको यो कविता बोधगम्य छ साथै गैरीखेतकै वरिपरि घुमेको विषयवस्तु हुनाले कविताको शीर्षक सार्थक छ ।

### ४.६.२४ 'आकास' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'आकास' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित चौबिसौँ कविता हो । यस कवितामा आकास स्वयंले आफ्नो बारेमा भनेको छ । आकास शुन्यका माझमा निराकार रूपमा रहेको छ । कहिले निलो, कालो, रातो रूपमा देखिने आकासमा रहेका बादलहरू मानिसका सोच अनुसार आकार लिन्छन् । मानिसको शरीरमाथि छतका रूपमा रहेको आकासलाई मानिसले स्पर्श गर्न सक्दैनन् तर पनि मानिसले यसको महत्त्व बुझ्नु पर्छ भन्ने भाव यस कवितामा रहेको छ । प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको यस कवितामा कुल १२० शब्द रहेका छन् र कविता ५ श्लोकमा रचिएको छ । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप छन्दमा

रहेको छ । आकासलाई नै विषयवस्तु बनाएर लेखिएको हुनाले यस कविताको शीर्षक सार्थक छ । साथै सरल भाषाले गर्दा कविता द्रबोध्य नभई बोधगम्य छ ।

### ४.६.२५ 'गर्भमा रहेको शिशु' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'गर्भमा रहेको शिशु' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित पच्चिसौँ कविता हो । गर्भमा रहेको शिशु कविता प्रतिकात्मक कविता हो । गर्भमा रहेको शिशु अर्थात नेपाल आमाको गर्भमा रहेको गणतन्त्र रूपी शिशु जसलाई जन्मनुभन्दा अघिनै तुहाउन धरै प्रयास गरिएका छन् तर जतिसुकै प्रयत्न गरे पनि गणतन्त्र रूपी शिशुको जन्म भएरै छाड्छ भन्ने भाव यस कवितामा रहेको छ । यसै भावलाई व्यक्त गर्दै कवि लेख्छन्-

म को हुँ नाम के होला बुझ्केकै छन् यहाँ सब
जसरी पनि जन्मन्छु नेपाली काखमा अब
रोपेको तिमीले नै हो बीज त्यो मूलमन्त्रको
बुझ्केका छन् सबै मान्छे जन्मिने गणतन्त्र हो

(**चील**, पृ. ५४)

नेपाली जनताले चाहेको गणतन्त्र ल्याउन जनताहरूले धेरै प्रयास गरेपछि मात्र नेपाली आमाको कोखमा गणतन्त्रको बीज रहन गएको हो र नेपाल आमाको गर्भमा गणतन्त्र पलाउन थालेको तर केही स्वार्थी मानिसहरू आफ्ना स्वार्थका लागि गणतन्त्रलाई तुहाउने प्रयास गर्दै छन् तर जतिसुकै प्रयास गरे पनि गणतन्त्रको जन्म भएरै छाड्छ भन्ने भाव यस कवितामा रहेको छ । ६ श्लोकमा रचिएको यस कवितामा कुल १४४ शब्द रहेका छन् । प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको यो कविता अन्त्यानुप्रास युक्त र अनुष्टुप छन्दमा रहेको छ । कविताको शीर्षक प्रतिकात्मक रहे पनि विषयवस्तु अनुरूप शीर्षक सार्थक छ साथै सरल भाषाशैलीले गर्दा कविता बोधगम्य छ ।

### ४.६.२६ 'भ्रष्टाचारी' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'भ्रष्टाचारी' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित छब्बीसौँ कविता हो । यस कवितामा कविले समाजमा रहेका भ्रष्टाचारीलाई चिनेर त्यसलाई

जरैबाट उखेल्नु पर्ने भाव व्यक्त गरेका छन् । भ्रष्टाचार भनेको त्यस्तो नशा हो जुन एकपल्ट लागेपछि छुटाउन गाह्रो हुन्छ । आज अलिकति भोलि अलिकति गर्दै भ्रष्टाचारीको लालच बढ्दै जान्छ जसले गर्दा देश र समाज खोक्रो बन्दै जान्छ । त्यसैले देशलाई भ्रष्टाचारीहरूको हातबाट बचाउन छ भने निडर भै आजैदेखि भ्रष्टाचारीको विरोधमा लेखौं भन्दै कवि लेख्छन्-

लागौं हामी आजैबाट भ्रष्ट धपाउन
नालीबेलीहरू खोज्दै भ्रष्ट त्यो तह लाउन
हाम्रा कलम तिखा छन् धारिला छन भने अब
लेखौं निर्भिक भै आजै उठौं साथी सबै अब

(**चील**, पृ. ५६)

यसरी छ श्लोकमा लेखिएको यस कवितामा कुल १५० शब्द रहेका छन् । अनुष्टुप छन्दमा लेखिएको यस कविता अन्त्यानुप्रास युक्त छ । कवितामा तद्भव शब्दका साथै छटा, तृष्णा, द्रव्य, मेघ जस्ता तत्सम् शब्द पनि रहेका छन् । सरल भाषाशैलीले गर्दा कविता बोधगम्य छ साथै विषयवस्तु अनुरूप रहेकाले कविताको शीर्षक सार्थक रहेको छ ।

### ४.६.२७ 'सामन्त' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'सामन्त' कविता **चील** कवितासङ्गहमा सङ्ग्रहित सत्ताइसौं कविता हो । सामन्त कवितामा कविले सामन्तवादीहरूले गरिबलाई काममा लगाएर उनीहरूको मेहनतलाई आफ्नो महल बनाउन प्रयोग गरेका छन् । गरिबको परिश्रमलाई आफ्नो पैसा बनाएका छन र निर्धा र शासित वर्गमाथि झुटा दयामाया देखाई मीठा चिप्ला कुरा गर्दै शासन गरी रहेका छन् । तिनी सामन्त वर्गका ठूला महल कारखाना छन् । सधै मेहनत गर्ने गरिबको हात रित्ताको रित्तै छ । यस्ता सामन्ती वर्गलाई क्रान्ति गरेरैभए पनि हटाउनु पर्छ भन्ने भाव यस कवितामा रहेको छ । यसै भावलाई व्यक्त गर्दै कवि लेख्छन्-

क्रान्ति आउँछ त्यो बेला दिन रक्तिम बन्दछ
मसाल न्यायको बोल्छ बल्ल सामन्त ढल्दछ
यही कथा व्यथा भित्र नयाँ नेपालको कुरा
पढेर शान्तिको मन्त्र मात्रै हुन्न सबै पुरा

(**चील**, पृ. ५८)

१० श्लोकमा रचिएको यस कवितामा २४० शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप छन्दमा रचिएको छ । कवितामा तद्भव शब्दको बाहुल्यता रहेको छ । सामन्तवादकै विषयवस्तुमा लेखिएको कविता हुनाले 'सामन्त' शीर्षक सार्थक रहेको छ । सरल भाषाशैलीले गर्दा कविता द्रुबोध्य नभई बोधगम्य छ ।

### ४.६.२८ 'जनतन्त्र' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'जनतन्त्र' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रलित अठ्ठाइसौँ कविता हो । **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित यो सबैभन्दा छोटो अथवा सानो कविता हो । जनतन्त्र कवितामा नेपालका जनतालाई राजतन्त्र हटाई जनतन्त्र ल्याउन हतार छ । जनतन्त्र ल्याएपछि पनि यो जनतन्त्र हराउला यसको उचित संरक्षण गर्नु पर्दछ भन्ने भाव रहेको छ । मात्र २ श्लोकमा रचिएको यस कवितामा जम्मा ५५ शब्द रहेका छन् । अनुष्टुप छन्दमा रचिएको यो कविता अन्त्यानुप्रास युक्त छ । कविताको विषयवस्तु अनुरूप शीर्षक सार्थक छ साथै कविता द्रुवोध्य नभई बोधगम्य छ ।

### ४.६.२९ 'मानव अधिकार' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'मानव अधिकार' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रलित उन्तीसौँ कविता हो । यस संसारमा मान्छे जन्मेपछि उसका अनेकौं इच्छा, चाहना, भावनाहरू हुन्छन् । ती आफ्ना मनका इच्छाहरू पुरागर्न मानिस हर सम्भवप्रयास गर्दछ तर एउटा मानिसका इच्छाहरू अर्को मानिसबाट तोडिन्छ । यहाँ मान्छे मान्छेबाटै शोषित र पीडित छ । मानिसले स्वतन्त्र रूपमा आफ्ना इच्छा अनुसार बाँच्न पाउनु पर्दछ । मानिसको स्वतन्त्रता पूर्वक बाँच्ने अधिकार कसैबाट हनन गरिनु हुँदैन भन्ने भाव यस कवितामा रहेको छ । यसै भावनालाई व्यक्त गर्दै कवि लेख्छन् -

मान्छे जन्मिन्छ धर्तीमा अनेकौ भावना लिई
यातना छट्पटी भोग्छ मान्छे बाटै उ ताडिई
आफ्नो उद्देश्यका लागि लाखौं कर्म उ गर्दछ
नवीन सृजना गर्दै बाँच्न पाउनु पर्दछ

(**चील**, पृ. ६०)

५ श्लोकमा रचिएको यस कवितामा १४० शब्द रहेका छन् । अन्तिमको अक्षर समान हुने अन्त्यानुप्रास युक्त कविता रहेको छ । अनुष्टुपछन्दमा रचिएको यस कविताको विषयवस्तु अनुरूप शीर्षक रहेकाले कविताको शीर्षक सार्थक छ । कवितामा तद्भव शब्दको बाहुल्य रहे पनि चेतना, भय, तुच्छ, कर्म, नेत्र, लाल जस्ता तत्सम् शब्द पनि रहेका छन् । कविता सरल भाषाले गर्दा बोधगम्य छ ।

### ४.६.३० 'शक्ति' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'शक्ति' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित तीसौँ कविता हो । यस कवितामा संसारमा हरेक देशमा शक्ति कै खेल छ मात्र त्यसको रूप अलग अलग छ । कुनै देशमा यो शक्ति बारुदका रूपमा देखिन्छ कुनै देशमा यै शक्ति कलमका रूपमा देखिन्छ तर जस्तो रूपमा देखिए पनि शक्तिलाई राम्रो काममा प्रयोग गरे देश उन्नतिमा लाग्दछ भन्ने भाव व्यक्त गरेका छन् । समग्रमा भन्नु पर्दा कलम र तरबारमा दुवैमा शक्ति हुन्छ तर कलम र तरवारको युद्धमा जीत जहिले कलमको हुन्छ भन्ने भाव व्यक्त गर्दै कवि लेख्छन्-

हुन अक्षय दुवै शक्ति लडाई पर्छ आफुमा
एउटा रणभूमिमा अर्को छ मसिदानमा
शक्ति लेखनी हो ठूलो निर्दयी शक्ति बारुद
सधै बारुदले हार्छ अर्को जित्छ मजासित

(**चील**, पृ. ६१)

छ श्लोकमा रचिएको यस कवितामा कुल १४४ शब्द रहेका छन् । अन्त्यानुप्रास युक्त यो कविता अनुष्टुप छन्दमा रहेको छ । कविताको विषयवस्तुशक्ति अर्थात बलकै वरिपरि घुमेकाले कविताको शीर्षक शक्ति सार्थक छ । कवितामा अक्षय, रणभूमि, सृष्टि, ध्वंस, सम्भार जस्ता तत्सम् शब्द पनि रहेका छन् । कविता तृतीय पुरुष दृष्टिविन्दुमा रहेको छ । सरल सरल भाषाशैलीका कारण कविता दुर्बोध्य नभई बोधगम्य छ ।

### ४.६.३१ 'काठमाडौँ र मोफसल' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'काठमाडौं र मोफसल' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित एक्तीसौँ कविता हो । **चील** कवितासङ्ग्रहमा रहेका ९ गद्य कविता मध्ये यो पहिलो गद्य कविता हो । **चील** कवितासङ्ग्रहमै सबैभन्दा लामो कविताको रूपमा रहेको यस कवितामा काठमाडौँ र काठमाडौं बाहिरका साहित्यकारमा गरिने भिन्नतालाई दर्शाइएको छ । साहित्य भनेको साहित्यकारमा हुने प्रतिभाको प्रस्फुटन हो । साहित्यकार जहाँकाभए पनि ऊ भित्रको प्रतिभा राम्रो छ भने उसले राम्रा राम्रा साहित्यको सृजना गर्न सक्छ । तर नेपाली साहित्यमा अहिले एउटा संस्कृति विकाश भएको छ कि काठमाडौँका साहित्यिक संस्थाहरूले राम्रो भनिदिए मात्र त्यो साहित्य राम्रो हुने नत्र जतिसुकै राम्रोभए पनि बाहिरका साहित्यको मोल नै नहुने । नेपालको साहित्य जगतमा यस्तो प्रवृति देखेर दिक्क मान्दै कवि लेख्छन्-

सामन्ती संस्कारको अवशेष लिएर बाचेका
त्यताका मधुपर्क र गरिमाहरू
अहिले पनि उनिहरूकै हालीमुहाली चलेको छ
त्यसभित्र प्रवेश पाउनु राष्ट्रिय हुनु हो
त्यताका लेखक र कविहरूका मनमा
त्यतैको दियो बलेको छ
यताका सोझा र लेखक कविहरूलाई
त्यहाँ पुग्न सतीको श्राप परेको छ ।

(**चील**, पृ. ६४)

यसरी **मधुपर्क** र गरिमामय साहित्य सृजना छापिए मात्र राष्ट्रिय हुने प्रवृतिप्रति कवि व्यङ्ग्य गर्दछन् । के काठमाडौँका प्रज्ञा प्रतिष्ठान र गुरुकुलमा गएर दोसल्ला ओढे मात्र राम्रो साहित्यकारको सम्मान पाइने हो भन्दै कवि यस्तो प्रकृतिलाई हटाउनु पर्छ भन्छन् साथै साहित्यकार कुन स्थानको हो भन्ने आधारमा उसको सृजनाको मुल्याङ्कन गर्ने होइन कि उसको प्रतिभाको आधारमा मुल्याङ्कन हुनु पर्ने मत राख्छन् ।

तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको यो कविता गद्य कविता हो । कवितामा तत्सम्, तद्भव र आगन्तुक शब्द समान रूपमा रहेका छन् । कवितासङ्ग्रहभित्रको सबैभन्दा लामो

कविताभए पनि सरल भाषाशैलीले गर्दा कविता बोधगम्य छ साथै कविताको विषयवस्तु अनुरूपकै शीर्षक रहेकाले शीर्षक सार्थक छ ।

### ४.६.३२ 'भूपेन्द्र' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'भूपेन्द्र' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित बत्तीसौँ कविता हो । कुनै एउटा पात्रको नामलाई लिएर लेखिएको यस कवितामा शिक्षकको अवस्थालाई देखाइएको छ । अरूलाई ज्ञान बाँडेर आफ्नो जीवन जिउँने एउटा शिक्षकले आफ्नो मेहनतको उचित पारिश्रमिक नपाउँदा आफ्नो पेशालाई नै त्यागेको कटु यर्थाथ यस कवितामा व्यक्त भएको छ । यसै भावलाई व्यक्त गर्दै कवि लेख्छन् -

यस्तो लाग्छ परिश्रमको मूल्य नपाएको झोकमा
कसैसँग बिदान मागि भागे होलान् भूपेन्द्र
तानसेनका एक शिक्षक
बोहाको सम्झनामा धेरै वर्ष पहिले

(**चील**, पृ. ६८)

मानिसको नामलाई शीर्षक बनाएर लेखिएको यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रहेको छ । कवितामा टाई, पिन्सन, अपिल जस्ता आगन्तुक शब्दका साथै भावी, विद्धता जस्ता तत्सम् शब्द पनि रहेका छन् । आफ्ना पुराना शिक्षकको सम्झनामा लेखिएको कविता हुनाले कविताको शीर्षक सार्थक छ ।

### ४.६.३३ 'परिवेश' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'परिवेश' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित तेत्तीसौँ कविता हो । यस कवितामा कविले आमाबाबुबाट त्यागिएका सन्तानको स्थिति देखाउन खोजेका छन् । क्षणिक संयोगबाट जन्मिए पनि तिनीहरू वास्तविकता हुन् जसलाई सबैले स्विकार गर्नु पर्दछ । तिनीहरूका पनि आफ्ना चाहानाहरू हुन सक्छन् र उचित परिवेश पाएमा तिनीहरूले हजारौं आमाका आँसु पुछ्न सक्छन् भन्ने भाव यस कवितामा रहेको छ । गद्य शैलीमा लेखिएको यस कवितामा तद्भव शब्दकै बाहुल्य रहे पनि स्रष्टा, द्रष्टा जस्ता तत्सम् शब्द पनि आएका छन्

। सरसर्ती पढ्दा नबुझिने यो कविता द्रुबोध्य छ साथै कविताको विषयवस्तु अनुरूप कविताको शीर्षक पनि मिलेको  छैन ।

### ४.६.३४ 'गोविन्द भण्डारी' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'गोविन्द भण्डारी' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित चौतीसौँ कविता हो । गद्य लयमा लेखिएको यस कवितामा कविले एउटा साहित्यकारलाई दर्शाउन खोजेका छन् । जन्म र मृत्यु भनेको कुरा मान्छेको वंशमा हुने कुरा होइन । मान्छेले यस धर्तीमा जन्म लिएपछि मर्नै पर्छ भन्ने कुरा शास्वतः छ तर साहित्यकार मरेर पनि सधैं यस सृष्टिमा ज्यूँदै रहन्छ भन्ने भाव यस कवितामा रहेको छ । मानिस कहिल्यै नफर्कने गरी विदा लिए पनि उसको सृष्टि अथवा रचनाका कारण साहित्यकार कहित्यै मर्दैन भन्ने भाव व्यक्त गर्दै कवि लेख्छन्-

न बाँच्न चाहेर मान्छे बाँच्न सक्छ
न मृत्यु बोलाएर मान्छे मर्न सक्छ
तर कोही मान्छे नबिउतिए पनि
सृष्टि रहुन्जेल ज्यूँन सक्छ

(**चील**, पृ. ७१)

कवितामा रिमोट कन्ट्रोल, गोष्ठी, अफिस, होटल, रेष्टुँरा जस्ता आगन्तुक शब्दका साथै मित्रता, मष्तिष्क, मधुरता जस्ता तत्सम् शब्द पनि रहेका छन् । कविता सरल भाषाशैलीका कारण वोधगम्य बनेको छ तर कविताको विषयवस्तु अनुरूप शीर्षक नरहेकाले शीर्षक मिलेको छैन ।

### ४.६.३५ 'जे देखेँ' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'जे देखेँ' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित पैतीसौँ कविता हो । जनविद्रोहका वेला लेखिएको यस कवितामा कविले अब देशको मुहार फेरिने भो जतिसुकै गोली, बारुद, र टियर ग्यास छाडे पनि देशको मुहार फेरिएरै छाड्ने भाव व्यक्त गरेका छन् । यसै भावलाई व्यक्त गर्दै कवि लेख्छन्-

हाम्रो ढाड

देशको ढाड

अझ भाँच्ने रहर मेटिएन र ?

के के छ आउ बर्षाउ

बुट र बाँसका लठ्ठीहरू

तर

सुक्दैन मसि

झुक्दैन कलम

(**चील**, पृ. ७३)

यसरी जति सुकै नेपाली जनतालाई दबाउन थर्काउन खोजे पनि जनता डराउने छैनन् र गणतन्त्रकै पक्षमा लागेर आन्दोलन गर्ने छन् जनतन्त्रकै पक्षमा नाराहरू लेख्छन र नेपालमा गणतन्त्र आएरै छाड्नेछ । यसरी 'जे देखेँ' शीर्षक राखेर लेखिएको यस कवितामा कविले आफूले देखेका कुराहरूलाई कवितामा उतारेकाले यस कविताको शीर्षक सार्थक छ । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ । कवितामा टियर ग्याँस, बुट, मोडेल, जस्ता आगन्तुक शब्दहरू रहेका छन् । समग्रमा कविता द्रुवोध्य नभई बोधगम्य  छ ।

### ४.६.३६ 'कलम' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'कलम' कविता **चील** कवितासङ्ग्रहमा सङ्ग्रहित छत्तीसौँ कविता हो । यस कवितामा कविले युद्धका बेला शान्ति कोर्ने कलमको कुनै महत्त्व नरहेको भाव व्यक्त गरेका छन् । युद्धकालमा जतातत‍ै रगतैरगतले छेपिएको थियो, युद्धका विभत्स दृश्यहरू मात्र जतातत‍ै देखिन्थ्यो चुरापोते र सिन्दुर खोसिएका अनुहारहरू देखिन्थ्यो । जसले गर्दा कलममा मसि सुकेको थियो कलम केही लेख्न सक्दैन्थ्यो तर युद्धलाई शान्तिमा बदल्न जतातत‍ै कलमकै आवश्यकता थियो । कलमले मात्र शान्ति लेख्न सक्थ्यो । त्यसैले देश जतिसुकै युद्धमा होमिए पनि अन्तमा शान्ति कोर्न कलमनै चाहिने भाव कविले यस कवितामा व्यक्त गरेका छन् । कलमलाई शान्ति कोर्ने प्रतीकको रूपमा राखिएको यस कविताको शीर्षक प्रतिकात्मक छ । कविता पनि एक पटकको पढाईमा बुझ्न नसकिने हुनाले द्रुवोध्य छ । कवितामा तद्भव र तत्सम् शब्दका साथै,

चेलपार्क, प्रेसर जस्ता आगन्तुक शब्द पनि रहेका छन् । कविता प्रथम पुरुष दृष्टिविन्दुमा रहेको छ ।

### ४.६.३७ 'षणयन्त्र' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित 'षणयन्त्र' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित सैतीसौँ कविता हो । यस कवितामा कविले नेपालमा गणतन्त्र आउनै लागेका बेला केही मानिसहरू राजतन्त्र जन्माउन लागिपरेका छन् । नेपालमा फेरी राजतन्त्र जन्माउने प्रयास गरियो भने नेपाल फेरी युद्धमा होमिनेछ भन्ने भाव व्यक्त गरेका छन् । नेपाल आमाको गर्भमा गणतन्त्रको गर्भधान भएको बेला केही मानिसहरू षणयन्त्र गरी गणतन्त्रलाई तुहाएर राजतन्त्रलाई जन्माउने चेष्टा गरिरहेका छन् । नेपालमा गणतन्त्ररूपी फूल फूल्न लागेका बेला राजतन्त्रको विरुवा रोपेमा नेपालमा शान्ति भागेर युद्ध जाग्ने पक्का छ भन्दै कवि लेख्छन्-

भर्खर एउटा झोलुङ्गो तैयार भएको छ
त्यस भित्र फेरी पनि कालो सर्प झुल्ने भो
गणतन्त्रको फूल नफुल्ने भो

(**चील**, पृ. ७८)

कुल १४० शब्द रहेको यस कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा गर्भाधान शिशु, जस्ता तत्सम् शब्द र लेन्स, डमी जस्ता आगन्तुक शब्द रहेका छन् । गणतन्त्रलाई हटाएर राजतन्त्रलाई व्युँझाउने षणयन्त्र कै विषयवस्तुमा लेखिएकाले कविताको शीर्षक षणयन्त्र सार्थक छ । सरल र सहज भाषाशैलीका कारण कविता द्रुवोध्य नभई बोधगम्य छ ।

### ४.६.३८ 'देशले के मागेको छ ?' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'देशभक्तले के मागेको छ ?' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित अड्तीसौँ कविता हो । यो राजतन्त्रको विरोधमा लेखिएको कविता हो । नेपाली धर्तीले अब राजतन्त्र रोजेको छैन, नेपाली जनताले पनि राजतन्त्र फालेर लोकतन्त्र चाहेका छन् किनकी राजाले प्रजातन्त्रलाई आफ्नो ठान्दैन । त्यसैले लोकतन्त्रलाई आफ्नो नठान्ने राजतन्त्रसँग कुनै

सम्झौता हुने छैन । राजा अब नेपाली जनताका सामु असफल भई सकेका छन् त्यसैले राजा र मँहगो राजतन्त्रलाई सबैले मिलेर हटाउनु पर्छ । यदि राजाले जनताको साथ चाहने हो भने राजा होइन प्रजा बन्नुपर्छ आफ्ना सबै सम्पत्तिहरू देशको नाम गर्नुपर्छ । राजाले यस्तो गर्न चाहेनन भने जनताले राजालाई अदालतमै उभ्याउँनुपर्छ र जनताकै फैसला अनुसार राजालाई जेल पठाउनुपर्छ भन्ने भाव यस कवितामा रहेको छ । यसै भावलाई व्यक्त गर्दै कवि लेख्छन्-

जनताको कठहरामा उभिएर
जनअदालतको फैसला अनुसार
राजा कैदी बनेर जेल तिर हानिनु पर्छ

(**चील**, पृ. ८०)

तृतीय पुरुष दृष्टिविन्दुमा रचिएको यस कवितामा कुल १५५ शब्द छन् । छवि, कपट, चिता, जस्ता केही तत्सम् शब्दहरू रहेको यस कविताको भाषाशैली सरल रहेकाले कविता द्रबोध्य नभई वोधगम्य छ । साथै कविताको विषयवस्तु र भाव अनुरूप यस कविताको शीर्षक सार्थक छ ।

### ४.६.३९ 'घातानन्द' कविताको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'घातानन्द' कविता **चील** कवितासङ्ग्रहमा सङ्कलित उन्चालीसौँ कविता हो । **चील** कवितासङ्ग्रहमा रहेका नौ गद्य कविता मध्ये यो अन्तिम गद्य कविता हो । घातानन्दको अर्थ घात लगाएर बस्ने भन्ने हुन्छ । नेपालमा स्वतन्त्रता आएको बेला केही मानिसहरू ठूला ओहोदाका आडमा घात लगाएर बसेका छन् । नेपालको शान्ति खल्बल्याउन । कहिले निर्वाचनका नाममा कहिले प्रजातन्त्रका नाममा देशको शान्ति भङ्ग गर्न खोज्ने यस्ता घातानन्ददेखि बच्नुपर्दछ भन्ने भाव यस कवितामा रहेको छ ।

मात्र ६१ शब्दमा रचिएको यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कवितामा पियन, मेयर, बेवकुफ जस्ता आगन्तुक शब्द रहेका छन् । कविताको विषयवस्तु अनुरूप शीर्षक रहेकाले कविताको शीर्षक सार्थक छ तर सजिलै बुझ्न नसकिने हुँदा कविता केही द्रबोध्य रहेको छ ।

### ४.६.४० 'राष्ट्रिय गान' गीतको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'राष्ट्रिय गान' गीत **चील** कवितासङ्ग्रहमा सङ्कलित चालिसौँ रचना हो भने सङ्ग्रहभित्रका चार गीत मध्ये पहिलो गीत हो । यस गीतमा कविले नेपालका हिमाल, पहाड, तराई सबै ठाउँलाई समेटेका छन् । सहिदले आफ्नो रगत दिएर स्वतन्त्र राख्न सफल यस देशमा सबै धर्म, जात, भाषा र संस्कृतिका मानिसहरू समान छन् । कोही आफ्नो कोही पराई भन्ने छैन नेपालीहरूको शिरलाई सधैं उचा राख्ने सगरमाथा र शान्तिका अग्रदुत बुद्ध जन्मेका यस देशमा कसैको कुदृष्टि नपरोस र यो देश सधैं चिरआयु रहोस भन्ने भाव यस गीतमा रहेको छ । लय हालेर गाउँन सकिने यस गीतमा ५० शब्द रहेका छन् । गीतमा तत्सम् र तद्भव शब्दको प्रयोग गरिएको छ ।

### ४.६.४१ 'राष्ट्रिय गीत' गीतको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'राष्ट्रिय गीत' गीत **चील** कवितासङ्ग्रहमा रहेको चार गीतमध्ये दोस्रो गीत हो । यस गीतमा कविले देशप्रतिको आस्था र माया व्यक्त गरेका छन् । नेपालका हिमाल, पहाड, मधेश सबैतिर मुक्तिको ध्वजा फहराई रहेको छ । यहाँ कोही मालिक कोही दासी छैन । नेपालमा सबै धर्म, भाषा, जात, संस्कृतिका मानिसहरू मिलेर बसेका छन् । नेपालीहरूको शिरका रूपमा रहेको सगरमाथा रहेको देशमा सबै नेपालीहरू एक हुन् भन्ने भाव यस गीतमा रहेको छ । संसारलाई शिक्षा दिने बुद्ध जन्मेको देशमा सबैले युद्धको पाठ होइन बुद्धको पाठ सिक्नु पर्छ र आफ्ना भावी सन्ततिहरूलाई पनि सिकाउनु पर्छ भन्ने आग्रह गीतमा कविले गरेका छन् । लय हालेर गाउन सकिने यस गीतमा कुल १२० शब्द रहेका यस गीतको शीर्षक गीतको भाव अनुरूप रहेकाले शीर्षक सार्थक छ । गीतमा चिरायु, युद्ध, प्रजा, दासदासी जस्ता तत्सम् शब्दको प्रयोग गरिएको छ ।

### ४.६.४२ 'तिमी खाउ वा नखाउ हिमाल हेरी रमाऊ' गीतको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'तिमी खाउ वा नखाउ हिमाल हेरी रमाऊ' गीत **चील** कवितासङ्ग्रहमा सङ्कलित बयालिसौँ रचना हो र गीत मध्येको तेस्रो गीत हो । यस गीतमा कविले नेपालीहरू आफूलाई जतिसुकै दुखभए पनि नेपाललाई माया गर्छन भन्ने कुरा बताउन खाजेका छन् । मान्छेका हजारौं सपनाहरू हुन्छन हजारौं इच्छाहरू हुन्छन् । नेपालको अहिलेको

स्थितिले गर्दा ति सपना र इच्छाहरू पुरा हुन सकेका छैनन तर पनि नेपालीहरू आफ्नो देशको प्राकृतिक सुन्दरतामा रमाएका छन् । पहाडका मानिसहरू पनि दिनरात मेहनत गर्छन तर उनीहरूको मेहनतले ती गरिब मानिसहरूको अवस्थामा सुधार भएको छैन तर पनि मानिसहरू खुसी नै छन् । हिमाललाई थाम्न सक्ने पाखुरी भएका नेपालीहरू आफ्ना् दुःख भुलेर नेपाललाई हाँसेर थामिरहेका छन् भन्ने भाव यस गीतमा रहेको छ । १०४ शब्द रहेको यस गीतमा कविले नेपालीहरूको अवस्था र मर्मलाई बताउन खोजेका छन् ।

### ४.६.४३ 'रुख विरुवा रोप भो' गीतको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'रुख विरुवा रोप भो' गीत **चील** कवितासङ्ग्रहमा सङ्कलित त्रिचालीसौं रचना हो र **चील** कवितासङ्ग्रहमा रहेका चार गीतमध्ये अन्तिम गीत हो । यस गीतमा ज्ञवालीले रुख विरुवाको विनाश त्यसबाट हुने हानी र त्यो हानीबाट बच्न वनविनाश गर्न नहुने र वनविनाश भएका ठाउँमा रुख विरुवा रोप्नु पर्ने कुरा बताएका छन् । आज संसार भरका मानिसहरूले जानीनजानी जथाभावी रूपमा वन विनाश गरिरहेका छन् जसको फलस्वरूप समयमा वर्षा भैरहेको छैन गर्मी असाध्यै बढेको छ । समयमा पानी नपर्दा खेत बारीमा पानी लगाउन सकिएको छैन जसले गर्दा अन्न बालीको उत्पादनमा कमी आएको छ । खोलानालाहरू सुक्दै गएका छन् । यसरी वन विनाश र यसबाट हुने बेफाइदालाई बुझ्ेर हराभरा जंगललाई मास्नु हुँदैन । खाली ठाउँमा पनि रुख विरुवा रोप्नु पर्छ भन्दै कविले सबैलाई वन जोगाउनतर्फ प्रेरित गरेका छन् । आजैदेखि वन विनाशप्रति गम्भिर भएर सोच विचार गरिएन भने हाम्रा आउने पुस्ताका लागि हराभरा जंगल, प्राकृतिक सम्पदा भनेका सपना मात्र हुनेछन् भन्दै सबैले आ-आफ्नो तर्फबाट रुख विरुवा जोगाउन तर्फ ध्यान दियौ भने मात्र वन विनाश रोकिन्छ भन्दै कवि लेख्छन्-

धर्ती राम्रो बनाउन रुख विरुवा रोपेर
सास फेर्न अक्सिजन त्यसैबाट छोपेर
आँखा चिम्ली बादलु पहाड माथि ठोक्किदाँ
पानी पर्छ सुनरे साना साना नानी हो
यस्तै कुरा बुझ्ेर रुख विरुवा रोप भो

(**चील**, पृ. ८५)

कुल ११५ शब्दमा रचिएको यस गीतमा वनजंगलको महत्त्व र त्यसको जर्गेनामा जोड दिइएको छ । वनजंगल संरक्षणमा जोड दिएर लेखिएको गीत हुनाले यस गीतको शीर्षक सार्थक छ ।

### ४.६.४४ 'गजल' गजलको मूलभाव

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित 'गजल' **चील** कवितासङ्ग्रहमा सङ्कलित चौवालीसौँ रचना हो र **चील** कवितासङ्ग्रहमा रहेको एक मात्र गजल हो । यस गजलको शीर्षक 'गजल' नै रहेको छ । जम्मा छ लाइनमा रहेको यस गजलमा ज्ञवालीले नेपालमा रहेको सामान्तवादलाई ढालेर नयाँ नेपालको मुहार हेर्ने करोडौं नेपालीहरूको रहर हो भन्ने भाव व्यक्त गरेका छन् । मात्र ३९ शब्दमा रचिएको यस गजलमा देशभक्तिको भावना उजागर भएको छ ।

### ४.६.४५. निष्कर्ष

लक्ष्मीनाथ ज्ञवालीद्वारा रचित यस **चील** कवितासङ्ग्रहको प्रकाशन २०६५ सालमा भएको हो । जम्मा जम्मी ४४ वटा रचना रहेका यस सङ्ग्रहमा ३९ कविता ४ गीत १ गजल रहेका छन् । ३९ वटा कविता मध्ये पनि ३० पद्य कविता र ९ गद्य कविता छन् । ३० पद्य कविता मध्ये पनि २९ वटा कविता अनुष्टुप् छन्दमा र १ कविता शार्दुलविक्रीडित छन्दमा रहेका छन् । राष्ट्रिय भावनाले ओटप्रोत ज्ञवालीका कविताहरूमध्ये कुनै कवितामा गणतन्त्रका लागि गरिएको संघर्ष छ भने कुनै कवितामा शोषित वर्गमाथि घोचपेच र व्यङ्ग्य छ । कुनै कवितामा आफ्नो मातृभूमिप्रति माया र सम्मान व्यक्त भएको छ भने कुनै कवितामा भ्रष्ट नेताहरूप्रति विद्रोह । यसरी लक्ष्मीनाथ ज्ञवालीद्वारा लिखित **चील** कवितासङ्ग्रहले केही हदसम्म नेपाली पाठकको साहित्यिक तिर्सना मेट्ने काम गरेको छ र नेपाली साहित्य भण्डारमा एउटा राम्रो साहित्यिक कृति थपिएको छ ।

# परिच्छेद पाच

# शोधनिष्कर्ष

## ५.१ सारसङ्क्षेप

साहित्यकार लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने सर्न्दभमा यस अघि विभिन्न अध्ययनमा विभाजन गरेर चर्चा गरिसकिएको छ । पहिलो परिच्छेदमा शोध परिचय, प्रयोजन, समस्या, उद्देश्य, औचित्य र महत्त्व, सीमाङ्कन, समीक्षा शोधविधि, रूपरेखा र स्वरूपको सम्बन्धमा अध्ययन चर्चा गरिएको छ। दोस्रो परिच्छेदमा जीवन र व्यक्तित्वको अध्ययन अर्न्तगत पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि, जन्म, जन्मस्थान र नामकरण, बाल्यकाल, शिक्षादीक्षा, बाल्यकालीन नाम र साहित्यिक उपनाम, व्रतबन्ध, विवाह र परिवार, हालको बसोबास, पेसा, आर्थिक अवस्था, स्वभाव र रुची, साहित्यिक प्रेरणा र साहित्यमा प्रवेश, प्रकाशित साहित्यिक कृति, प्रकाशोन्मुख कृति, सम्मान र पुरस्कार, दिनचर्या स्वास्थ्य, भ्रमण, संघसंस्थासँग आबद्ध, ईश्वरप्रति दृष्टिकोण, जीवनप्रतिको धारणा आदि जीवनी पक्षका कुराहरू र तेस्रो परिच्छेदमा व्यक्तित्व तर्फ शारीरिक व्यक्तित्व, अध्यापकीय व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, लेखक व्यक्तित्व, समीक्षक व्यक्तित्व, गीतकार व्यक्तित्व, सम्पादक र पत्रकार व्यक्तित्व गरी व्यक्तित्वका सम्बन्धमा उल्लेख गरिएको छ। चौथो परिच्छेदमा कविता विधाका बारेमा सामान्य परिचय परिभाषा तत्त्व जस्ता कुराको सामान्य अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ । साथै ज्ञवालीका तीन कविता सङ्ग्रहमा रहेका कविताहरूको मूलभाव प्रस्तुत गरिएको छ । अन्तमा पाँचौ परिच्छेदमा सारसङ्क्षेप सहित साहित्यकार लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनबाट प्राप्त समग्र र निष्कर्षलाई प्रस्तुत गर्ने काम भएको छ।

## ५.२ शोधनिष्कर्ष

लक्ष्मीनाथ ज्ञवालीको जन्म २०१५ साल चैत २८ गते विहीबारका दिन लुम्बिनी अञ्चल गुल्मी जिल्ला थानपति गा.वि.स. वार्ड नं.५ थोर्गामा भएको हो । यिनी आफ्ना पिता यदुनाथ ज्ञवाली र माता बाबा ज्ञवालीका सन्तानमा पनि पाचौँ र छोराहरूमा पनि पाचौँ अर्थात् राहिँला छोरा हुन् । लक्ष्मीनाथ ज्ञवालीका पिता यदुनाथ ज्ञवाली शिक्षाप्रेमी र पढ्नुपर्छ भन्ने विचारका

व्यक्ति भएकाले र स्वयं आफू पनि शिक्षक भएकाले आफ्ना सन्तानलाई पढाइमा प्रेरित गरिरहन्थे । प्राथमिक शिक्षा रिडी र थोर्गामै पुरा गरेका ज्ञवालीले माध्यमिक शिक्षा नेपाल युवक माध्यमिक विद्यालय, काठमाडौँबाट सम्पन्न गरेको देखिन्छ । ज्ञवालीले २०३२ सालमा एस.एल.सी. तृतीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । यसपछि यिनले जागिर र पढाइलाई सँगै लैजाँदै अर्थशास्त्र विषय लिएर प्राइभेट विद्यार्थीको रूपमा त्रि.वि.वि.बाट २०३८ सालमा प्रमाणपत्र तह उत्तीर्ण गरे । त्यसपछि २०४२ सालमा भैरहवा बहुमुखी क्याम्पसबाट नियमित छात्रको रूपमा अर्थशास्त्र र नेपाली विषय लिएर स्नातक तह उत्तीर्ण गरे । त्यसपछि धेरै समयको अन्तरालमा वि.सं.२०५९ सालमा त्रि.वि.वि.बाट समाजशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरे । पेसा र परिवार सम्बन्धि विभिन्न समस्याले गर्दा आफ्नो अध्ययनलाई पुरा गर्ने इच्छा यिनले ढिलै भए पनि पुरा गरेबाट यिनको पढाईप्रतिको मोह स्पष्ट हुन्छ । लक्ष्मीनाथ ज्ञवालीको विवाह २०४२ साल जेठमा पाल्पा जिल्लाको पोखराथोक गा.वि.स. निवासी गुरूप्रसाद पहारीकी एक मात्र छोरी शारदा पहारीसँग भएको हो । ज्ञवालीका एक छोरा र एक छोरी छन् । जागिर र लेखनलाई एकैसाथ अगाडि बढाएका ज्ञवालीलाई सफल गृहिणीको भूमिका निभाएर पत्नी शारदा ज्ञवालीले सिर्जना र कर्म क्षेत्रमा अगाडि बढ्न सधैं प्रेरित गरेको पाइन्छ । तसर्थ लक्ष्मीनाथ ज्ञवालीको वैवाहिक जीवन सुखमय र सन्तोषमय रहेको देखिन्छ । सानैदेखि साहित्यमा रुची भएका र छिटपुट रूपमा कविता कोर्ने ज्ञवालीलाई साहित्यमा लाग्ने प्रेरणा आफ्ना ठूला दाजु फणिन्द्रनाथ ज्ञवालीबाट मिलेको हो । यिनले ८/९ वर्षको उमेरमा बालकको प्रतिभा कविता लेखेका थिए जुन कविता पुरस्कृत पनि भएको थियो । यिनको पहिलो प्रकाशित कविता भने **दियालो** पत्रिकामा प्रकाशित २०२८ सालको 'नजाउ विदेश' हो । यसरी लक्ष्मीनाथ ज्ञवालीले २०२८ सालदेखि औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका हुन् । यसपछि यिनले विभिन्न पत्रपत्रिकामा फुटकर कविता कथा, समालोचना, समीक्षा लेख्न थाले । त्यसपछि ज्ञवालीले **समय आफै बोल्छ, लोकतन्त्रका कविताहरू, चील** गरी तीन कवितासङ्ग्रह पनि प्रकाशित गरेका छन् । ज्ञवालीको **गणतन्त्रका लागि समकालीन लेखहरूको संगालो** नामक लेखसङ्ग्रह पनि प्रकाशित छ । आफूले निरन्तर कर्म गर्दै जानुपर्छ तर फलको आसा गर्नुहुदैन भन्ने धारणा रहेका ज्ञवाली विभिन्न सङ्घ संस्थासँग आवद्ध रहेका देखिन्छन् । सिद्धार्थ साहित्य परिषद्, प्रगतिशील साहित्यिक समाज, सृजनशील साहित्यिक समाज, नेपाल रेडक्रस सोसाइटी गैर सरकारी सामाजिक संस्था समन्वय समिति, गैरसरकारी संस्था महासङ्घ, नागरिक समाज विकास परिषद्, भ्रष्टाचार विरुद्ध नागरिक अनुगमन सञ्जाल, ग्रामीण विकास स्वावलम्बन केन्द्र, वातावरण बचाउ आन्दोलन, माण्डव्य सेवा समाज, भ्रष्टाचार विरुद्ध

स्थानीय समिति, **दैनिक निर्णय**, **वाणी**, **हाम्रो ज्योति**, **जनता साप्ताहिक**, **माण्डव्य स्मारिक**, **जनमञ्च साप्ताहिक**, **बुटवल टुडे**, नेपाल भारत पत्रकार मैत्रीसङ्घ जस्ता सङ्घसंस्था र पत्रपत्रिकामा यिनले विभिन्न पदमा रहेर काम गरेका छन् । मानिसको जीवन भनेको आफ्नो लागि मात्र नभई अरूका लागि पनि हो त्यसैले मानिसले आफूमा भएको क्षमता आफ्नो लागि मात्र प्रयोग नगरेर अरूको हितका लागि पनि गर्नुपर्छ भन्ने धारणा रहेका ज्ञवालीका कवितामा अन्याय, असमानता, अनैतिकताप्रति विद्रोह प्रकट गरिएको छ । दमित वर्गप्रतिको पक्षधरता यिनका कवितामा पाइने मुख्य विशेषता हो । लक्ष्मीनाथ ज्ञवालीका प्रायः कवितामा नेपालको द्वन्द्वकालीन अवस्थाको यथार्थ चित्रण छ । द्वन्द्वकालीन अवस्थामा नेपालको राजनैतिक र सामाजिक अवस्था र स्थिति कस्तो थियो र त्यसबाट मुक्ति पाउन नेपालीहरूले ज्यानको बाजी लगाउँदै कति सङ्घर्ष गरे भन्ने कुरा ज्ञवालीले आफ्ना कविताहरूमा व्यक्त गरेका छन् । ज्ञवालीको पहिलो कवितासङ्ग्रह **समय आफै बोल्छ** मा विषयगत विविधता पाइन्छ । यस कवितासङ्ग्रहमा जम्मा १९ वटा कविता  छन् । **समय आफैं बोल्छ** कवितासङ्ग्रहमा रहेका उनका कुनै कवितामा राष्ट्रियता र राष्ट्रप्रतिको आदर छ, कुनै कवितामा आफ्ना चाडपर्व र संस्कृतिप्रतिको सम्मान र ती संस्कृतिले ल्याएको विकृतिप्रति विरोध छ । कुनै कवितामा आफ्ना अग्रज साहित्यकारप्रतिको सम्मान छ, कुनै कवितामा युद्ध र त्यसले ल्याउने अभावको चित्रण  छ । यसरी विषयगत विविधतामा कविता लेखेपछि **समय आफै बोल्छ** कवितासङ्ग्रहका सबै कविताहरू अनुष्टुप् छन्दमा रहेका छन् । ज्ञवालीको समय आफै बोल्छ कवितासङ्ग्रहमा राष्ट्रियता संस्कृतिप्रति सम्मान, गरिब दुःखीप्रति दयनिय भावना र प्रजातन्त्रको पक्षधरता जस्ता विशेषता पाइन्छ ।

त्यस्तै जनयुद्धका बेला लेखिएको ज्ञवालीको दोस्रो कवितासङ्ग्रह **लोकतन्त्रका कविता १** जुन ज्ञवाली र ऋतुराजको संयुक्त कवितासङ्ग्रह हो यस कवितासङ्ग्रहमा ज्ञवाली खण्डका ९ कवितामा नेपालीको तत्कालीन युद्धले ग्रस्त स्थिति र त्यस स्थितिबाट आमूल परिवर्तनको चाहना प्रमुख रूपमा उजागर भएको छ । यस कवितासङ्ग्रहका सबै ज्ञवाली खण्डका कविता गद्यमा रचिएको छ र कवितामा लोकतन्त्रप्रतिको चाहना नै व्यक्त भएको छ र यस कवितासङ्ग्रहको मुख्य विशेषता पनि राजतन्त्रको विरोध र लोकतन्त्रको पक्षधरता वा लाकतन्त्रको चाहना नै हो । ज्ञवालीको तेस्रो कवितासङ्ग्रह **चील** कवितासङ्ग्रहमा ४४ वटा रचना रहेका  छन् । जसका कविता ३० पद्य कविता छन् । ९ गद्य कविता छन्, ४ वटा गीत र १ गजल रहेको छ । **चील** कवितासङ्ग्रहमा रहेका कविताहरूमा प्रतिगामी र यथास्थितिवादीहरूप्रति व्यङ्ग्य, जनताको वर्ग

सङ्घर्ष, साम्राज्यवादप्रतिको विरोध, सहिदप्रतिको सम्मान, आफ्नो जन्मथलो र देशप्रतिको सम्मान जस्ता विशेषता पाइन्छ । यस कवितासङ्ग्रहका केही कविताहरूमा जस्तै कागती, चील, वादल, जून कवितमा बिम्ब र प्रतीकको प्रयोग पनि गरेका छन् । कुनै कुनै कविता व्यङ्ग्यात्मक पनि रहेको छ । समग्रमा ज्ञवालीले आफ्ना कविताहरूमार्फत् राष्ट्रप्रति सम्मान सामाजिक परिवर्तनको चाहना, शोषकको विरोध र शोषित वर्गप्रति सहानुभूति प्रकट गरेका छन् ।

समग्रमा भन्नुपर्दा आफ्ना कवितामा समाजको परिवर्तनको चाहना राख्ने र परिवर्तन आफैं हुँदैन त्यसका लागि मन, वचन, र कर्मले वा जीउज्यान दिएर सङ्घर्ष गर्नुपर्दछ भन्ने भाव व्यक्त गर्ने ज्ञवालीका कविता क्रान्तिका भावनाले ओतप्रोत छन् । प्रगतिवादी भावधारामा कविता लेख्ने ज्ञवालीका कवितामा परिष्कृत र माझिएका भाषाशैलीका साथै अभिधा, लक्षणा र व्यञ्जनको राम्रो प्रयोग पाइन्छ । यिनी छन्दवादी कवि हुन् । यिनले आफ्ना दुई कवितासङ्ग्रह **समय आफैं बोल्छ** र **चील** कवितासङ्ग्रका प्रायः कविता अनुष्टुप छन्दमा रचना गरेका छन् । यिनका कतिपय कविता वौद्धिकताले भरिएकाभए पनि सरल भाषामा संरचित भएकाले क्लिष्टता र द्रुवोध्यता पाइँदैन । ज्ञवालीले आफ्ना कवितामा तत्सम् तद्भव र आगन्तुक शब्दको समान प्रयोग गरेका  छन् । साथै देशमा स्वतन्त्रता, स्वाधीनता, समानता, जनअधिकार, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्तिका लागि ज्ञवालीले आफ्ना कलमका मुक्तलयको प्रयोग गरी प्रगतिवादी र गणतन्त्रवादी कविका रूपमा देखिएका छन् । उनको सृजनशील स्रष्टा व्यक्तित्व हालसम्म पनि उत्तिकै उर्वर रहेको देखिन्छ । साहित्यका विविध विधामा संलग्न रहेपनि मुख्य रूपमा कविता विधाबाट साहित्यलाई सम्पन्न तुल्याएका कवि ज्ञवालीको योगदान उल्लेख्य रहेको छ ।

यसरी नेपाली साहित्यको भण्डारमा ज्ञवालीका कवितासङ्ग्रहहरू फूलबारीमा फूलेका अनेक फूलहरू मध्येको एक सुन्दर र सुवासित फूल बन्न पुगेको छ र ज्ञवालीले आफ्ना कविताहरूमार्फत् नेपालको साहित्य भण्डार भर्नमा महत्त्वपूर्ण योगदान दिएका   छन् । साथै ज्ञवालीका कवितासङ्ग्रहले नेपाली साहित्यलाई माया गर्ने नेपाली पाठकहरूको साहित्यिक तिर्सना मेट्ने काम गरेको छ र नेपाली साहित्यिक भण्डारमा केही राम्रा कृतिहरू थपिएका छन् ।

### ५.३ सम्भावित शोधशीर्षकहरू

**चील** कवितासङ्ग्रहको कृतिपरक अध्ययन ।

**समय आफैं बोल्छ** कवितासङ्ग्रहको कृतिपरक अध्ययन ।

**गणतन्त्रका लागि समकालीन लेखहरूको सङ्गालो** लेखसंग्रहको अध्ययन ।

## परिशिष्ट

**(क) शोधनायकसँगको अन्तर्वार्ताको प्रश्नावली**

शोधनायकसँग अन्तर्वार्ता प्रश्नावली शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायकसँग लिइएको अन्तर्वार्ताको प्रश्नावलीको नमूना यसप्रकार रहेको छ :

१ तपाईको पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि, जन्म जन्मस्थान बारे केही जानकारी दिनु हुन्छ कि ?

२ तपाईको बाल्यकालको बारे केही जानकारी दिनुहुन्छ कि ?

३ तपाईको शिक्षारम्भ र उच्चशिक्षाका बारेमा जानकारी दिनुहोस् न ।

४ तपाईको बाल्यकालीन नाम र साहित्यिक उपनाम बारे केही बताउनु हुन्छ कि ?

५ तपाईको व्रतबन्धका बारेमा केही जानकारी दिनुहुन्छ कि ?

६ तपाईको विवाह र पारिवारिक जीवनका बारेमा बताईदिनुहुन्छ कि ?

७ तपाईको पेसाका बारेमा केही जानकारी दिनुहुन्छ कि ?

८ तपाईको आर्थिक स्थितिका बारेमा केही बताईदिनुहुन्छ कि ?

९ तपाईको रुचिका बारेमा केही बताईदिनुहुन्छ कि ?

१० तपाई कहिले र कसरी साहित्यमा प्रवेश गर्नुभयो ?

११ साहित्य लेखनमा लाग्न कसबाट प्रेरणा प्राप्त गर्नुभयो ?

१२ तपाईको दिनचर्याको बारेमा केही जानकारी दिनुहुन्छ कि ?

१३ तपाईले कतैबाट सम्मान तथा पुरस्कार प्राप्त गर्नुभएको छ कि ?

१४ तपाई कुन कुन ठाउँको भ्रमण गर्नुभएको छ ?

१५ तपाई के कस्ता साहित्यिक वा गैरसाहित्यिक संस्थासँग सम्बद्ध हुनुहुन्छ केही जानकारी दिनुहुन्छ कि ?

१६ तपाईलाई ईश्वरप्रति आस्था छ कि छैन ?

१७ जीवन के हो ? जीवनप्रतिको आफ्नो धारणा बताइदिनुहुन्छ कि ?

१८ तपाई आफ्नो जीवनबाट सन्तुष्ट हुनुहुन्छ ?

**(ख) विभिन्न व्यक्तिसँग गरिएको मौखिक कुराकानी र अन्तवार्ता स्रोत विवरण**

शोधकार्यको सिलसिलामा शोधार्थीबाट साहित्यकार लक्ष्मीनाथ ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्रका लागि विभिन्न व्यक्तिसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोतविवरण यसप्रकार रहेको छ ।

- शारदा ज्ञवाली (शोधनायककी श्रीमती )
- यदुनाथ ज्ञवाली (शोधनायकका पिता)
- बाबा ज्ञवाली (शोधनायककी माता)
- लक्ष्मीनाथ ज्ञवाली (शोधनायक)

# सन्दर्भसूची


ओझा, रामनाथ र मधुसुदन गिरी, **शोध, सृजना र संस्कृत काव्य शास्त्र,** काठमाडौँ : न्यू हिरा बुक्स ईन्टरप्राइजेज, २०५८ ।

गिरी, खगेन्द्र, 'पोखराथोकको पुष्पवाटिकाः शब्दका बाछिटा', **बाटिका** वर्ष ६, अङ्क ७, २०६५ ।

गुरुङ, अन्जु, "फणिनारायण सिग्देलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, २०६८, अप्र.।

गैरे, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, कीर्तिपुर : न्यू हिरा बुक्स, २०५९ ।

घिमिरे, लक्ष्मी, "कृष्णदेवी शर्मा (श्रेष्ठ) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवा, २०६७, अप्र.।

ज्ञवाली, मुकुन्दहरि, "साहित्यकार ऋषिराम भुसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवा २०६४, अप्र.।

ज्ञवाली, लक्ष्मीनाथ, 'आगो', **रजस्थल,** वर्ष १०, २०६४ बैसाख,स्याङ्जा : स्याङ्जा साहित्य प्रतिष्ठान, पृ.३७ ।

**____, ___,** 'हावा', **जूनकिरी,** अङ्क ४,  बुटवल : श्री महावीर पुस्तकालय, २०६४, पृ.२७ ।

**____, ___,** 'सहिदको आवाज', **जूनकिरी,** अङ्क ५, बुटवल : श्री महावीर पुस्तकालय, २०६५, पृ.९ ।

**____, ___,** चुडामणि रेग्मी (सम्पा.), 'कपिल लामिछाने व्यक्ति एक व्यक्तित्व अनेक भित्रको कवित्व' **जुही**, २०३७ ।

**____, ___,** 'तिहार २०४६', **सिसास**, अङ्क ३, वर्ष १, २०६३, सिद्धार्थनगर : सिर्जनशील साहित्यिक समाज, पृ.३ ।

**____, ___,** 'माटो', **सोपान,** अङ्क ३, २०६४, कार्तिक, भैरहवा : सिर्जनशील साहित्यिक

समाज, पृ.४७,।

____, ___, **चील,** २०६५, बुटवल :शारदा ज्ञवाली ।

____, ___, गङ्गानाथ कोइराला (सम्पा.), 'अस्तित्व' **वाटिका** वर्ष ७, अङ्क ९, २०६७, पृ. ५१ ।

____, ___, 'स्वतन्त्रता', **रुरु किरण** वर्ष १, पृ. १८, २०३८, रिडी : रुरु फ्रेण्ड्स क्लब ।

____, ___, 'जनघोषको प्रवेशाङ्कमा मेरो विहङ्गम दृष्टि' **जनघोष** वर्ष १, अङ्क २, २०६४, बुटवल : जनघोष मासिक प्रकाशन परिवार, पृ.९५-९६ ।

ज्ञवाली, लक्ष्मीनाथ, र ऋतुराज, **लोकतन्त्रका कविता-१,** २०६३, सिद्धार्थनगर : शारदा ज्ञवाली/माधवी पोखरेल ।

____, ___, **समय आफैं बोल्छ,** २०६०, सिद्धार्थनगर : शारदा ज्ञवाली ।

____, ___, 'मधेशी मित्रसँग', **कान्तिपुर,** २०६३ माघ ८ ।

____, ___, 'गैरीखेत', **माण्डव्य,** २०६४ माघ ८ ।

____, ___, 'नेपालमा जनसंख्या समस्या र समाधान', **दैनिक सिद्धार्थ**, २०४२ कार्तिक ३, पृ. ३ ।

____, ___, **गणतन्त्रका लागि समकालीन लेखहरूको सङ्गालो**, २०६३, सिद्धार्थनगर : शारदा ज्ञवाली ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद ढकाल (सम्पा.), **नेपाली काव्य र कविता,** काठमाठौँ : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, २०६४ ।

देवकोटा, लक्ष्मीप्रसाद, **शाकुन्तल महाकाव्य,** भूमिका, काठमाडौँ : ने.भा.प्र.स. २००२ ।

पराजुली, मुरारिप्रसाद, 'रुपन्देही जिल्लाको साहित्यिक गतिविधि', **सुस्केरा,** वर्ष १८, अङ्क ४३, २०४४ बैसाख, सिद्धार्थनगर : रामचन्द्र भट्टराई, पृ.१२-२४ ।

____, ___, 'तुलनात्मक अनुभूतिमा, भैरहवा बुटवलका साहित्यिक अनुष्ठान', **बुटवल टुडे,** २०६४ माघ २२, पृ.३ ।

पोखरेल, बालकृष्ण (सम्पा), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : ने.रा.प्र.प. २०६० ।

भट्टराई, कुसुम, 'विसङ्गति विरुद्ध सुमेरुको साहित्यिक क्षेप्यास्त्र', **जनदिशा,** वर्ष ८, अङ्क ३, २०६५, कार्तिक २३, शनिवार, पृ.५ ।

भट्टराई, रामचन्द्र, **चील,** भूमिका, सिद्धार्थनगर : शारदा ज्ञवाली, २०६५ ।

भट्टराई, डिल्लीराज, '७६ औं सिद्धार्थ साहित्य सङ्गम र समकालीन लेखहरूको सङ्गालो : सङ्क्षिप्त विवेचना', **सोपान,** अङ्क ३, २०६४, कार्तिक, सिद्धार्थनगर : सिर्जनशील साहित्यिक समाज, पृ.३३-३७ ।

लामिछाने, कपिल, 'तीतामीठा क्षणहरू', **क्षितिज,** अङ्क ६, सिद्धार्थनगर : भैरहवा बहुमुखी क्याम्पस, २०५०, पृ.८७-८८ ।